# अध्याय एक
# शोधको परिचय

## १.१ शोध परिचय

साधारण भाषामा भन्ने हो भने सङ्ग्रहालय कुनै पनि राष्ट्रको ऐतिहासिक सम्पन्नताको प्रतिक हो र संस्कृतिको आत्मा हो । व्यक्तिगत अभिरूचि अथवा संस्थागत उद्देश्यको आधारमा दुर्लभ, मूल्यवान र ऐतिहासिक, पुरातात्त्विक एवम् सांस्कृतिक दृष्टिकोणले महत्त्व राख्ने, विगत मानव समुदायद्वारा निर्मित कला, वास्तुकला उपकरण तथा प्रविधिहरूको संकलन, सङ्ग्रह र संरक्षण गरी पूर्णतया वैज्ञानिक र व्यवस्थित ढङ्गले प्रदर्शन गरिने भवन नै सङ्ग्राहलय हो ।

सङ्ग्रहालयमा सङ्ग्रहित साँस्कृतिक दृश्यावली अथवा जीवनपद्धति जुन मूर्त अथवा अमूर्त  कला र सृजनाद्वारा अभिव्यक्त हुन्छ, को विधिसम्मत ढङ्गले अध्ययन एवम् अनुसन्धान गरिने भएकोले सामाजिक संकायका अन्य शास्त्रहरू जस्तै सङ्ग्रहालय पनि एउटा महत्त्वपूर्ण शास्त्रको रूपमा विकसित भएको देखिन्छ । खास गरी मानवविकासक्रमको सिलसिलामा अतितका मानवले विभिन्न युगहरूमा जीवनयापन गर्ने क्रममा तिनीहरूको जीवनपद्धतीमा देखापरेका परिवर्तनहरूको अध्ययन एवम् अनुसन्धान सङ्ग्रहालयमा सग्रहित सौन्दर्यपरक कला वास्तुकलाका वस्तुहरूको आधारबाट गर्न सकिन्छ । त्यसै हुनाले सङ्ग्रहालयलाई समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन केन्द्रको रूपमा स्वीकार गरिएको पाइन्छ । अतएव यो पनि भन्न सकिन्छ कि सङ्ग्रहालय राजामाहाराजहरूले प्रयोग गरेका वस्तुहरूमात्र सङ्कलन गरिने एउटा भण्डारकक्ष मात्र नभएर सम्पूर्ण मानवसभ्यताको इतिहासको अध्ययनको लागि एउटा अनौपचारिक खुल्ला विद्यालय हो ।

नेपालमा भने प्राचीन वस्तुहरूको सङ्ग्रह गर्ने प्रामाणिक एवम् प्राचीन इतिहासको स्पष्ट आधार नपाइएतापनि लिच्छविकाल देखि भने सङ्ग्राहलयको अवधारणाको स्पष्ट संकेत लिच्छविकालीन अभिलेखहरूमा पाइन्छ । मल्लकालमा आएर भने प्राचीन वस्तुहरूको सङ्कलनको साथै प्राचीन दरबार, मन्दिर एवम् विहारहरूको संरक्षण र सम्बर्द्धनको लागि व्यक्ति, समुदायको साथै राजमहाराजहरूबाट गुठीको व्यवस्था गरेको तथ्यलाई अभिलेख एवम् साहित्यिक ग्रन्थहरूको आधारबाट प्रमाणित गर्न सकिन्छ । यद्यपि शाहकालमा आएर भने सङ्ग्रहालयको अवधारणाको विजारोपण भएको देखिन्छ । भीमसेन थापाद्वारा स्थापना

गरिएको सिलखानालाई नेपालको पहिलो ऐतिहासिक सङ्ग्रहालयको रूपमा लिइन्छ जसलाई वि. सं. १९८५ तिर आधुनिक सङग्रहालयको रूपमा परिवर्तन गरी सर्वसाधारणको लागि खुल्ला गरिएको इतिहास छ ।

वि. सं. २००७ सालको जनआन्दोलन पछि नेपालमा सङ्ग्रहालयको विकासमा व्यापकता आएको देखिन्छ । २०४७ सालको आन्दोलनको उपलब्धीसंगै नेपालीहरूमा आत्मपहिचान र जातीय मतभेदको मुद्धाले पनि सङ्ग्रहालयको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । हालको समयमा देखिएको राजनीतिक परिवर्तन, विश्वव्यापि मानव अधिकारको आवाजले नेपाली जनमानसमा पारेको प्रभाव र जातीय पहिचानको खोजी गर्ने क्रमका साथै प्राज्ञिक छलफलले गर्दा क्षेत्रीय तथा जातीय सङ्ग्रहालयको अवधारणा अस्तित्त्वमा आएको देखिन्छ ।

राष्ट्रिय सङ्ग्रहालय (छाउनी) नेपालकै पुरानो सङग्रहालय भएकोले यसको आफ्नो ऐतिहासिक महत्त्व रहेको छ । तसर्थ नेपालको सम्पूर्ण सङ्ग्रहालयको केन्द्रीय (प्रतिनिधि) सङ्ग्रहालयको रूपमा राष्ट्रिय सङ्ग्रहालयलाई हेर्ने गरिन्छ । सङ्ग्रहालय एउटा साधरण घर वा भवन मात्र नभएर बहुमूल्य तथा दुर्लभ वस्तुहरूको संरक्षणका लागि व्यवस्थितरूपमा निर्माण गरिएको सुरक्षित कला भवन हो । वैज्ञानिक तरिकाले व्यवस्थापन गरिएको सङ्ग्रहालयले आम मानिसलाई आकर्षण गर्नुको साथै अध्ययन एवम् अनुसन्धान गर्नको लागि पनि सहयोग पुऱ्याउँछ । त्यसैले सङ्ग्रहालयमा व्यवस्थापनपक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । यसै मान्यतालाई आधार लिँदै राष्ट्रिय सङ्ग्रहालयको व्यवस्थापनपक्ष वैज्ञानिक र आधिकारिक रहेनरहेको बारेमा अध्ययन गर्नु शोध प्रस्तावनाको सार रहेको छ ।

## १.२ समस्याकथन

राष्ट्रिय सङ्ग्रहालय नेपालकै पुरानो तथा गरिमामय सङ्ग्रहाल भएकोले यसको आफ्नै ऐतिहासिक महत्त्व रहेको छ । तसर्थ नेपालको सम्पूर्ण सङ्ग्रहालयको प्रतिनिधि सङग्रहालयको रूपमा राष्ट्रिय सङ्ग्रहालयलाई हेर्ने गरिन्छ । सङ्ग्रहालय एउटा साधारण भवनमात्र नभएर व्यवस्थित रूपमा निर्माण गरिएको खुल्ला विश्वविद्यालय हो । तसर्थ सङ्ग्रहालयको सञ्चालनमा व्यवस्थापन पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । यसै मान्यतालाई आधार लिँदै राष्ट्रिय सङ्ग्रहालयको व्यवस्थापन पक्षको (वर्तमान) अवस्थालाई अध्यन गर्नु

प्रस्तुत शोधपत्रको समस्याकथनको रूपमा लिइएको छ । जसलाई बुँदागतरूपमा यस प्रकार उल्लेख गरिन्छ ।

- राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कला सङ्ग्रहालय भवनको व्यवस्थापन पक्षको बारेमा हालसम्म वैज्ञानिक रूपले अध्ययन नहुनु ।
- राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कलाशालामा प्रर्दशित कलावस्तुको प्रर्दशनी व्यवस्थापनको सम्बन्धमा अध्ययन र अनुसन्धानमा ध्यान पुऱ्याएको नपाइनु ।
- राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कला सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापनको अध्ययन गरी प्रकाशमा आउन नसक्नु ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधको प्रमुख उद्देश्य भनेको राष्ट्रिय सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापन पक्षको अध्ययन गर्नु रहेको छ । सङ्ग्रहालयको सञ्चालनमा आबद्ध रहेर आएका प्राविधिक, सैद्धान्तिक एवम् कानुनी पक्षहरूको व्यवस्थापनमा देखिएका त्रुटीका कारणहरू पत्तालगाउनु यस अध्ययनको उद्देश्य हो । यसका अतिरिक्त शोधका अन्य प्रमुख उद्देश्यहरू यस प्रकार छन् ।

- राष्ट्रिय सङ्ग्रहालय (छाउनी) जुद्धजातीय कलाशाला भवनमा प्रर्दशित बहुमुल्य वस्तुको वर्तमान पर्दशनी व्यवस्थापन बारेमा अध्ययन गर्नु,
- जुद्धजातीय कलाशालाको प्रर्दशनी व्यवस्थापनमा देखिएका समस्याहरुको समाधानको अध्ययन गर्नु ।
- उक्त समस्याहरुको अध्ययनगरी प्रकाशनमा ल्याउनु ।

## १.४ अध्ययनको महत्त्व

नेपाल साँस्कृतिक विविधताले सम्पन्न राष्ट्र भएकोले नेपाललाई एउटा खुल्ला सङ्ग्रहालयको रूपमा व्यक्त गरिएको पाइन्छ तथापि जुनरूपमा सङ्ग्रहालयको विकास हुनुपर्ने हो, त्यो रूपमा हुन सकेको छैन । यसको साथै सङ्ग्रहालयलाई अनौपचारिक शैक्षिककेन्द्रको रूपमा विकास गरेर यसको गरिमालाई जनमानससम्म पुऱ्याउन सकिएको छैन भने अर्कोतिर सङ्ग्रहालय सम्बन्धी विषयमा केन्द्रित रहेर त्यतिधेरै अनुसन्धानात्मक

कार्य हुन सकेको छैन । यिनै विषयगत पृष्ठभूमिमा केन्द्रित रहेर प्रस्तुत शोधमा अध्ययन गरिएको छ । नेपालमा सङ्ग्रहालयको विकासमा राष्ट्रिय सङ्ग्रहालयको भूमिकाको बारेमा कम अध्ययन गरिएको कारण पनि यस अध्ययनको महत्त्व देखिन्छ । सङ्ग्रहालय सञ्चालनको लागि व्यवस्थापनपक्षको महत्त्वपूर्ण भूमिका रहने भएकाले सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीहरूमाथि प्रकाशपार्नको लागि यस अध्ययनको महत्त्व देखिन्छ ।

आजको समयलाई विश्वव्यापी रूपमा व्यवस्थापनको समय मानिन्छ । सङ्ग्रहालयमा वस्तु सङ्कलन गर्नु एउटा महत्त्वपूर्ण उपलब्धि र जिम्मेवारी हो भने, व्यवस्थापन गर्नु अर्को महत्त्वपूर्ण कार्य हो । मौलिक र वास्तविक तथा दुर्लभ वस्तुहरुको सङ्कलन गर्नु नै सङ्ग्रहालयको आधारभूमि हो । यस्ता आधिकारिक वस्तुलाई सदासदाका लागि जीवित राख्नु सङ्ग्रहालय व्यवस्थापनको मूल उद्देश्य हो । सजावट र संरक्षण, भौतिक पूर्वाधार लगायतका सङ्ग्रहालयको विविध पक्षहरूको अध्ययन गर्न मा शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययन छाउनी स्थित राष्ट्रिय सङ्ग्रहालय अर्न्तगत जुद्धजातीय कलाशाला सङ्ग्रहालय भवनमा प्रदर्शित वस्तुहरूको प्रदर्शनी व्यवस्थापन पक्षमा मात्र केन्द्रित रहने छ । सङ्ग्रहालय व्यवस्थापनको सैद्धान्तिक आधारमा जुद्धजातीय कलाशाला, सङ्ग्रहालयमा प्रदर्शन गरिएका वस्तुहरूको Display, lebeling र exhibition पक्षबाट अध्ययन गरिने छ । यसो गरिएमा एकातिर वस्तुको सुरक्षा तथा सजावटमा फाइदा पुग्छ भने अर्कोतिर सजावट शिल्पिबाट व्यक्त हुने अन्तरिक सौन्दर्यले दर्शकलाई पनि मोहित तुल्याउँछ ।

## १.६ अध्ययन विधि

प्रस्तुत शोधमा सङ्ग्रहालय विज्ञानसँग सम्बन्धित सैद्धान्तिक पक्षहरूको विवेचनाको लागि पुस्तकालय अध्ययन विधिलाई अपनाइएको छ भने शोध शीर्षकसँग सम्बन्धित व्यवहारिक पक्षहरूको अध्ययनकोलागि बढी मात्रामा स्थलगत अध्ययनविधिलाई अपनाएको छ । अनुसन्धान पद्धतीका विविध विधिहरूमध्ये विशेष गरेर प्रश्नावली, अन्तर्वार्ता र अवलोकन विधिलाई अपनाएको छ । सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापन प्रक्रियाबारे बुझ्न सम्बन्धित विज्ञसँग विषयगत चर्चा/परिचर्चा गरिएको छ । यसरी प्रस्तुत शोधकार्यमा प्राथमिक एवम् द्वितिय श्रोतको प्रयोग गरिएकोछ ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनैपनि अनुसन्धानमा सैद्धान्तिक आधार वा पृष्ठभूमिको महत्त्वपूर्ण भूमिका रहन्छ किनभने सैद्धान्तिक मान्यतामा टेकेर नै नयाँ अवधारणाको प्रतिपादन गर्न सकिन्छ । अर्थात कुनै पनि विषयगत सवालबारे अन्य विद्वानहरूको अवधारणा के रहेको छ सो जान्नको लागि पूर्वप्रकाशित कृतीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रस्तुत शोधको सन्दर्भमा राष्ट्रिय सङ्ग्रहालयको विषयमा अध्ययन गरिएका अनुसन्धानमूलक कृती तथा लेखरचनाहरू निकै नै कम प्रकाशित छन् । तसर्थ यस शोधकार्यलाई पुरा गर्नको लागि सङ्ग्रहालयशास्त्रसंग सम्बन्धित केहि पुस्तकहरूको अध्ययन गरिएका छन जुन यस प्रकार छन् ।

क) पशुपतिकुमार, **द्विवेदी, सङ्ग्रहालय र समाज, ई. सं.** १९७५

नेपालमा सङ्ग्रहालय सम्बन्धमा नेपाली भाषामा लेखिएको प्रथम पुस्तक भएकोले सानै आकारमा भएपनि यसको महत्त्व छ । यस पुस्तकमा सङ्ग्रहालय सम्बन्धी संक्षिप्त रूपमा चर्चा गरिए तापनि प्रर्दशनी व्यवस्थापन पक्षको बारेमा चर्चा गरिएको छैन ।

ख) पशुपतिकुमार द्विवेदी, **म्युजियम इन नेपाल, ई. सं.** १९७६

नेपालमा सङ्ग्रहालयसँग सम्बन्धित अंङ्ग्रेजी भाषामा लेखिएको यस पुस्तकमा सङ्ग्रहालय विज्ञानका विविधपक्षहरूमा चर्चा परिचर्चा गरिएको छ । तथापि सङ्ग्रहालयको विविध क्षेत्रको व्यवस्थापन पक्षहरूमा भने निकै नै कम चर्चा गरिएको छ । यसो भएतापनि प्रस्तुत शोध शीर्षकको आंशिक परिपूर्तीको लागि उक्त पुस्तक महत्त्वपूर्ण हुने देखिन्छ ।

ग) आर गणेशन्, **भारतीय सङ्ग्रहालय एवम् जनसम्पर्क, ईं. सं.** २००२

हिन्दी भाषामा लेखिएको यस किताबका १२ वटा अध्यायहरूमा सङ्ग्रहालय मार्फत कसरी जनताहरूसँग सहसम्बन्ध राख्न सकिन्छ भन्ने विषयमा चर्चा गरिएको छ । यद्यपी यस पुस्तकमा सङ्ग्रहालय व्यवस्थापनको विषयमा चर्चा गरिएको छैन ।

घ) शिवस्वरूप सहाय, **सङ्ग्रहालय की और, ई. सं.** १९९२

भारतीय विद्वान डा. शिवस्वरूप सहायद्वारा लिखित प्रस्तुत पुस्तकमा सङ्ग्रहालय सम्बन्धी विभिन्न पक्षहरूमा चर्चा गरिएको छ । प्रस्तुत शोध शीर्षकको यथोचित अध्ययनको लागि उक्त पुस्तक महत्त्वपूर्ण हुने देखिन्छ । विशेषगरी उक्त पुस्तकको २४ औ खण्डमा

सङ्ग्रहालय भवन योजना र प्रशासनिक व्यवस्थाको बारेमा विवेचना गरिएको छ । यसर्थ उक्त पुस्तक प्रस्तुत शोधको लागि महत्त्वपूर्ण हुने देखिन्छ ।

ङ) वीणा पौड्याल, **राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरू वि. सं. २०३५**

राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरू शीर्षकको नेपाली भाषामा लेखिएको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको थियो । प्रस्तुत शोधपत्र राष्ट्रिय सङ्ग्रहालयको प्रथम प्राज्ञिक र अनुसन्धानपरक कृती हो जसमा राष्ट्रिय सङ्ग्रहालयको इतिहास, त्यहाँ सङ्ग्रहित मूर्तिहरूको सम्बन्धमा गहन अध्ययन गरिएको छ । उक्त शोधपत्र गहन र अनुसन्धानात्मक भएकोले यस शोधपत्रको आशिंक आवश्यकता परिपूर्तिको लागि महत्त्वपूर्ण हुने देखिन्छ । यति हुँदा हुँदै पनि यस शोधपत्रमा एउटा सङ्ग्रहालय सञ्चालन गर्दा अपनाउनु पर्ने विविध पक्षहरूको बारेमा भने त्यति चर्चा गरिएको छैन ।

च) शुक्ल, गिरीशचन्द्र र विमलेश कुमार पाण्डेयय, **सङ्ग्रहालय विज्ञान, ईं. सं.** २००२

सङ्ग्रहालय विज्ञान शीर्षकमा गिरीशचन्द्र शुक्ल र विमलेशकुमार पाण्डेययद्वारा लिखित प्रस्तुत पुस्तक यस शोध ग्रन्थको लागि महत्त्वपूर्ण हुने देखिन्छ । ३ वटा खण्ड र २० वटा अध्यायहरूमा विभाजित प्रस्तुत पुस्तकमा सङ्ग्रहालय सम्बन्धित परिभाषा, इतिहासको साथ साथै सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी विभिन्न शीर्षकहरूमा चर्चा गरिएको छ । यस पुस्तकको पहिलो खण्डको अध्याय पाँचमा सङ्ग्रहालयको प्रशासन व्यवस्था, भवन योजना र खासगरी सङ्ग्रहालयको, महत्त्वपूर्ण पक्ष प्रकाश व्यवस्थाको बारेमा चर्चा गरिएको छ ।

छ) साफल्य, अमात्य, **आर्ट एण्ड कल्चर अफ नेपाल,** जनकपुर, निराला पब्लिकेसन, **ई. सं.** १९९१

साफल्य अमात्यद्वारा लिखित प्रस्तुत पुस्तकको तेस्रो अध्यायमा म्यूजियम इन नेपाल शीर्षकमा नेपालमा सङ्ग्रहालयको इतिहास र विकासक्रमको बारेमा चर्चा गरिएको छ । प्रस्तुत शोधको दोस्रो अध्यायको विषयगत पूर्तिको लागि खासगरी नेपालमा सङ्ग्रहालयको विकासक्रमको बारेमा चर्चा गर्दा उक्त पुस्तकको आवश्यकता देखिन्छ ।

ज) देवेन्द्रमान श्रेष्ठ, पाटन **सङ्ग्रहालय एवम् त्यहाँ सङ्ग्रहित कलावस्तुहरू, वि. सं.** २०५२

पाटन सङग्रहालय एवम् त्यहाँ सङग्रहित कला वस्तुहरू शीर्षकको यस शोधपत्र त्रिभूवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको छ । यस

शोधपत्रको चौथो अध्यायमा सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी चर्चा गरिएको छ । खासगरी संरक्षण, सम्बर्द्धन तथा सुरक्षा व्यवस्था, प्रदर्शन, तथा प्रकाश व्यवस्था, कर्मचारी व्यवस्था, सङ्ग्रहालय भवन योजना प्रदर्शित वस्तुहरूको परिचयपाटी जस्ता सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी सैद्धान्तिक विषयमा चर्चा गरिएको छ । यसकारण उक्त शोधपत्रलाई यस शोधकार्यको आंशिक परिपूर्तिको लागि महत्त्वपूर्ण हुने देखिन्छ ।

झ) करूणा नकर्मी **राष्ट्रिय सङ्ग्रहालयका प्रमुख् प्रस्तर वैष्णव मूर्तिहरू, ई. सं.** २०६६

राष्ट्रिय सङ्ग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरू शीर्षकको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको छ । यस शोधपत्रको दोस्रो अध्यायमा नेपालमा सङ्ग्रहालयको विकासक्रम र राष्ट्रिय सङ्ग्रहालयको भूमिका बारे चर्चा गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्नका लागि उक्त शोधपत्र महत्त्वपूर्ण हुने देखिन्छ ।

ञ) ए. पी. सिंह, **कन्जरभेसन एण्ड म्यूजियम टेक्निकस, ई. सं. १९८७**

अङ्ग्रेजी भाषामा लेखिएको प्रस्तुत पुस्तकमा सङ्ग्रहालयमा संरक्षण र सम्बर्द्धनको विषयमा चर्चा गरिएको छ । सङ्ग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा अध्ययन गर्दा उक्त पुस्तकको महत्त्वपूर्ण हुने देखिन्छ । सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरूको कसरी रासायनिक उपचार गर्ने भन्ने विषयमा विशेष चर्चा गरिएको छ । उक्त पुस्तकको पाँचौ अध्यायमा Display Techniques को विषयमा चर्चा गरिएको छ । कसरी वस्तुहरूको प्रदर्शन गर्ने भन्ने बारेमा अध्ययन गर्दा उक्त अध्याय महत्त्वपूर्ण हुने देखिन्छ ।

यसरी माथि उल्लेखित सन्दर्भ सामग्रीहरू बाहेक विभिन्न पत्र पत्रिका तथा जर्नलहरूमा सङ्ग्रहालयसँग सम्बन्धित रहेर प्रकाशन गरिएका लेख-रचनाहरूको पनि संभवभएसम्म प्रयोग गरिएकोछ । यसैगरी सङ्ग्रहालयसंग सम्बन्धित विभिन्न Website हरूमा सम्प्रेषण गरिएका आलेखहरूलाई पनि आवश्यक सन्दर्भ अनुसार उल्लेख गरिएको छ ।

## १.८ अध्याय विभाजन

शोध अनुसन्धानले तवमात्र पूर्णता पाउँछ जब अनुसन्धानबाट प्राप्त तथ्य वा विषयलाई वैज्ञानिक ढङ्गले विश्लेषणका साथ प्रतिवेदन तयार गरिन्छ । अध्ययनबाट प्राप्त

ज्ञान वा सैद्धान्तिक विषयलाई व्यवस्थित रूपले विभिन्न अध्यायमा विभाजन नगर्ने हो भने शोधको कुनै गरिमा रहँदैन । यस शोधग्रन्थमा सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी अध्ययनलाई निम्न बमोजिमका अध्यायमा विभाजन गरि क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

१. अध्याय एक - शोध परिचय र पूर्वसाहित्यको समीक्षा

२. अध्याय दुई - नेपालमा सङ्ग्रहालय विकासको इतिहासमा राष्ट्रिय सङ्ग्रहालयका भूमिका

३. अध्याय तीन - सङ्ग्रहालय व्यवस्थापनको परिचय

४. अध्याय चार - जुद्धजातीय कलाशालाको प्रर्दशनी व्यवस्थापन एक अध्ययन

५. अध्याय पाँच - साराशं, निश्कर्ष र सुझाव

यसरी प्रस्तुत शोधमा पाँचवटा अध्यायहरू रहेका छन् । पहिलो अध्यायमा शोधपरिचय र पूर्व साहित्य समीक्षाको चर्चा गरिएको छ । यसभित्र, अध्ययनको परिचय समस्याकथन, उद्देश्य महत्त्व, पूर्वसाहित्यको समीक्षा, अनुसन्धान पद्धतीलाई राखिएको छ । दोस्रो अध्यायमा सङ्ग्रहालयको अवधारणा, परिभाषा, इतिहासको साथै नेपालमा सङ्ग्रहालयको इतिहास र राष्ट्रिय सङ्ग्रहालयको भूमिकाको विषयमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा सङ्ग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा अध्ययन गरिएको छ । चौथो अध्यायमा छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कलाशाला भवनमा प्रदर्शित वस्तुहरूको प्रदर्शनी व्यवस्थापनको विशलेषणात्मक अध्ययन गरिएको छ । यस अध्यायमा प्रदर्शन र व्यवस्थापन देखिएका समस्या तथा चुनौतिहरूको अध्ययन गरिएको छ । पाँचौ अध्यायमा अध्ययनको साराँश, निश्कर्ष र सुझाव समेत समावेश गरिएको छ ।

## अध्याय दुई

# नेपालमा सङ्ग्रहालय विकासको इतिहासमा राष्ट्रिय सङ्ग्रहालयको भूमिका

## २.१ अवधारणा

आदिमकाल देखि नै प्राग मानवले जीवनयापन गर्ने क्रममा आफूलाई आवश्यक पर्ने खाद्यान्नको साथै अनौठो वस्तुहरू सङ्कलन गर्ने गर्दथ्यो । विभिन्न देशमा गरिएको पुरातात्त्विक उत्खननको क्रममा प्राप्त भएका भण्डारकक्षहरूको अबशेषहरूको आधारबाट पनि यस तथ्यलाई प्रमाणित गरिएको पाइन्छ ।

यद्यपी मानव एक चेतनशील प्राणी भएकाले जंगली अवस्थामै भएपनि आफ्ना अवाश्यकता पूर्ति भएर बाँकिरहेको खाद्यान्न भविष्यको लागि भनेर सुरक्षित गरेर राख्ने गर्दथ्यो । अथवा यो भन्न सकिन्छ कि कुनै पनि वस्तु जो मानवजीवनको लागि महत्त्वपूर्ण हुन्छ, को संङ्ग्रह गरेर राख्ने परम्पराको थालनी प्राचीनकाल देखि नै सुरूवात भएको पाइन्छ । मानवले आफ्नो आदिम अवस्थाका जीवनलाई त्यागेर स्थायी बसोबासको थालनीको सुरूभएपछि अर्थात कृषियुगको थालनी भएपछि सङ्ग्रह गर्ने परम्पारको व्यापक मात्रामा विकास भएको देखिन्छ ।

कृषियुगमा एउटा निश्चित क्षेत्रमा मानव बसोबासको सुरूवात भएपछि नै मानवलाई आवश्यक पर्ने सामग्रीको सङ्कलन गर्नुको साथै सङ्कलित वस्तुलाई एउटा निश्चित स्थानमा सङ्ग्रह गर्ने कार्य प्रारम्भ भयो । जे होस कृषियुगको थालनीसंगै मानवका आवश्यकताहरू पुरा गर्ने क्रममा अर्थात भविष्यको आवश्यकतालाई पुरागर्ने सोचको पृष्ठभूमी भित्र सङ्ग्रहालयको अवधारणा अस्तित्त्वमा आएको मान्न सकिन्छ ।

खासगरी पछिल्लोकाल अर्थात इतिहासकालमा आएर सङ्ग्रहालयको अवधारणाले व्यापकता पाएको देखिन्छ । विभिन्न देशहरूबीच युद्ध हुँदा लुटेर ल्याएको सम्पतिहरूलाई संरक्षण गरेर राख्ने चलन थियो । यस परम्पराले अतित इतिहासको वास्तविकतालाई भविष्यका सन्ततीहरुलाई हस्तान्तरण गर्न सकिन्छ भन्ने सोचको विकास भएको देखिन्छ । यसै सोचको आधारभूमिमा रहेर वस्तुहरूको संकलन, संरक्षण तथा पञ्जीकरणको साथै व्यवस्थित रूपले आफ्ना विशिष्ट पहुचलाई देखाउने अभिरूचि युरोपियन शासकहरूमा रहेको

देखिन्छ । खासगरी युरोपको पुर्नजागरणको कालसंगै सङ्ग्रहालयलाई आधुनिक ढङ्गले व्याख्या र विवेचना गर्ने सोचको थालनी भएको पाइन्छ ।

वस्तुतः मानवको विगत र वर्तमानको इतिहास, संस्कृति र सम्पदाका प्रतिकहरू भावी सन्ततीको जानकारीको लागि संकलन र संरक्षण गर्ने व्यक्तिगत वा संस्थागत अभिष्टको आधारमा सङ्ग्रहालयको अवधारणा अस्तित्त्वमा आएको देखिन्छ ।

## २.२ सङ्ग्रहालयको परिभाषा

साधारणतया सङ्ग्रहालयको आकार प्रकार र प्रकृति अनुसार सङ्ग्रहालयलाई परिभाषित गरिन्छ । समय र परिवेश अनुसार पनि यसको परिभाषामा भिन्नता आउँछ । यसर्थ कुनै पनि वस्तु सङ्ग्रह गरिने भवन वा भण्डारकक्षलाई सङ्ग्रहालयको रूपमा बुझ्ने गरिन्छ । साधारण परिचयको यस कथनले सङ्ग्रहालय शास्त्रको व्यापकतालाई समेटन भने सक्दैन । समयको परिवर्तनसंगै कुनैपनि विषयको अवधारणा वा परिभाषा र त्यसको दार्शनिक मान्यतापनि परिवर्तन हुँदै गएको देखिन्छ । यस प्रसङ्गमा रहेर सङ्ग्रहालयलाई कुनै सामयिक सीमाभित्र रहेर परिभाषा गर्न भने सकिँदैन । भन्न खोजेको सारवस्तु यो हो कि विभिन्न कालखण्डमा विभिन्न विद्वानहरूले सङ्गहालयलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरेको पाइन्छ । सङ्ग्रहालय अङ्ग्रेजी शब्द म्यूजियमको रूपान्तरण हो । अङ्ग्रेजीको यो शब्द ग्रीक वा युनानी भाषाको म्यूस (Muse) बाट बनेको हो । जसको अर्थ ज्ञानकी देवी भन्ने हुन्छ ।[१] यसर्थ ज्ञानको मन्दिर नै सङ्ग्रहालय हो । भनिन्छ पनि सङ्ग्रहालय ज्ञानको यस्तो मन्दिर हो जहाँ शिक्षाको केन्द्र स्थापित छ ।[२] (The Museum is a fountain of knowledge and Temple of learning. A museum is on educational institution and cultural centre too)

इन्साइक्लोपेडिया बृटानिका नामक विश्वकोषमा सङ्ग्रहालयलाई "बौद्धिक छलफल गर्ने स्थान" भनिएको छ । उक्त विश्वकोषले रोमनयुगमा यसलाई दार्शनिक छलफल गर्ने स्थलको रूपमा लिइन्थ्यो भन्ने कुरा समेत उल्लेख गरेको छ ।[३] वास्तवमा सङ्ग्रहालयमा सङ्ग्रहित इतिहास, संस्कृति र सभ्यतालाई प्रतिविम्बित गर्ने कला र सृजनाको दर्शन गरेर आफ्ना पूर्वजको पहिचान गरी तिनीहरूप्रति श्रद्धा व्यक्त गरिन्छ । यसको साथै विगत

---

१ पेशल दाहल र सोमप्रसाद खतिवडा, **पुरातत्वको परिचय,** काडामाडौं : एम. के. पब्लिसर्स, २०६०, पृ. ३३५ ।

२ देवेन्द्रमान श्रेष्ठ, **"पाटन संग्रहालय एवम् त्यहाँ संग्रहित कला वस्तुहरु",** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६२, पृ. २ ।

३ Encyclopaedia Britinica, vol, 15, Benton (USA, 1969) P. 1033.

इतिहास, सभ्यता र संस्कृतिको अध्ययन गरी वर्तमान सभ्यतालाई मार्गदर्शन गर्दै भविष्यको रूपरेखा कोर्नेकाम सङ्ग्रहालयको अध्ययन, दर्शन, अनुसन्धान एवम चिन्तन र मनन बाट गर्न सकिन्छ । यसै हुनाले सङ्ग्रहालयको रूपमा स्वीकार गरिएको पाइन्छ । रोमन साम्राज्यको युग दार्शनिक र चिन्तकहरूको युग भएकाले त्यस समयमा सङ्ग्रहालयलाई दार्शनिक छलफल गर्ने केन्द्रको रूपमा परिभाषित गरेको हुनुपर्छ ।

सङ्ग्रहालय सम्बन्धी अन्तराष्ट्रिय संघठन आइकम (ICOM) ले सङ्ग्रहालय शास्त्रलाई वैज्ञानिक ढङ्गले परिभाषा दिएको छ । उक्त संस्थाले दिएको परिभाषा अनुसार यात्रीको चाख अनुसार विभिन्न वस्तुहरू सङ्कन, संक्षण, प्रदर्शन गरिने स्थल सङ्ग्रहालय हो ।[४] उक्त संस्थाले सङ्ग्रहालयलाई विभिन्न प्रकारका वस्तुहरू सङ्ग्रह संरक्षण र प्रदर्शन गरिने स्थलको रूपमा लिएको छ । हुनपनि सङ्ग्रहालयले पुराना र कलात्मक वस्तुहरू सङ्ग्रह गर्दछ । वस्तुहरू सङ्ग्रह गरेर मात्र हुँदैन, त्यसको विविध कारणले क्षति हुन सक्ने भएकाले त्यस्ता वस्तहरूको संरक्षण गर्न पनि त्यतिकै आवश्यकता पर्दछ । तसर्थ ICOM को उक्त परिभाषाले सङ्ग्रहालयलाई वस्तुको सुरक्षा गर्ने प्रामाणिक भवनको साथै अध्ययन अनुसन्धान र मनोरञ्जनको स्थलको रूपमा अभिव्यक्त गरेको छ ।

यसरी विभिन्न प्राज्ञिक संघसंस्थाहरूले सङ्ग्रहालयलाई जे जसरी परिभाषा दिएतापनि वास्तवमा जुनसुकै प्रकारका वस्तुहरू सङ्ग्रह गर्ने संस्था सङ्ग्रहालय होइन भन्नेमा एकमत रहेको देखिन्छ । अतएव सङ्ग्रहालय सम्बन्धी परिभषाहरूको आधारमा रहेर यो भन्न सकिन्छ कि वस्तुतः व्यक्तिगत अथवा संस्थागत अभिरूचिको आधारमा दुर्लभ मूल्यवान, ऐतिहासिक, भौगोलिक, पुरातात्त्विक एवम् साँस्कृतिक दृष्टिकोणले महत्त्व राख्ने विगतका मानव समुदाय द्वारा निर्मित कला वस्तुकला उपकरण तथा प्रविधिहरूको सङ्कलन र संरक्षण गरी कसरी पूर्णतया वैज्ञानिक र व्यवस्थित ढङ्गले संरक्षण र प्रदर्शन गर्दै भावि पुस्तालाई जोगाएर राख्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्ने शास्त्रलाई सङ्ग्रहालयशास्त्र वा विज्ञानको रूपमा बुझ्न उपयुक्त मानिन्छ । सङ्ग्रहालय सम्बन्धी माथि चर्चा गरिएको परिचयात्मक विश्लेषणले सङ्ग्रहालयशास्त्रलाई समेटन भने नसक्ने देखिन्छ । सङ्ग्रहालयको विकाससंगसँगै सङ्ग्रहालय एउटा शास्त्र वा विज्ञानको रूपमा विकसित भएको देखिन्छ । सङ्ग्रहालयको बढ्दो व्यापकता र यसको गरिमालाई मध्येनजर राख्दै प्रथमपटक युनेस्कोले १९५८ मा सङ्हालयशास्त्रको यसरी परिभाषित गरेको छ । "Museology is the branch of

[४] पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ३१७ ।

Knowledge concerned with the study of of purpose and organization of museums. Museography is the body of techniques related to museology"[५] अर्थात सङ्ग्रहालय शास्त्र ज्ञानको त्यो शाखा हो जुन सङ्ग्रहालयको सङगठन र उद्देश्यको अध्ययनसंग सम्बन्धित हुन्छ । अर्को शब्दमा भन्ने हो भने सङ्ग्रहालयशास्त्र प्रविधिको त्यो अंग हो जुन सङ्ग्रहालयशास्त्रसंग सम्बन्धित हुन्छ । यूनेस्कोको उक्त परिभाषाले सङ्ग्रहालयलाई एउटा महत्त्वपूर्ण शास्त्रको रूपमा परिभाषित गरेको छ । जुन नवसङ्ग्रहालय शास्त्रको आधारभूमिको रूपमा रहेको देखिन्छ ।

कनै पनि राष्ट्रको सम्पन्नताको पहिचानको आधारभूमी नै त्यो राष्ट्रको संस्कृति हो । सङ्ग्रहालय कुनै पनि राष्ट्र वा समाजको शिक्षा, धर्म, दर्शन, सभ्यता, इतिहास र राजनीति लगायत सम्पूर्ण मानवीय पक्षहरूको मापन गर्ने एउटा यस्तो संस्था हो जहाँ अतित इतिहासको मानवीय क्रियालापसंग सम्बन्धित मानव निर्मित सांस्कृतिक दृष्यावली प्रतिविम्वित हुन्छन् । अर्को शब्दमा भन्ने हो भने सङ्ग्रहालय सभ्यताको प्रतिविम्व हो । जुनसुकै राष्ट्रमा पनि उक्त राष्ट्रको पहिचान झल्काउनको लागि सङ्ग्रहालयको स्थापना गरिएको देखिन्छ । यद्यपी सङ्ग्रहालयमा मानवनिर्मित वस्तुहरू मात्र नभएर प्राकृतिक एवम् दुर्लभ वस्तुहरूको संकलन पनि गर्ने गरिन्छ ।

यसरी समयको परिवर्तनका साथ साथै सङ्ग्रहालयले आफ्नो गरिमालाई जनजन सम्म फैलाएको देखिन्छ । सङ्ग्रहालयमा संकलित प्रायः संस्कृति प्रतिविम्बित सामग्रीहरूको गहन अध्ययनबाट धर्म, कला र इतिहास र संस्कृतिको साथसाथ सिंगो मानवइतिहास र सभ्यताको अध्ययन गर्न सकिने एउटा खुल्ला अध्ययन केन्द्रको रूपमा सङ्ग्रहालयलाई स्वीकार गरिएको पाइन्छ । सङ्ग्रहालय एउटा मानविकी संकायसँग मात्र सम्बन्धित नभएर यो त जिवविज्ञानको साथै भौतिक विज्ञान र रसायन विज्ञानसंग पनि सम्बन्धित छ किनभने सङ्ग्रहित वस्तुहरूलाई जीवन्त राख्नको लागि वैज्ञानिक उपचार महत्त्वपूर्ण हुन्छ । यसर्थ सङ्ग्रहालयलाई कोरा मानविकी संकायको रूपमा मात्र नभएर एउटा वैज्ञानिक र व्यवहारिक विज्ञानको रूपमा बुझ्न उपयुक्त हुन्छ ।

## २.३ सङ्ग्रहालयको प्रकार

अनौठा दुर्लभ तथा प्राचीन वस्तुहरू सङ्ग्रहगर्ने मानिसको सौख धेरै पुरानो हो । वास्तवमा पुराना वस्तुहरू संकलन गर्ने व्यक्तिगत अभिरूचिको आधारभूमिबाट नै

[५] गिरीशचन्द्र शुक्ल र विमलेस कुमार पाण्डेय, **संग्रहालय विज्ञान,** दिल्ली : मोतीलाल बानरसीदास, २००२, पृ. ९ ।

सङ्ग्रहालय अस्तित्त्वमा आएको देखिन्छ । यसरी प्राचीन वस्तुहरू सङ्ग्रह गरी सजाएर राख्ने सौख पछि गएर राष्ट्रिय उद्देश्य र महत्त्वको विषय वन्न गएको देखिन्छ । यसरी व्यक्तिगतको साथसाथै संस्थागत रूपमा मात्र नभएर प्राज्ञिक एवम सरकारी तवरबाट पनि वस्तुहरू संकलन गर्ने क्रम बढेर गयो जसको फलस्वरूप नै सङ्ग्रहालयमा विभिन्न प्रकृति र प्रकारका वस्तुहरू सङ्ग्रह गरिन्छ । व्यक्ति वा संस्थाको अभिरूचि अनुसार पनि फरक फरक प्रकृतिका वस्तुहरू सङ्ग्रह गरिन्छ । एउटै सङ्ग्रहालय भित्र धेरै प्रकारका वस्तुहरू संकलन गरी व्यवस्थित रूपमा सुरक्षण र प्रदर्शनको व्यवस्था मिलाउन प्राय कठिन हुने गर्दछ । यसर्थ सङ्ग्रहालयलाई विभिन्न प्रकारमा विभाजन र वर्गीकरण गरिएको पाइन्छ । स्वमित्त्वको आधारमा सङ्ग्रहालयलाई व्यक्तिगत र संस्थागत गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यसका साथै क्षेत्रीयताको आधारमा सङ्ग्रहालयलाई राष्ट्रिय, प्रान्तीय, नगर र स्थानिय गरि चार खण्डमा वर्गीकरण गर्न सकिन्छ ।[६]

यसै गरी उद्देश्यको आधारमा पनि सङ्ग्रहालयलाई साधारण सङ्ग्रहालय र विशिष्ट सङ्ग्रहालय गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । सारत जे जसरी भए पनि सङ्ग्रहालयलाई वैज्ञानिक ढङ्गले वर्गीकरण गर्नु एकदमै कठिन कार्य हो । प्राज्ञिक व्यक्तित्वहरूले सङ्ग्रहालयलाई विभिन्न प्रकारमा वर्गीकरण गरेतापनि वर्गीकरणमा भने एकमत रहेको देखिन्न । माथि चर्चा गरे जस्तो स्वामित्व, उद्देश्य तथा क्षेत्रीयताको आधारमा मात्र सङ्ग्रहालयको प्रकार निर्धारण गर्दा त्यसको वर्गीकरण वैज्ञानिक नहुन सक्छ । यसर्थ सङ्ग्रह गरिने विषयवस्तुको प्रकृतिको आधारमा सङ्ग्रहालयको वर्गीकरण गर्नु उचित हुने देखिन्छ । यस आधारमा सङ्ग्रहालय निम्न प्रकारका हुने गर्दछन् ।

### २.३.१ साधारण सङ्ग्रहालय

सामान्य तथा व्यक्तिगत अभिरूचिको आधारमा स्थापना गरिएका सङ्ग्रहालयलाई साधारण सङ्ग्रहालय भन्ने गरिएको पाइन्छ । यद्यपी यस्ता सङ्ग्रहालयमा साधारण खालका वस्तुहरू नै सौखको लागि सङ्ग्रह गरी सजाएर राखिएका हुन्छन । यहाँनेर साधारण सङ्ग्रहालयले सरकारी तबरबाट वैधानिकता अथवा कानुनी मान्यता नपाएका पनि हुन सक्छन । कानुनी मान्यता नपाएका यस्ता सङ्ग्रहालयमा कतिपय वस्तुहरू संकलन गर्दा सरकारी मुद्धा लाग्ने संभावना प्रति सचेत हुनु पर्छ । तर कतिपय अवस्थामा व्यक्तिले

[६] शिवस्वरुप सहाय, **संग्रहालयकी ओर,** दिल्ली, मोतीलाल बनारसीदास, १९९२, पृ. ५० ।

स्थापना गरेका साधारण सङ्ग्रहालय सरकारलाई जिम्मा लगाइएका पनि पाइन्छन । यस्ता प्रकारका सङ्ग्रहालयमा व्यक्तिहरू विश्वास तथा रूचि कम हुने गर्दछ ।

साधारण सङ्ग्रहालयमा व्यक्तिको रूचि अभिरूचि तथा क्षमता अनुसार मानवीय इतिहास तथा संस्कृति झल्काउने खालका वस्तुहरू नै सङ्ग्रह गरिएका हुन्छन् । यद्यपी यस्ता सङ्ग्रहालय सबैको लागि खुल्ला नगरिएका पनि हुन सक्छन् । विशेषगरी क्षेत्रीय र स्थानिय संस्कृतिसंग सम्बन्धित विषयवस्तुलाई समेटेर सङ्ग्रहालय स्थापना गर्न सकिन्छ । सार त यस्ता साधारण सङ्ग्रहालयको सञ्चालन तथा व्यवस्थापन कमिकमजोरीहरू रहने गर्दछन् ।

## २.३.२ कला सङ्ग्रहालय

सङ्ग्रहालयमा पुराना वस्तुहरू मात्र सङ्ग्रह गरिने घर मात्र नभइ मानव निर्मित कला वस्तुहरू पनि सङ्ग्रह गरिन्छ । कलात्मक प्रकृतिका वस्तुहरू प्रदर्शन गरिने सङ्ग्रहालयलाई कला सङ्ग्रहालय भनिन्छ । यस्त कला सङ्ग्रहालयमा कुनै पनि मुलुकको विभिन्न जनजाति र समुदायका संस्कृति चालचलन र भेषभूषा झल्काउने खालका कलाका नमुनाहरू सङ्ग्रह गरिन्छ, जुन कलाका नमुनाहरू संस्कृतिका विम्व प्रतिविम्व हुन । छाउनी स्थित राष्ट्रिय सङ्ग्रहालयमा अवस्थित जातीय जुद्ध कलाशालालाई कला सङ्ग्रहालयको जीवन्त नमुनाको रूपमा लिन सकिन्छ । कला सङ्ग्रहालयमा कलात्मक वस्तुहरू मात्र नभएर चित्रहरू पनि सङ्ग्रह गरिन्छ । चित्रकलामा ग्रन्थ चित्र, पटचित्र, थाङ्का चित्र र भित्तेचित्र समावेस गरिएको पाइन्छ तर कुनै मन्दिर, दरबार वा बिहार आदिका भित्तामा लेखिने भित्ते चित्रलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न नसकिने भएकाले तिनलाई सङ्ग्रहालयमा सार्न संभव हुँदैन तर भित्तेचित्रहरू भएका दरबार वा बिहार आदिलाई सङ्ग्रहालयको रूपमा विकास गर्न सकिन्छ ।

## २.३.३ ऐतिहासिक एवम् पुरातात्त्विक सङ्ग्रहालय

सङ्ग्रहको प्रकृतिको आधारमा सङ्ग्रहालयको वर्गीकरण गर्दा साधारण सङ्ग्रहालय, कला सङ्ग्रहालयको साथ साथै ऐतिहासिक एवम् पुरातात्त्विक सङ्ग्रहालय पनि एक महत्त्वपूर्ण प्रकार हो ।[७] मानवको विगत समयको क्रियाकलाप र उसको संस्कृतिसंग सम्बन्धित विषयवस्तु सङ्ग्रह गरेर राख्ने सङ्ग्रहालयलाई ऐतिहासिक एवम पुरातात्त्विक

[७] पूर्ववत्, पादटिप्पणी नं. ५, पृ. २७ ।

सङ्ग्रहालय भनिन्छ ।[८] यस्ता प्रकारका सङ्ग्रहालयमा ऐतिहासिक दृष्टिकोणले महत्त्व रहेका भोजपत्र, ताम्रपत्र, शिलालेख, स्वर्णपत्र, काष्ठपत्र, ठ्यास्फू का साथसाथ विभिन्न हस्तलिखित ग्रन्थहरू सङ्ग्रह गरिन्छन् ।

यसको साथसाथै प्रागमानवले प्रयोग गरी छाडेका प्रस्तर उपकरणहरू, भाडावर्तन, गरगहना, उत्खननबाट प्राप्त मूर्ति, खेलौना आदि वस्तुहरू यस्ता सङ्ग्रहालयमा सङ्ग्रह गरिन्छन् । त्यस्तैगरी एक ठाउँबाट अर्को गाउँमा लग्न नसकिने पुरातात्त्विक महत्त्वका वस्तु तथा ऐतिहासिक रूपले सम्बेदनशील वस्तु वा सामग्रीहरूको चित्र खिचेर वा माइक्रो फिल्म बनाएर पनि प्रदर्शन गर्ने गरिन्छ ।

## २.३.४ विज्ञान सङ्ग्रहालय

प्राकृतिक र भौतिक विज्ञानसँग सम्बन्धित विषयवस्तुहरू सङ्ग्रह गरिने सङ्ग्रहालयलाई विज्ञान सङ्ग्रहालय भनिन्छ ।[९] विज्ञानका सङ्ग्रहालयलाई पनि विज्ञानसँग सम्बद्ध वस्तुहरू संकलन गरिने उद्देश्य र प्रकृतिको आधारमा विभिन्न उपप्रकारमा वर्गीकरण गर्न सकिन्छ । गिरीशचन्द्र शुक्ल र विमलेशकुमार पाण्डेयले विज्ञान सङ्ग्रहालयलाई विज्ञान एवम औद्योगिक सङ्ग्रहालय र प्राकृतिक इतिहास सङ्ग्रहालय गरी दुई भागमा वर्गीकरण गरेको देखिन्छ ।[१०] खासगरी विज्ञान सङ्ग्रहालयमा वैज्ञानिक आविस्कारका विषयवस्तुहरूको संकलन र प्रदर्शन गर्ने गरिन्छ ।

यस बाहेक प्रकृतिप्रदत्त वस्तुहरू बाहेक प्राग मानवको अस्थिअवशेष तथा बोटविरूवा र जनावरका अवशेषहरूलाई वैज्ञानिक उपचारको साथ (सङ्ग्रह) संकलन र प्रदर्शन गरिन्छ । यस्ता सङ्ग्रहालयहरू खासगरी विज्ञानका विद्यार्थी तथा अनुसन्धानकर्मीहरूलाई प्राज्ञिक अनुसन्धानको लागि महत्त्वपूर्ण केन्द्र हुन्छ । नेपालमा खासगरी स्वयम्भूस्थित प्राकृतिक विज्ञान सङ्ग्रहालय, छाउनी स्थित राष्ट्रिय सङ्ग्रहालयको एक खण्डमा एउटा ग्यालरीमा प्राकृतिक विज्ञान सङ्ग्रहालय स्थापना गरिएको छ जुन नेपालकै एकमात्र प्राकृतिक एवम विज्ञान सङ्ग्रहालयको रूपमा मान्न सकिन्छ । यस्ता विज्ञान सङ्ग्रहालयमा सम्बन्धित विज्ञ र प्राज्ञ व्यक्तिको साथै प्राविधिकहरूको महत्त्वपूर्ण भूमिका हुन्छ ।

---

[८] पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ३३० ।
[९] ऐजन, पृ. ३२१ ।
[१०] पूर्ववत्, पादटिप्पणी नं. ५, पृ. २७ ।

यसरी माथि उल्लेखित विभिन्न प्रकारका सङ्ग्रहालयहरू बाहेक सङ्ग्रहालयमा प्रदर्शनीमा राखिएको विषयवस्तुको प्राकृतिक आधारमा सङ्ग्रहालयहरूलाई बहुउद्देश्यीय विशिष्ट र स्मारक गरी जम्मा ३ भागमा वर्गीकरण गरिएको पाइन्छ । बहुउद्देशीय सङ्ग्रहालयमा एकै प्रकारको मात्र नभई कलात्मक ऐतिहासिक, वैज्ञानिक आदि सबै प्रकारका विषयवस्तुहरू संकलन गरिन्छन्, जुन सङ्ग्रहालयका आकर्षक विषय वस्तु हुने गर्दछ । नेपालको छाउनी स्थित सङ्ग्रहालयलाई बहुउद्देश्यीय सङ्ग्रहालयको रूपमा लिन सकिन्छ यसैगरी कुनै व्यक्ति वा घटनाको स्मरणस्वरूप निर्माण गरिएको सङ्ग्रहालयलाई Biography Museum भनिन्छ । जसले २०५८/०२/१९ गते घटित राजदरबार हत्याकाण्ड (श्री ५ विरेन्द्रको वंश विनास) को स्मरणमा स्थापना गरिएको सङ्ग्रहालयलाई स्मारक वा स्मृति सङ्ग्रहालय भनिन्छ । त्यस्तैगरी हनुमानढोका स्थित नेपालको त्रिभुवन स्मृति सङ्ग्रहालयलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

## २.४ सङ्ग्रहालयको इतिहास

वास्तवमा आफूलाई आवश्यक पर्ने वस्तुहरू भोली अर्थात भविष्यको लागि जम्मा गर्ने मानवीय सोचको आधारमा सङ्ग्रहालयको अवधारणा अस्तित्त्वमा आएको देखिन्छ तथापि यस मान्यताले सङ्ग्रहालयको वर्तमान आधार र अवधारणाको लागि पृष्ठपोषण गर्न सक्दैन । नव सङ्ग्रहालय, शास्त्र अथवा सङ्ग्रहालय विज्ञान सम्बन्धी आधुनिक मान्यताले सङ्ग्रहालयलाई एउटा भण्डारकक्ष मात्र नभएर कुनै राष्ट्र वा समाजको संस्कृति र सभ्यता आदि पक्षको मापन गर्ने एउटा थलोको रूपमा स्वीकार गरिएको पाइन्छ । यसै हुनाले संसारका हरेक राष्ट्रहरूमा सङ्ग्रहालयको महत्त्वलाई सर्वोपरी ठानेको पाइन्छ । युरोपको पुर्नजागरणको काल अर्थात सत्रौं शताब्दि देखि सङ्ग्रहालय सम्बन्धी आधुनिक मान्यता वा दृष्टिकोण बेलायतबाट देखापरेको मानिन्छ । यद्यपी प्राचीन वस्तुहरूको संकलन गर्ने सोच भने प्राचीनकाल देखिनै सुरू भएको पाइन्छ । यसैको परिणामस्वरूप सङ्ग्रहालयको विकास भएको हो । पछिल्लो कालमा आएर त पुरातत्त्वको विकासको लागि पनि सङ्ग्रहालयको विकासले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

विश्वमा सङ्ग्रहालयको विकासक्रममा प्राचीन मिश्रका सासक रेमसेज को महत्त्वपूर्ण भूमिका मानिन्छ । यद्यपी उनले सङ्ग्रहालयको स्थापना गर्छु भनेर प्राचीन वस्तुहरूको सङ्ग्रह गरेका थिएनन तर उनको सौख भने प्राचीन वस्तुहरू सङ्ग्रह गर्नु रहेको थियो ।

इसापूर्व १३ औं शताब्दीको उनको यो कदम नै सङ्ग्रहालयको इतिहासमा प्रथम कदम बन्न पुग्यो । ई. स. १८९८ मा पेट्रीले मिश्रमा उत्खखन् गर्दा रेमसेजले मिश्रमा स्थापना गरेको सङ्ग्रहालयको अवशेष र केही वस्तुहरू फेला पारेका थिए ।[११] संभवत रेमसेजले ज्ञान प्राप्तीको लागि भन्दापनि मनोरञ्जनको लागि वस्तु संकलन गरी सङ्ग्रहालयको स्थापना गरेको देखिन्छ । रेमसेजको यस कदमपछि इसापूर्वकालमा आएर सङ्ग्रहालयको स्थापना गर्ने अर्को सासक मोसोपोटामियका नबोनिदस थिए । उनले इसापूर्व छैटौं शताब्दिमा केही प्राचीन भग्नावशेषहरूमा उत्खनन गरेर प्राप्त सामग्रीहरू बेबिलोनमा एक सङ्ग्रहालय स्थापना गरी राख्न लगाए ।[१२] त्यसपछि विश्वविजेता सिकन्दरले पनि प्राकृतिक वस्तुहरूको सङ्ग्रहमा रूचि राखेको देखिन्छ । यद्यपी उनले संकलन गरेका सामाग्रीहरू लामोसमय सम्म सुरक्षित रहन सकेनन् । सिकन्दरको मृत्युपछि मिश्रको अलेक्जेण्ड्रिया नामक शहरमा टोलेमी साटेर (Poteleomy soter) नामक शासकले शासन गर्दथे । इस्वी पूर्व २९० तिर यस सहरलाई सङ्ग्रहालयको रूपमा विकास गरेका थिए । यस सहरमा विज्ञान धर्म र दर्शनशास्त्रका विषयवस्तुहरू संकलन गरिएको थियो ।[१३] वास्तवमा कला र शिक्षाकी नौवटी देवीलाई स्थापना गर्नको लागि टोलेमीले आफ्नो शासनकालमा सङ्ग्रहालयको स्थापना गराएका थिए ।[१४] युरोपमा पुनर्जागरणकाल पछि साहित्य, इतिहास, धर्म, दर्शन समाज र संस्कृतिको विषयहरूमा नयाँ सोच र दृष्टिकोणहरू देखापरे । साथसाथै प्राचीन इतिहासको खोजीकार्यको सिलसिला देखापर्‍यो । यसै क्रममा प्राप्त वस्तुसाक्षहरूको सङ्ग्रह र प्रदर्शनो लागि पन्ध्रै शाताब्दि इस्वीमा फ्लोरेन्स सहरमा लोरेन्जो द मेडीसी स्थापना गरियो । त्यसैबेला देखि सङ्ग्रहालयमा सङ्ग्रह गरिएका कला संस्कृतिहरूको बारेमा अध्ययन, अनुसन्धान एवम प्रकाशन गर्ने कार्यको थालनी भयो । यसै क्रममा बेलायतमा पुरावशेष एवम इतिहासप्रति चासो राख्ने मानिसहरू मिलेर सन् १७०७ मा एउटा क्लवको गठन गरियो ।[१५] पछि यहि क्ल्वको प्रयासले गर्दा सन् १७५१ म कानुनी मान्यता प्राप्त सोसाइटी

---

[११] वैजनाथ पुरी, **पुरातत्व विमर्स,** लखनउ : प्रकाशकेन्द्र, १९५८, पृ. ८ ।
[१२] ऐजन, ।
[१३] पूर्ववत्, पादटिप्पणी नं. ६, पृ. १६ ।
[१४] ऐजन, पृ. १७ ।
[१५] पूर्ववत्, पादटिप्पणी नं. ५, पृ. १४ ।

अफ एन्टिक्विटिज अफ लण्डन (Society of Antiquities of London) नामक संस्था खुल्न सक्यो र यसले Atrchaeologia नामक पत्रिका प्रकाशनको काम समेत गर्न थाल्यो ।[१६]

यद्यपी सोह्रौं र सत्रौं शताब्दिको बीचमा व्यक्तिविशेषको रूचिमा निजी सङ्ग्रहालयको विकास भई अल्ब्रोभाण्ड (Ablrovand) को निजी सङ्ग्रहमा बोलोग्नी (Bologne) सङ्ग्रहालयको स्थापना भएको थियो ।[१७] सोह्रौं शताब्दिको अन्तमा भिईनामा आर्कद्रुक फर्डिनाण्ड द्वितीय (Archduke Furdinand II) द्वारा अस्त्र शस्त्र, मुद्रा तथा अत्ये बहुमूल्य पुरावशेष तथा दुक अफ ओर्लिन (Duke of orlean) द्वारा क्याण्टनको मुद्रा तथा प्राकृतिक इतिहास सङ्ग्रहबाट नै पेरिसको वर्तमान राष्ट्रिय सङ्ग्रहालय बनेको थियो ।[१८]

सत्रौं शताब्दि तिर युरोपमा मानवनिर्मित तथा प्राकृतिक विचित्र तथा विलक्षण वस्तुहरू सङ्ग्रहको लागि Museum शब्दको प्रयोग गरिएको थियो ।[१९] बेलायती प्रकृतिविद जोन ट्रेडिसेन्ट द एल्डर (John tradeseant the elder) तथा उनका छोरा जोन ट्रेडिसेण्ट द योंगर (John tradeseant the Yonger) ले विभिन्न ठाउँमा घुमी धेरै वस्तुहरू सङ्ग्रह गरी सर्वसाधारणलाई पनि पैसा लिएर देखाउने गर्न थाले । उनीहरूको उक्त सङ्ग्रहालयलाई द आर्क The Ark नाम दिइएको थियो ।[२०] सन् १६६२ मा जोन ट्रेडिसेन्ट योंगरको मृत्युपछि उक्त सङ्ग्रहालयको जिम्मा इलियस एस्मोलाई (Elias Ashmole) दिइयो र पछि उनले सो सङ्ग्रहालय अक्सफोर्ड विश्वविद्यालय (Oxford University) लाई दिए । सन् १६८३ मा अक्सफोर्ड विश्वविद्यालयले बेलायतमा खोलेको अस्मोलियन सङ्ग्रहालयलाई विश्वको पहिलो सार्वजनिक सङ्ग्रहालयको रूपमा लिने गरिन्छ ।[२१]

विशेषगरी पहिलो तथा दोस्रो विश्वयुद्ध पछाडि प्राज्ञिक चिन्तन र मननमा व्यापक उथलपुथल आएको पाइन्छ । विश्वले भोगेका दुइवटा विश्वयुद्धको कारण सामाजिक तथा साँस्कृतिक संरचनामा परिवर्तनको साथ समाजशास्त्रीय एवम् मानवशास्त्रीय विषयहरूमा नयाँ दर्शन र सिद्धान्त परिवर्तन भएको देखिन्छ । बेलायती औपनिवेसवादको सिद्धान्तलाई विरोध गर्दै एकातिर थुप्रै राज्यहरू स्वतन्त्रताको युद्ध लड्न थाले भने अर्कोतिर राजनीतिक

[१६] महेशकुमार आचार्य, **प्रागइतिहास र पुरातत्वको सामान्य परिचय**, काठमाडौं : रत्न पुस्तकभण्डार, २०५६, पृ. १७ ।
[१७] पूर्ववत्, पादटिप्पणी नं. २, पृ. १५ ।
[१८] ऐजन ।
[१९] पूर्ववत्, पादटिप्पणी नं. ५, पृ. १५ ।
[२०] ऐजन ।
[२१] ऐजन ।

अधिकार, व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको लहरले गर्दा इतिहास संस्कृति तथा सभ्यताप्रति हेर्ने दृष्टिकोणहरू पनि परिवर्तन भएको पाइन्छ । विज्ञानको व्यापक विकास र त्यसको उपयोगले गर्दा आज विश्व सानो ग्रामको रूपमा विकसित भएको छ । त्यस्तै गरी विश्व मौसम तथा हावापानीमा अएको परिवर्तनले गर्दा सामाजिक संरचनामा परिवर्तन आएको छ । यसले गर्दा समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययनको सिलसिलामा इतिहास तथा संस्कृतिको पनि महत्त्वपूर्ण हुने देखिन्छ । अर्को आधारमा भन्नु पर्दा इतिहास तथा संस्कृतिको आत्मा भनेको सङ्ग्रहालय हो । अर्थात सङ्ग्रहालयको अध्ययनबिना समाजसाश्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अपूर्ण हुने देखिन्छ ।

खासगरी बीसौं शाताब्दि तथा एक्काइसौं शताब्दि तीर सङ्ग्रहालय एउटा विज्ञान वा शाास्त्रको रूपमा विकास भएको देखिन्छ । युरोपमा खासगरी पहिलो विश्वयुद्ध पछि सन् १९१८ तिर युद्ध पश्चातटको पुनः निर्माणको समय (Post war reconstrnction Period) को समय शुरू भयो । त्यसपछि सङ्ग्रहालयमा पनि विश्वयुद्धमा प्रयोग भएका हतियार तथा उपकरणहरूलाई प्रदर्शनीमा राख्न थालियो । पछि सङ्ग्रहालय एउटा शास्त्रको रूपमा विकास भयो । त्यस्तै विभिन्न प्राज्ञिक संस्थाहरू जस्तो UN, UNESCO, ICOM ले सङ्ग्रहालय सम्बन्धी गहन परिभाषाहरू दिएको पाइन्छ । सङ्ग्रहालयमा खासगरी विभिन्न पक्षहरू जस्तो Display, Exhibition, Museum Management, Law, Rule and Regulation आदि विषयमा नयाँ अवधारणा देखापरेको छ ।

यसरी प्राचीन वस्तुहरूको सङ्ग्रह र संकलनबाट शुरूभएको सङ्ग्रहालय आज एक प्रतिष्ठित संस्थाको रूपमा स्थापित हनु सफल भएको छ । यसको लोकप्रियता तथा जनविश्वासलाई अक्षुण राख्न आइकम (ICOM) जस्ता संस्थाको स्थापना भएको छ । आज सङ्ग्रहालय अनुसन्धान शिक्षा र मनोरञ्जनको केन्द्र बनेको छ ।

## २.५ नेपालमा सङ्ग्रहालयको विकास

नेपाल भौगोलिक विविधताले सम्पन्न देश भएकाले भौगोलिक विविधता अनुरूप नै साँस्कृतिक विविधताले पूर्ण छ । वातावरण र पर्यावरण अनुरूप नै यहाँको सामाजिक तथा साँस्कृतिक संरचना संरचित छ, जसको प्रतिविम्वन सङ्ग्रहालयमा पनि देखिन्छ । यद्यपि नेपाललाई एउटा अनौपचारिक खुल्ला विश्वविद्यालयको रूपमा स्वीकार गरिएको पाइन्छ । नेपाल विविध जनजातिको देश मात्र नभएर धार्मिक ग्रन्थ र यहाँको सांस्कृतिक मान्यता

अनुसार आदिम देवदेवी तथा प्राचीन तीर्थस्थलको रूपमा नेपाल परिचित छ । साँस्कृतिक र धार्मिक सम्पन्नताले पूर्ण देश भएकाले समाजशास्त्रीय एवम् मानशास्त्रीय अध्ययन केन्द्रको रूपमा महत्त्वपूर्ण केन्द्रको रूपमा स्थापित छ । यति हुँदाहुँदै संस्कृतिको आत्मा मानिएको सङ्ग्रहालयको पनि नेपालमा विकासको इतिहास त्यटि प्रष्ट छैन । यद्यपी लिचछविकाल देखि नै सङ्ग्रहालयको अवधारणा रहेको संकेत लिच्तवीकालीन तथा मल्लकालीन अभिलेखहरूमा पाइन्छ । नेपालमा सङ्ग्रहालयको विकासलाई ध्यान दिँदा अध्ययनको सुविधाको लागि यसलाई चार चरणमा विभाजन गरी अध्ययन गर्नु उपर्युक्त देखिन्छ ।[२२]

## २.५.१ पहिलो चरण

नेपालमा आधुनिक सङ्ग्रहालयको सुरूवात हतियार संकलनबाट शुरू भएको थियो ।[२३] यद्यपी लिच्छविकालमै सङ्ग्रहालयको अवधारणाको प्रष्ट संकेत देखापरेको छ । यस आधारमा वि. सं. १८७६ मा छाउनी सिलखाना स्थापना हुनभन्दा अगाडि देखि नै सङ्ग्रहालय सम्बन्धी गतिविधिहरूलाई नेपालमा सङ्ग्रहालयको इतिहासको अध्ययन सम्बन्धी सुविधाकोलागि (प्रथम चरण) यस चरणमा राखिएको छ ।[२४] लिच्छविकालीन अभिलेखहरूमा सङ्ग्रहालयको अवधारणा सम्बन्धी संकेत देखिएतापनि पुराना वस्तुहरू संकलन गरिएका र सङ्ग्रहालय स्थापना गरिएका प्रमाण दिने कुनै पनि पुरातात्त्विक स्रोतहरू पाउन सकिएको छैन । तरपनि प्राचीन राजामहारजाहरूमा प्राचीन वस्तुहरू सङ्ग्रह गर्ने सौख चाँही थिएन भन्न सकिन्न । पाटन सुन्धाराको अंशुवर्माको संवत ३४ को अभिलेखमा देव मन्दिरहरूको संरक्षण र सम्बर्द्धनको लागि गुठीको व्यवस्था गरेको उल्लेख छ ।[२५] सङ्ग्रहालयको कार्य खाली वस्तु संकलन मात्र नभएर पुराना वस्तु तथा भग्नावशेषहरूको संरक्षण गर्नु पनि हो । यस मान्यतालाई आधार लिने हो भने उक्त अभिलेखमा व्यक्त भएको भावार्थले सङ्ग्रहालयको अवधारणालाई संकेत गरेको छ ।

लिच्छविकालमै थुप्रै मठ मन्दिर दरबार तथा विहारहरूको निर्माण भएको तथ्य अभिलेखहरूबाट थाहा पाइन्छ । संभवत यिनै मठमन्दिरहरूमा कलात्मक वस्तुहरू संकलन गरिन्थे । लिच्छविकालीन अभिलेखहरूमा गोष्ठी शब्दको उल्लेख भएको पाइन्छ जुन धार्मिक

[२२] पूर्ववत्, पादटिप्पणी नं. १६, पृ. १७७ ।

[२३] करुणा नकर्मी, "**राष्ट्रिय संग्रहालयमा संग्रहित प्रमुख प्रस्तर वैष्णव मूर्तिहरु**", स्नातकोत्तर शोधपत्र त्रि. वि., २०६३, पृ. १३ ।

[२४] पूर्ववत्, पादटिप्पणी नं. २, पृ. १६ ।

[२५] धनबज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,** काठमाडौं : नेपाल एसियाली अनुसन्धान केन्द्र, २०३०, पृ. २४० ।

कार्यसँग सम्बन्धित छ । संभवत यिनै गोष्ठी मार्फत प्राचीन युगमा देवदेवीका पुराना मूर्तिहरू र वस्तुहरू सङ्ग्रह गरेको चलन हुन सक्छ । यद्यपी त्यो युगमा सङ्ग्रहालय स्थापना गरिएको संकेत चाँही प्राप्त भएको छैन् ।

मल्लकालमा आएर भने वस्तु संकलन गर्ने रूचिमा व्यापकता आएको पाइन्छ । काठमाडौं उपत्यकाको ३ वटा राज्यहरूबीच राजनैतिक प्रतिस्पर्धा जस्तै साँस्कृतिक तथा धार्मिक प्रतिस्पर्धाले तीब्रता पाएकोले प्राचीन दरबार, देवालय तथा विहारहरूमा कलात्मक वस्तु सङ्ग्रह गर्ने क्रम भने व्यापकरूपले भयो । खासगरेर मल्लकालीन तीनवटै दरबारका हरेक चोकहरूमा कलात्मक वस्तुहरू सङ्ग्रह गरएको पाइन्छ । बहुमुल्य वस्तु तथा पुराना तथा दुर्लभ सामाग्री जस्तो हस्तलिखित ग्रन्थ ताम्रपत्र, स्वणपत्र, मूर्ति, हतियार, अभिलेख, सन्धिपत्रहरू आदि दरबार तथा धार्मिक मठ मन्दिरमा जम्मा गर्ने प्रचलन थियो । खासगरी प्रतापमल्ल, भूपतिन्द्रमल्ल, रणजित मल्ल आदि मल्ल शासकहरूले दुर्लभ वस्तु संकलन गर्दथे । वास्तवमा मनोरञ्जनको दृष्टिले नै त्यस्ता वस्तुहरु संकलन गर्ने गरेको पाइन्छ । त्यस्तैगरी बौद्धविहारहरूमा तथा गुठीहरूमा पनि पुराना वस्तु संकलन गर्ने गरेको पाइन्छ । भोटो देखाउने जात्रा होस या अन्य जात्रामा वस्तुहरू प्रदर्शन गर्ने परम्पराले एक प्रकारको Mobile Exhibition लाई संकेत गरेको छ । यसबाट के भन्न सकिन्छ भने नेपालमा सङ्ग्रहालयको विकास हुनुभन्दा अगाडिदेखिनै खुल्ला सङ्ग्रहालयको अवधारणाको विकास भइसकेको थियो ।

## २.५.२ दोस्रो चरण

वि. सं. १८७६ देखि १९९५ सम्मको अवधिभित्र भएका सङ्ग्रहालय सम्बन्धी गतिविधिहरूलाई यस चरणमा राखिएको छ । वि. सं. १८७६ मा तत्कालीन प्रधानमन्त्री भिमसेन थापाले आफ्नो निवास बनाउने उद्देश्यले छाउनी सैनिक व्यारेक नजिकै आफ्नो निवास स्थापना गरे । पछि उनले यही भवनमा विभिन्न स्वदेशी तथा विदेशी हातहतियार संकलन गराई शास्त्रगारको रूपमा वि. सं. १८८१ मा स्थापना भएको र यसको प्रारम्भिक नाम छाउनी शिलखाना भएको पाइन्छ ।[२६] पछि यस सङ्ग्रहालयको नाम छाउनी म्युजियम हुन भएको देखिन्छ ।[२७] यही नै नेपालमा आधुनिक सङ्ग्रहालयको सुरूवात थियो । भिमसेन

[२६] पशुपतिकुमार द्विवेदी, **नेपालको राष्ट्रिय संग्रहालय तथा अन्य संग्रहालयको ऐतिहासिक पृष्ठभूमी, महत्व र समस्याको सर्वेक्षण गर्नु पर्ने व्यवस्था सम्बन्धी प्रतिवेदन,** वि. सं. २०३७ ।

[२७] साफल्य अमात्य, **आर्ट एण्ड, कल्चर अफ नेपाल,** जयपुर, निरला, १९९१, पृ. ४५ ।

थापाको पतनपछि राणाकालीन समयमा यस भवनमा अनेकथरीका स्वदेशी तथा विदेशी हतियारहरू संकलन गरी प्रदर्शन गर्न लागिएको इतिहास छ ।

वि. सं. १९९० माघ दुई गतेको महाभुकम्प पछि वि. सं. १९९५ पौष ७ गते जुद्ध समशेरले यसको नाम नेपालम्यूजियम राखी सर्वसाधारणको लागि खुल्ला गरे । यस भन्दा अगाडि उक्त सङ्ग्रहालय प्रधानमन्त्री, उच्च पदाधिकारी, विदेशी पाहुनाहरू तथा अन्य गन्यमान्य व्यक्तिहरूलाई मात्र भ्रमण गर्ने अनुमति थियो । इतिहासकार पर्सिभल ल्याण्डनले त्यस सङ्ग्रहालयलाई द आर्सेनल म्यूजियम अर्थात शस्त्र तथा हातहतियारहरू सङ्ग्रह गर्ने सङ्ग्रहालयको रूपमा दिए ।[२८] यसै वर्ष अर्थात् वि. सं. १९९५ मा लण्डनको एक सङ्ग्रहालयमा काम गरिसकेका भारतीय विशेषज्ञ शिव नारायण सेनलाई जमदार कृष्ण शम्सेरले नेपाल ल्याए र छाउनीमा रहेको यस म्यूजियमका लागि किपरमा नियुक्ति गरे ।[२९]

यसरी दोस्रो चरणमा नेपालमा सङ्ग्रहालय सम्बन्धी धेरै कृयाकलापहरू नभएतापनि खासगरी जहानिया राणा शासनकालमा इतिहास र संस्कृतिको संरक्षणको लागि भनेर सङ्ग्रहालयको स्थापना हुनु नै सङ्ग्रहालयको विकासको लागि महत्त्वपूर्ण कदम मानिनु पर्छ ।

## २.५.३ तेस्रो चरण

वि. सं. १९९५ मा श्री चन्द्र शम्सेर बेलायत भ्रमणबाट फर्केपछि नेपालमा सङ्ग्रहालयको विकासमा उनको योगदानलाई विर्सन सकिन्न । नेपालमा सङ्ग्रहालयको विकासक्रमको क्रम विभाजन गर्दा वि. सं. १९९६ देखि वि. सं. २०२८ साल बीचमा सङ्ग्रहालय सम्बन्धी भएका गतिविधिहरूलाई तेस्रो चरणमा राखिएको छ । वि. सं. १९९९ सालमा जुद्ध शम्सेरले सङ्ग्रहालयको लागि भनेर एक भवन निर्माण गर्न लगाए । यो भवन नै नेपालको प्रथम सङ्ग्रहालय भवन हो । जुद्धजातीय कलाशाला नामले स्थापित यो सङ्ग्रहालय वि. सं. २००० साल बैशाख पाँच गते अइतबारको दिन ४ पैसा शुल्क लिई सर्वसाधारणको लागि खुल्ला गरिएको इतिहास छ । जुद्धजातीय कलाशालामा एउटा ताम्रपत्र छ । यो नेपालमा सङ्ग्रहालय विकाशका दृष्टिले महत्त्वपूर्ण छ । सो ताम्रपत्रमा जुद्ध शमसेरले भनेका छन् । "शिल्प उपायमात्र हो तर त्यसलाई वास नगर्ने कलाकारले आफ्नो उद्देश्य प्राप्त गर्न सक्तैन, यस्तो कलाकार आफ्नो घोडालाई दाना दिन विर्सने जस्तो हुने छ ।"

---

[२८] पर्सिभल ल्याण्ड, **नेपाल,** भोलुम, १, १९२८, पृ. १८ ।
[२९] पूर्ववत्, पादटिप्पणी नं. २३, पृ. १९ ।

त्यतिबेला राजनीतिमा आएका परिवर्तनले गर्दा सङ्ग्रहालय सम्बन्धी नयाँ अवधारणा आएको पाइन्छ । अतः उनले सर्वसाधारण जनताले पनि टिकट दस्तुर तिरेर हेर्ने सकिने गरी नेपाल म्यूजियम खुल्ला गरिदिएका थिए ।[३०] उक्त सङ्ग्रहालयमा काष्ठ कला, प्रस्तर कला, मृतिका कला र हाड आदिका माध्यमबाट कलाकृतिहरु छन् । साथै अन्य कतिपय ठाउँबाट ल्याइएका कलाकृति समेत प्रदर्शित गरिएको छ । यस कलाशाला निर्माणमा अनुभवि विशेषज्ञ शिवनारायण सेनको पनि ठूलो योगदान रहेको छ । उनी २००३ सालमा नेपाली कला तथा संस्कृतिको प्रदर्शन गर्ने जिम्मा लिएर विदेश गएका थिए । त्यसैबेला नेपालका धेरै ऐतिहासिक तथा साँस्कृतिक सामाग्रीहरू हराएर गए । शिवनारायण सेन पछि यस सङ्ग्रहालयको निर्देशक पदमा भारतका ख्यातीप्राप्त बंगाली कलाकारी श्री विनोदविहारी मुखर्जीले पनि केही कालसम्म काम गरे ।[३१] प्रथम नेपालीको रूपमा यस पदलाई प्राप्त गर्ने गौरव नेपालका प्रख्यात कलाकार चन्द्रमान मास्केलाई वि. सं. २००८ सालमा प्रााप्त भयो र उनी २०१८ साल सम्म उक्त पदमा बहाल रहे ।[३२]

२००७ सालको क्रान्ति पछि नेपालमा, शिक्षा स्वास्थ्य, प्रशासनिक क्षेत्रमा निकै परिवर्तन भयो । इतिहास लेखन तथा अनुसन्धानमा देशी विदेशी विद्वानहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यसको साथै २००७ सालको परिवर्तनले सङ्ग्रहालयको विकासमा पनि सकारात्मक प्रभाव पर्न गयो । यसको साथै २००९ सालमा पुरातत्त्व विभागको स्थापना भयो । पछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन लागु गरियो उक्त ऐन कार्यान्वयन भएपछि पुरातत्त्व विभागले पनि कानुनी मान्यता प्राप्त गऱ्यो र सङ्ग्रहालय पुरातत्त्व विभाग अन्तर्गत एउटा कार्यलयको रूपमा रहन गयो । त्यसपछि नेपाली साहित्य इतिहास तथा संस्कृतिमा विशेषरूचि राख्ने तत्कालीन राजा श्री ५ महेन्द्रबाट नेपालको ऐतिहासिक तथा धार्मिक एवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने उद्देश्यले ३ वटै शहरका मल्लकालीन दरबारहरूलाई सङ्ग्रहालयको रूपमा विकास गरियो । ती सङ्ग्रहालयकहरूमा काठमाडौं हनुमान ढोकाको मुद्रा सङ्ग्रहालय (२०१९) ।[३३] (अहिले राष्ट्रिय सङ्ग्रहालय छाउनीमा सारिएको) पाटन दरबारको केशव नारायण चोकको ढलौट सङ्ग्रहालय (हाल पाटन सङ्ग्रहालयको रूपमा विकसित) २०१९ सालमा स्थापित र भक्तपुरदरबारको राष्ट्रिय

[३०] पूर्ववत्, पादटिप्पणी नं. २, पृ. १९ ।
[३१] ऐजन ।
[३२] ऐजन ।
[३३] पशुपतिकुमार द्ववेदी, **म्युजियम इन नेपाल,** काठमाडौं : एस. एम. सी., सुसिला द्विवेदी, १९७२, परिशिष्टांक पृ. ७ ।

चित्रशाला सङ्ग्रहालय पर्दछन् ।[३४] भक्तपुरको राष्ट्रिय चित्रकला सङ्ग्रहालयको उद्घाटन स्वर्गीय वि. पी. कोइरालाले २०१७ सालमा गर्नु भएको थियो । यस चरणमा सङ्ग्रहालयको संख्यात्मक भन्दापनि गुणात्मक रूपमा विकास गरेको देखिन्छ ।  सङ्ग्रहालय विकासकै सन्दर्भमा २०१९ सालतिर पाटनमा विभिन्न प्रस्तर मूर्तिहरू प्रदर्शनमा राखिए पुरातात्त्विक बगैचाको स्थापना भएको देखिन्छ । वि. सं. २०१९ सालतिर पुरातात्त्विक क्षेत्रीय सङ्ग्रहालयको रूपमा कपिलवस्तुमा Site Museum को स्थापना भयो । यसै सिलसिलामा भक्तपुरमा राष्ट्रिय काष्ठकलासंगहालय वि. सं. २०२४ साल देखि सार्वजनिक रूपमा खुल्ला गरियो । २०२४ सालमा नेपाल म्यूजियमलाई नेपालको राष्ट्रिय सङ्ग्रहालयको रूपमा नामाकरण गरियो । यस चरणमा नेपालको सङ्ग्रहालयको विकासमा सरकारी तबरबाट विशेष पहल भएको देखिन्छ ।

### २.५.४ चौथो चरण

वि. सं. २०२८ साल देखि हाल सम्म सङ्ग्रहालय सम्बन्धी भएका गतिविधिहरूलाई यस चरणमा राखिएको छ । यस अवधिमा सङ्ग्रहालय सम्बन्धी व्यापक विस्तारको हुनुको साथै प्राज्ञिक अनुसन्धान र गोष्ठिहरू हुन थाल्यो । संस्थागत साथै व्यक्तिगत तवरबाट पनि सङ्ग्रहालयहरू स्थापना हुन थाले । २०४६ सालको राजनीतिक परिवर्तन पछि देखिएको जातीय तथा क्षेत्रीय अधिकारको अवधारणाले Ethnic तथा Regional Museum को अवधारणा अनुरूप यस प्रकारका सङ्ग्रहालयको विकास हुन पुग्यो ।

व्यक्तिगत स्वतन्त्रता, जातीय पहिचानको राजनीतिक मुद्धा, तथा मानवअधिकारको लहर शिक्षा तथा सूचनाको क्षेत्रमा आएको विकासको तीव्रताले गर्दा जनजाती दलीत तथा पिछडीएका वर्गहरूको व्यक्तिगत तथा जातीय अधिकारको आवाज बुलन्द हुन पुग्यो जसले गर्दा नेपालमा जातीय सङ्ग्रहालयको स्थापना हुन पुग्यो ।

२८ सालपछाडि खासगरी २०२९ सालमा स्वयम्भू विकास मण्डल नामक संस्थाले स्वयम्भु क्षेत्र भित्र वौद्ध मूर्तिहरूको सङ्ग्रहालयको स्थापना गऱ्यो । त्यस्तैगरी वि. सं. २०३२ सालमा नेपाल प्राकृतिक इतिहास सङ्ग्रहालयको स्थापना भयो । जसको व्यावस्थापन तथा सञ्चालन हाल त्रिभूवन विश्वविद्यालयको विज्ञान सङ्ग्रहालयले गर्दै आएको छ । देशको पाँचवटै विकास क्षेत्रमा सङ्ग्रहालयको स्थापना गर्ने कार्यक्रम अनुसार पूर्वाञ्चलको

[३४] ऐजन ।

धनकुटामा वि. सं. २०५१ अषाढ १ गते देखि क्षेत्रीय सङ्ग्रहालय सञ्चालित भइरहेछ । त्यस्तै पोखरामा पनि क्षेत्रीय सञ्चालन भइरहेको छ । सरकारी स्तरबाट बाहेक विभिन्न संस्था तथा व्यक्तिगत तबरबाट सङ्ग्रहालयको विकासमा महत्त्वपूर्ण योजनाहरू आएका छन् । विभिन्न उद्देश्य अनुरूप तिनका प्रकृति अनुसार विभिन्न प्रकारका सङ्ग्रहालयहरू स्थापना हुन थालेका छन् । सङ्ग्रहालयको आधुनिक सिद्धान्त र अवधारणा अनुरूप पोखरामा निजिक्षेत्रबाट अन्तराष्ट्रिय पर्वतीय सङ्ग्रहालयको स्थापना भएको छ । यस सङ्ग्रहालयमा हिमाली जनजीवन तथा पर्वतारोहणसंग सम्बन्धित विभिन्न गतिविधी तथा सामाग्रीहरूलाई प्रदर्शनीमा राखिएको छ ।

यसैगरी सङ्ग्रहालयको विकासको चर्चा गर्दा खुल्ला सङ्ग्रहालयको अवधारणालाई विर्सनु हुँदैन । यस्तो सङ्ग्रहालय कुनै खुल्ला मैदानमा देश भित्रका जातजातिहरूको धार्मिक, सांस्कृतिक र आर्थिक जीवनशैलीलाई सहज ढङ्गले बुझिने गरी स्थापना गरिएको हुन्छ । यसरी हेर्दा यस्तो खाले खुला आकाशे सङ्ग्रहालयको सरूवाता नर्वेको लिलाह्यामर भन्ने ठाउँमा एकजना पेशाले दन्त चिकित्सक Arders ले सन् १८८७ मा गरेका थिए । यस्ता खुला आकाशे सङ्ग्रहालयहरू स्वीडेन, डेनमार्क, बेलायत, अमेरिका र जापानजस्ता विकसित राष्ट्रहरूमा प्रसस्त देख्न पाइन्छ ।

यस सन्दर्भमा नेपालमा पनि यस्तै खाले खुल्ला आकाशे जातीय सङ्ग्रहालय स्थापनाको प्रयास भइरहेको छ । कीर्तिपुरस्थित चम्पादेवीको डाँडाको फेदीमा खुल्ला आकाशे जातीय सङ्ग्रहालयको स्थापना गरिने योजना अगाडि बढेको छ । नेपाल एक साँस्कृतिक विविधताले पूर्ण देश भएकाले यस सङ्ग्रहालयमा उक्त वास्तविकताको प्रतिविम्व झल्कने गरी साँस्कृतिक यथार्थता प्रर्दशीत हुनेछन । अर्थात यहाँको धार्मिक साँस्कृतिक विविधताले पूर्ण देश भएकाले यस सङ्ग्रहालयमा उक्त वास्तविकताको प्रतिविम्व झल्कने गरी साँस्कृतिक वगैंचाको अवधारणा अनुरूप स्थापना हुने छ । यस सङ्ग्रहालयको लागि उपयुक्त ठाउँ चम्पादेवीको २०० रोपनीको खुल्ला मैदान किटान भइसकेको छ । यस सङ्ग्रहालयको स्थापनाको लागि बृटिस नागरिक जोन साल्टरको योगदान महत्त्वपूर्ण छ । साथै नेपाल पर्यटन बोर्ड तथा आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानले यस्तो सङ्ग्रहालय निर्माणको अभियानलाई सहयोग पुऱ्याउँदै आएको छ ।

यसरी नेपालमा सङ्ग्रहालयको विकासक्रमको सिलसिलालाई अध्ययन सुविधाको लागि वर्गीकरण गरिएको छ । नेपालमा सङ्ग्रहालयको विकासक्रमको चौथो चरणमा

सङ्ग्रहालयको मात्रात्मक साथ साथै गुणात्मक पक्षको पनि विकास भएको देखिन्छ । खासगरी अन्य देशहरूमा जस्तै नेपालमा पनि यहाँको पुरातात्त्विक र ऐतिहासिक दृष्टिकोणले महत्त्व राख्ने साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनको लागि UNESCO जस्ता विश्वप्रसिद्ध संस्थाले महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपालको खासगरी काठमाडौं उपत्यका र लुम्बिनी क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेर नेपाललाई विश्वमा चिनाउने काम UNESCO ले गरेको छ । यसलाई अनौपचारिक रूपमा खुल्ला सङ्ग्रहालयको विकासको लागि एक महत्त्वपूर्ण योगदान मान्न सकिन्छ ।

## २.६ सङ्ग्रहालयको इतिहासमा राष्ट्रिय सङ्ग्रहालयको भूमिका

नेपालमा सङ्ग्रहालयको विकासक्रमको विजविन्दुको रूपमा राष्ट्रिय सङ्ग्रहालयलाई लिएको पाइन्छ । वि. सं. १८७६ मा तात्कालीन प्रधानमन्त्री भीमसेन थापाले आफ्नो निवासमा छाउनी सिलखानाको स्थापना गरे । यहि नै नेपालको आधुनिक सङ्ग्रहालयको शुरूवात थियो । यसर्थ पनि नेपालमा सङ्ग्रहालयको इतिहासमा राष्ट्रिय सङ्ग्रहालयको ऐतिहासिक भूमिका रहेको छ ।

नेपालको प्राचीन धार्मिक सांस्कृति तथा पुरातात्त्विक महत्त्वका मूर्ति तथा प्रतिमाहरू यस सङ्ग्रहालयमा प्रर्दशित छन् । नेपालको राजधानी तथा नेपालका अन्य भागहरूबाट प्राप्त गरिएका विभिन्न कालखण्ड र सभ्यताको पहिचान दिलाउने सांस्कृतिक प्रतिविम्वहरूको एउटा महत्त्वपूर्ण संरक्षणस्थलको साथसाथै बहुलधर्म, बहुल संस्कृति, तथा बहुजातीयतालाई एकसुत्रमा बाँध्ने काम राष्ट्रिय सङ्ग्रहालयले गरेको छ । नेपालको विभिन्न कालखण्डमा विकसित विशिष्ट सभ्यतालाई पहिचान दिलाउने धार्मिक तथा साँस्कृतिक प्रतिमाहरूले नेपालको सांस्कृतिक सभ्यताको अभिव्यक्ति दिएका छन् । प्रागैतिहासिक संस्कृतिका प्रतिविम्वित नमुनाहरूको प्रदर्शनी गरिनुको साथै विभिन्न प्राकृतिक जीवजन्तुहरूको नमूना पनि प्रर्दशन गरिएकोले जीवविज्ञानका विद्यार्थी एवम् शोधार्थीहरूको लागि महत्त्वपूर्ण केन्द्रको रूपमा स्थापित छ ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्त्व विभाग अर्न्तगत सञ्चालित यस राष्ट्रिय सङ्ग्रहालयले नेपालको सङ्ग्रहालयको विकासमा अभिभावकीय भूमिका खेलेको पाइन्छ । अध्य कुनै संघ, संस्था वा सार्वजानिक निकायले सङ्ग्रहालय स्थापना गर्न चाहेमा आवश्यक सरसल्लाह तथा निर्देशन दिने काम पनि यस सङ्ग्रहालयले गरेको छ । UNESOC, ICOM जस्ता मान्यता प्राप्त संघ, संस्थाहरूसंग यस सङ्ग्रहायलयले कुनै सम्बन्ध गरेर सङ्ग्रहालय सम्बन्धित गतिविधिहरू गरेको छैन ।

नेपाल आफैमा सांस्कृतिक विविधताले भरिपूर्ण छ । साथै दक्षिण एसियाको साँस्कृतिक गतिविधिको केन्द्रको रुपमा परिचित छ । यसर्थ राष्ट्रिय सङ्ग्रहालयले दक्षिण एसियाली राष्ट्रहरुसँगको सहकार्यमा हातेमालो गरेर सांस्कृतिक आदानप्रदान गरि नेपालको सांस्कृतिक सौन्दर्यतालाई देश-देशमा फैलाउन सक्छ । सङ्ग्रहालय मार्फत अन्तरदेशीय संस्कृति केन्द्रित समाजशास्त्र तथा मानवशास्त्रको खुल्ला अध्ययन गर्न गराउन राष्ट्रिय सङ्ग्रहालयले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । यसो भएमा दक्षिण एसियाली राष्ट्रहरुको जातीय, साँस्कृतिक, सामाजिक तथा राजनीतिक इतिहासको अध्ययन गरि विश्व मानव समाज र सभ्यताको इतिहासमा दक्षिण एसियाली जनताहरुको महत्त्वपूर्ण गरिमालाई स्थापित गर्न सकिन्छ । यसैगरी राष्ट्रिय सङ्ग्रहालयले पर्यटकीय गतिविधिको विकासको लागि नेपाल सरकार तथा एसियाली राष्ट्रहरुको सहकार्यमा आफ्नो भूमिका स्थापना गर्न सक्छ ।

नेपालमा हाल आएर सङ्ग्रहालयको स्थापना गर्ने कार्यमा बढोत्तरी भएको देखिन्छ । नेपालका विभिन्न जिल्लाहरुमा जातीकेन्द्रित सङ्ग्रहालयहरु स्थापना गरिएका छन्, तर ती स्थापित सङ्ग्रहालयहरु वैज्ञानिक ढंगले स्थापना भएका छैनन् । यसर्थ राष्ट्रिय सङ्ग्रहालयले अन्य स्थापना हुन लागेका सङ्ग्रहालयहरुसंग सहकार्य गरेर सङ्ग्रहालय सम्बन्धी छलफल चलाउन सक्छ । यसको सार्थ ICOM, UNESCO, जस्ता विश्वप्रशिद्ध संस्थाहरुसंग सहकार्यमा आफ्ना कर्मचारीहरुलाई सङ्ग्रहालय सम्बन्धी प्रशिक्षण दिन सक्छ । यसो भएमा राष्ट्रिय सङ्ग्रहालयको गरिमा अझ बढ्न जाने छ । साथै नेपालका अन्य क्षेत्रीय तथा राष्ट्रिय सङ्ग्रहालयहरूसंग मिलेर सङ्ग्रहालय सम्बन्धी कुनै छलफल, गोष्ठी वा औपचारिक कार्य गरेको छैन । यसर्थ सङ्ग्रहालयलाई स्वतन्त्र निकायको रूपमा स्थापना गरेर सङ्ग्रहालयको विकासमा अभिभावकीय भूमिका बहन गरेर राष्ट्रिय सङ्ग्रहालयले आफ्नो ऐतिहासिक दायित्व पूरा गर्न सकेमा नेपालको सङ्ग्रहालयको इतिहासमा यसको गरिमा र भूमिका अझ बढन जान्छ ।

# अध्याय तीन

## सङ्ग्रहालय व्यवस्थापनको परिचय

कुनै पनि संघ वा संस्था समुचित र सुव्यवस्थित तरिकाले सञ्चालन गर्नको लागि सहि किसिमको नीति तथा योजना हुनुपर्छ । नीति तथा योजना भनेको एक प्रकारको यस्तो रूपरेखा हो जसको सीमाभित्र रहेर प्रकार्यात्मक गतिविधि गर्न सकिन्छ अर्थात, एउटा निश्चित Frame work भित्र रहेर संस्थागत उद्देश्यलाई परिपूर्ति गर्ने गतिविधिहरू गर्ने गरिन्छ । यस आधारमा विषय वा प्रसंगमा आउँदा सङ्ग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा चर्चा गर्नु मनाशिव देखिन्छ । कुनै पनि सङ्ग्रहालय सञ्चालन गर्दा विभिन्न समस्याहरूसंग सामना गर्नु पर्ने हुन्छ यसर्थ भन्ने पनि गरिन्छ कि सङ्ग्रहालय सञ्चालन गर्नु ज्यादै जटिल कार्य हो । सङ्ग्रहालयमा वस्तुहरू सङ्ग्रह गर्न सजिलो होला तर तिसंग्रहित वस्तुहरूलाई उचित ढङ्गले वैज्ञानिक उपचार गरी प्रदर्शन गर्नु ज्यादै कठिन कार्य हो । किनभने तिनले राष्ट्रको सभ्यता र संस्कृतिलाई प्रतिविम्वित गरिरहेका हुन्छन् । अतः यिनै इतिहास, सभ्यता र संस्कृतिका विम्व, प्रतिविम्वहरूलाई सहि र समुचित तरिकाले संकलन, संरक्षण र सम्बर्द्धन गरी प्रदर्शन गर्नको लागि सङ्ग्रहालयका विशेषज्ञहरूले एउटा छुट्टै शास्त्रको विकास गरेका छन् । सङ्ग्रहालयको वैज्ञानिक परिभाषा भित्र नै सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी सैद्धान्तिक विषयहरू समाविष्ट रहेको हुन्छ । एउटा सङ्ग्रहालय सञ्चालन गर्दा के कस्ता विषयमा ध्यान पुऱ्याउनु पर्छ भन्ने विषयमा सङ्ग्रहालय व्यवस्थापक अथवा सङ्ग्रहालय सञ्चालकले ध्यान पुऱ्याउनु पर्छ । सङ्ग्रहालय सञ्चालनका लागि कानुनी अधिकारका विषयहरू, त्यस्तै सङ्ग्रहालयमा संग्रहित वस्तुहरूलाई कानुनी मान्यतादिने सैद्धान्तिक आधारको विषयमा भवन योजना कस्तो हुनुपर्छ, वस्तुहरू कसरी संकलन, संरक्षण र सम्बर्द्धन गरी प्रदर्शन गरिनुपर्छ कसरी सुरक्षा गर्नु पर्छ ? आदि जस्ता विषयहरूमा सङ्ग्रहालय व्यवस्थापन अन्तर्गत चर्चा परिचर्चा गरिनु पर्छ । यसरी सङ्ग्रहालय व्यवस्थापनसंग विविध पक्षहरूको आ-आफ्नै महत्त्व हुने गर्दछ । सङ्ग्रहालय व्यवस्थापनसंग विविध विषयहरू मध्ये केही महत्त्वपूर्ण विषयको बारेमा यहाँ चर्चा गरिन्छ ।

सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी धेरै विषयमा छलफल गरिएको पाइन्छ । वास्तवमा व्यवस्थापन भनेको एक प्रकारको कार्ययोजना हो । कार्ययोजनाको उद्देश्य र सीमाभित्र रहेर काम गर्दा कामको लक्ष्यमा छिटो पुग्न सकिन्छ । काम सफल हुन्छ । व्यवस्थापन भित्र

विभिन्न तत्त्वहरू हुन्छन, जस्तो योजना, नेतृत्व, नीति, नियम, मानव साधन, पूंजी,संगठन तथा अन्य प्राविकिधकपक्षहरू । यिनै विषयगत आधारमा सङ्ग्रहालय व्यवस्थापनलाई दुई खण्डमा विभाजन गरेर अध्ययन गर्नु बढी उपयुक्त देखिन्छ । जुन यस प्रकार छन् ।

क) प्राविधिक व्यवस्थापन

ख) प्रशासनिक व्यवस्थापन

## ३.१ प्राविधिक व्यवस्थापन

सङ्ग्रहालयशास्त्र एउटा कलाशास्त्र मात्र नभएर प्रविधि अर्थात विज्ञानसंग सम्बन्धित विषय पनि हो । हुनसक्छ कुनै व्यक्तिले आफ्नो सौखको लागि पुराना वा कुनैपनि वस्तुहरू संकलन गर्ला तर जब संकलित वस्तुलाई वैज्ञानिक रीतले सङ्ग्रहालयमा संग्रहित गरिन्छ, तब शास्त्र वा विज्ञानका विषयहरूको आवश्यकता हुन जान्छ ।

सङ्ग्रहालयको सैद्धान्तिक विषयमा चर्चा गर्दा खासगरी प्राविधिक विषयको महत्त्वपूर्ण हुन्छ । प्राविधिक व्यवस्थापनमा भवन योजना वास्तुकला देखि लिएर सुरक्षा व्यवस्था सम्म वस्तुको संरक्षण सम्बर्द्धन देखि लिएर प्रदर्शन व्यवस्था सम्मका विषयहरूमा गहन अध्ययन अनुसन्धान हुनपर्छ । यहाँ प्राविधिक व्यवस्थापनका विविध शीर्षकहरूमा चर्चा गरिन्छ ।

### ३.१.१ सङ्ग्रहालय भवन योजना

सङ्ग्रहालय भवन वस्तु थुपार्ने एक गोदामघर मात्र नभएकोले सङ्ग्रहालय भवन निर्माण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्छ । सङ्ग्रहालयमा सङ्ग्रह गरिने वस्तुहरूको प्रकृति अनुसार सङ्ग्रहालय भवनको वैज्ञानिक मापदण्ड तयार गर्न सकिन्छ । कतिपय अवस्थामा पुराना दरबार भवन मन्दिर विहार आदिलाई पनि सङ्ग्रहालयको रूपमा परिवर्तन गर्नुपर्ने हुन्छ । यस अवस्थामा सङ्ग्रहालयविज्ञको सुझाव लिन सकिन्छ । प्राचीन भवन एवम् दरबारहरूको मौलिकतामा परिवर्तन नहुने गरी प्रदर्शित गरिने वस्तुको प्रकृति अनुसार ती दरबार एवम् मन्दिरहरूको भित्रि संरचनामा केही परिवर्तन गर्न सकिन्छ । नेपालको सन्दर्भमा पाटनदरबार भक्तपुर दरबार, बसन्तपुर दरबार लगायतका थुप्रै दरबार एवम् विहारहरूलाई यसै आधारमा सङ्ग्रहालयको स्वरूप दिएको पाइन्छ । वाास्तवमा सङ्ग्रहालय भवन निर्माण गर्नुपूर्व विविध विषयहरूमा ध्यान पुऱ्याउनु पर्छ ।

सङ्ग्रहालयमा विभिन्न शाखाहरू जस्तै जिन्सी, भण्डारहरू , विक्रिकेन्द्र सूचना केन्द्र पुस्तकालय, शैक्षिक कार्यक्रम गर्ने स्थान, स्थाइ तथा अस्थाइ प्रदर्शनी गर्ने स्थानहरू प्राविधिक कक्षहरू, रासायनिक संरक्षण प्रयोगशाला, अनुसन्धान कक्ष आदिको व्यवस्था हुनु पर्छ ।[1] ICOM ले पनि सङ्ग्रहालय सम्बन्धी विशेष ध्यान दिँदै भनेको छ की सौन्दर्यको दृष्टिकोणले सुरूचिपूर्ण प्रदर्शनको लागि उपयुक्त हुनेगरी भवनको निर्माण गर्दा धेरै विषयमा विचार पुऱ्याउनु पर्छ ।[2] Display र Exhibition को लागि सुविधा हुनेगरी साथसाथै प्रकाश वा उज्यालो प्रत्येक ग्यालरीहरूमा पुग्ने गरी भवन निर्माण गर्नु पर्छ । प्रथमत सङ्ग्रहालय स्थापना गर्ने स्थानको छनौट गर्दा पनि केही कुराहरूमा ख्याल गर्नु पर्छ जस्तो सङ्ग्रहालय शहरदेखि केही नजिक तर शान्त र स्वच्छ ठाउँमा र सबै साधारण व्यक्तिहरूलाई पायक पर्ने ठाउँमा स्थापना गरिनु पर्छ तर यसो भन्दैमा अन्य बाहिरी गतिविधि तथा कृयाकलापले अनावश्यक बाधा पुग्ने ठाउँमा सङ्ग्रहालय भवन स्थापना गर्नु त्यति उपयुक्त मानिदैन । सङ्ग्रहालयको सम्वेदनशीलता प्रति उक्तिकै सतर्क हुनुपर्छ । सङ्ग्रहालय भवन स्थापना गर्न योजना बनाउँदा दुईवटा विषयमा ध्यान दिनु पर्छ ।

अ) बाह्य संरचना

आ) आन्तरिक संरचना

### ३.१.१.१ बाहृय संरचना

यस अन्तर्गत भवन स्थापना गर्दा अपनाउनु पर्ने बाह्य विषय जस्तो भवन कहाँ बनाउने, कति बनाउने, कसरी बनाउने, भवनको आकार प्रकार के कस्तो हुने आदिमा विचार गर्नु पर्छ । यसबाहेक भवन बनाउँदा निम्न तथ्यहरूमा ध्यान दिनु पर्छ ।[3]

क) शहर बाट नजिकै शान्त र सुरक्षित ठाउँको छनौट गर्नु पर्छ ।

ख) सङ्ग्रहालयमा संग्रहित वस्तुहरूलाई औद्योगिक प्रदुषणले असर पुऱ्याउँने हुँदा पार्किङ्ग स्थल डम्पिङ्ग एरिया तथा मुख्य सडकबाट केही टाढा हुनुपर्छ ।

ग) पोखरी नदि, ढल, नाली तथा सिमसार क्षेत्रको आसपासमा सङ्ग्रहालय भवन स्थापना गर्न अनुपयुक्त मानिन्छ ।

[1] पशुपति कुमार द्विवेदी, **संग्रहालय र समाज,** काठमाडौं, राष्ट्रिय संग्रहालय, २०३२, पृ. ८ ।
[2] विमलेस कुमार पाण्डेय र गीशिचन्द्र शुक्ल, **संग्रहालय विज्ञान,** मोतिलाल, बनारसीदास पटना, २००२, पृ. १०३ ।
[3] ऐजन, पृ. १०५ ।

प्रसिद्ध भारतीय विद्वान शिवस्वरूप सहायले पनि माथि उल्लेख गरिएका तथ्यहरूलाई स्वीकार गर्दै यस अन्य कुराको पनि चर्चा गरेका छन् । जुन यस प्रकार छन् ।[४] प्रशासनिक भवन र सङ्ग्रहालय भवन गरी अलग अलग भवनहरू हुनुपर्छ । सङ्ग्रहालय परिसरमा पुस्तकालय कक्ष, चमेनागृह, सूचनाकेन्द्र, सूरक्षा पोष्ट आदिको व्यवस्था हुनुको साथै ढलपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्छ ।

बाह्य संरचना निर्माण गर्दा सङ्ग्रहालय परिसरमा आकर्षक बगैचा र स-सानो खेल्ने चौरको निर्माण गर्दा सङ्ग्रहालयक भवनको सौन्दर्यमा सुगन्धता थपिन्छ । समाजका हरेक वर्गलाई विचार पुऱ्याएर र उमेर समुहलाई पनि मध्यनजर राख्दै सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी विषयमा ध्यान पुऱ्याउनु पर्छ ।

### ३.१.१.२ आन्तरिक संरचना

सङ्ग्रहालय भवन निर्माण गर्दा सङ्ग्रहालय भवनको आन्तरिक संरचनामा ध्यान पुऱ्याउनु पर्छ अर्थात वस्तु प्रदर्शन गरिने ग्यालरीहरूमा बढी वैज्ञानिक तरिकाले निर्माण गर्नु पर्छ । वस्तुको आकार, प्रकार र प्रकृति अनुसार ग्यालरीको साइज, शोकेसको निर्माण गर्नु पर्छ । यसो भएमा वस्तु प्रदर्शन गर्दा ग्यालरीको आन्तरिक सौन्दर्य झल्किन्छ । शोकेस बीचको दुरी, त्यसको उचाई पनि उचित ढङ्गको हुनुपर्दछ, ता की दर्शकहरूलाई दृश्यावलोकन गर्न कुनै कठिनाइ नआओस । सङ्ग्रहालयको आन्तरिक संरचना तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ ।

#### ३.१.१.२.१ ग्यालरी व्यवस्था

प्रदर्शन हल अर्थात ग्यालरी नै सङ्ग्रहलायको मुख्य केन्द्र विन्दु हो । तसर्थ ग्यालरी अर्थात प्रदर्शन कक्ष सङ्ग्रह गरिने वस्तुहरूको प्रकृतिसंग सामाञ्जस्यता राख्ने हुनु पर्छ अर्थात सन्तुलित हुनुपर्छ । वायुमण्डलमा सिलिका, एल्मुनियम, सोडियम क्लोराइड, Floric Acid अक्साइड, क्याल्सियम एवम म्याग्नेसिमय आदिका सुक्ष्म कणहरू हुन्छन् । जस्तो सङ्ग्रहगरी प्रदर्शनमा राखिएका वस्तुहरूसँग रासायनिक प्रतिक्रिया हुन पुगी वस्तुलाई कमजोर बनाउँछन ।[५] यसर्थ ग्यालरी निर्माण गर्दा हावा ओहोरदोहोर हुने झ्याल तथा

---

[४] शिवस्वरुप सहाय, **संग्रहालयकी ओर**, मोतिलाल वनारसीदास, पटना, १९९२, पृ. १८० ।

[५] पूर्ववत्, पादटिप्पणी नं. २, पृ. १०९ ।

आँखिझ्यालको निर्माण गर्नु पर्छ । वस्तुहरूको सुरक्षाको लागि पनि झ्याल तथा ढोका बलियो र राम्रोसंग खोल्न र बन्द गर्न सकिने हुनुपर्छ ।[६]

वास्तवमै सङ्ग्रहालय भवन निर्माण गर्नु ज्यादै नै जटिलकार्य हो । ग्यालरीको निर्माण गर्ने प्रक्रियामा अन्य ध्यान पुऱ्याउने कुराहरूमा भुइँ सिलिङ्ग बीचको दुरी, भुइँ र सिलिंगमा प्रयोग गरिने रंग रोगन लगायतका प्राविधिक विषयमा पनि बढी संवेदनशील हुनु पर्छ ।

### ३.१.१.२.२ प्रकाश व्यवस्था

ग्यालरी वा प्रदर्शनी कक्षको निर्माण गर्दा वा व्यवस्था गर्दा प्रकाशले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । प्रदर्शनीमा राखीने कतिपय वस्तुहरूको आयू ह्रास हुनमा प्रकाश वा प्रदर्शनी कक्षको तापक्रम पनि महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै वस्तुहरू अधिक प्रकाशको कारण नष्ट हुन जान्छ भने कुनै वस्तुहरू कम प्रकाशको कारण नष्ट हुन जान्छ । तसर्थ वस्तुहरूको सम्बेदनशीलता अर्थात प्रकृति माथि विचार पुऱ्याउँदै उचित तरिकाले प्रकाशको व्यवस्था गर्नु पर्छ अर्थात विश्वभरि नै प्रदर्शनकक्षमा प्रकाश व्यवस्था एकै प्रकारले हुनुपर्छ भनेर भन्न सकिएको छैन । तथापि देशको भुगोल पर्यावरण र वातावरण तथा जलवायुलाई ध्यान दिँदै प्रकाश व्यवस्था गर्नु पर्छ भन्ने मान्यता रहि आएको पाइन्छ ।[७]

वास्तवमा ३ वटा स्रोतहरूबाट प्रकाश प्राप्त हुन्छ ।[८] सूर्यबाट प्राप्त हुने प्रकाश, मट्टितेलबाट बालिने टुकिबाट प्राप्त हुने प्रकाश र विजुली वा Florescent बाट प्राप्त हुने प्रकाश यि ३ वटा श्रोतबाट हुने प्रकाशले वस्तुलाई प्रभाव पारिरहेको हुन्छ । सूर्यबाट आउने Ultraviolet Ray र X-Rays आदिको कारण वस्तुहरूमा रासायनिक परिवर्तन हुने गर्छ र वस्तुको आयुमा ह्रास हुन जान्छ ।[९] सङ्ग्रहालयमा Lamp को प्रयोग भने कहिल्यै पनि गर्न हुँदैन ।[१०] किन भने Lamp बाट निश्कने कार्वनडाइअक्साइड ग्यासले प्रदर्शनी कक्षको वातावण्रण प्रदुषित हुन जान्छ । वस्तुत प्रदर्शनीकक्षाहरूमा नियन्त्रण गरिएको प्राकृतिक प्रकाश र विजुली बत्ति नै उपयुक्त मानिन्छ । यसरी विजुलीबत्तिको वा Florescent light को प्रयोग गर्दा यसले show-case मा राखिएको वस्तुमा सुरक्षण तथा सौन्दर्य प्रदान गर्नुको साथै दर्शकको आँखालाई पनि असर गर्दैन ।

---

[६] Burmo molajoli, **Museum Architecture**, 1967, UNESCO, P. 167.

[७] देवेन्द्रमान श्रेष्ठ, **"पाटन संग्रहालय एवम् त्यहाँ संग्रहित कला वस्तुहरु"**, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६२, पृ. ८४ ।

[८] पूर्ववत् पादटिप्पणी नं. ४, पृ. ६८ ।

[९] ऐजन ।

[१०] पूर्ववत्, पादटिप्पणी नं. ७, पृ. ८४ ।

प्रदर्शनीकक्षमा सन्तुलितरूपमा प्रकाशको व्यवस्था गर्नु एक महत्त्वपूर्ण तर जटिल कार्य हो । उचित ढङ्गले प्रकाशको व्यवस्था गरिएमा वस्तुको शुरक्षणको साथै प्रदर्शनी कक्षको सौन्दर्यता झल्किन्छ । यस बाहेक मुलतः दुईवटा उद्देश्यले सङ्ग्रहालयमा प्रकाशको व्यवस्था गरिन्छ ।[११]

क) उच्चतम रूपमा वस्तुहरूको सम्वेदनशिलतालाई ख्याल गर्दै तिनको सुरक्षामा ध्यान पुऱ्याउन

ख) दर्शकको शारीरिक तथा मानसिक चाहनालाई पुरा गर्न ।

प्रकाशलाई प्रदर्शित वस्तुमा केन्द्रित गरिन्छ । सङ्ग्रहालय भवन पुरानै भएतापनि प्रदर्शित वस्तुको महत्त्व नघटनेगरी प्रकाशको व्यवस्था गर्नु पर्छ । जहाँसम्म सङ्ग्रहालयमा प्रकाशको प्रयोगको प्रश्न छ, विशेषज्ञहरूका अनुसार दुइ प्रकारका मतहरू प्रचलनमा रहेका देखिन्छन् ।[१२]

क) केही सङ्ग्रहालय विदहरू, वैज्ञानिक एवम् विद्युत इन्जिनियरहरू कृतिम प्रकाशका हिमायती देखिन्छन् ।

ख) अन्य सङ्ग्रहालय विद भने प्राकृतिक प्रकाशमा जोड दिन्छन् ।

डा. ए. पि. सिंहले प्राकृतिक प्रकाशको महत्त्वलाई जोड दिँदै प्राकृतिक प्रकाशको प्रयोगका विधिहरूलाई निम्न प्रकारले चर्चा गर्नु भएको छ ।[१३]

**क) साइड लाइटिङ्ग** - यस विधिबाट प्राकृतिक प्रकाशको प्रयोग गर्दा प्रदर्शनी कक्षको पर्खालको माथिपट्टी स-साना खिड्किहरू (Ventilation) मार्फत प्राकृतिक प्रकाश लिइन्छ ।

**ख) रिबन विण्डोज** - सङ्ग्रहालय प्रदर्शनी कक्षको उत्तरी पर्खालको लगभग ५ फिट माथि स-साना झ्यालहरू बनाइन्छ र सङ्ग्रहालयको लागि आवश्यक प्रकाश लिइन्छ । यस्तो विधिलाई रिबन विण्डोज भनिन्छ ।

[११] ए. पि. सिंह, **कन्जरभेसन एण्ड म्यूजियम्स टेक्निक्स,** दिल्ली, आगम कला प्रकाशन, १९८७, पृ. १०८ ।
[१२] पूर्ववत्, पादटिप्पणी नं. ७, पृ. ८४ ।
[१३] पूर्ववत्, पादटिप्पणी नं. ११ पृ. १०९ ।

ग) **स्काइ लाइट -** यस विधिबाट प्राकृतिक प्रकाशको प्रयोग गर्दा सङ्ग्रहालयको छानोमा बुलेट प्रुफ काँच मार्फत सङ्ग्रहालयमा प्रकाश पठाइन्छ ।

## ३.२ कृतिम प्रकाशको व्यवस्थापन विधि

प्राकृतिक प्रकाशको व्यवस्था भन्दा कृतिम प्रकाशको व्यवस्था गर्न सहज हुन्छ । किन भने कृतिम प्रकाशको व्यवस्था गर्दा आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरेर चाहेको ठाउँमा चाहेको अवस्थामा र चाहेको मात्रामा प्रयोग गर्न सकिने भएकाले यस विधिलाई महत्त्वपूर्ण मानिन्छ । कृतिम प्रकाश ट्युवलाइट, बल्ब, मर्करी आदिको माध्यमबाट प्रयोग गर्न सकिन्छ । कृतिम प्रकाशको प्रयोग पनि दुई तरिकाले गर्न सकिन्छ ।[१४]

### ३.२.१ प्रत्यक्ष कृतिम प्रकाश

वस्तुहरूलाई केन्द्रित गरी देखाउनको लागि प्रत्यक्ष प्रकाशको प्रयोग गरिन्छ भने कोठाको उज्यालोको लागि अप्रत्यक्ष प्रक्रियाबाट प्रकाश दिने गरिन्छ । अतः सङ्ग्रहालयको प्रकृति हेरी दुवै प्रकारका प्रकाशको प्रयोग गर्नु उपुक्त देखिन्छ । सङ्ग्रहालय भवनमा प्रकाशको व्यवस्था सुनिश्चित गर्नको लागि निम्न लिखित विषयमा ध्यान पुऱ्याउनु पर्दछ ।[१५]

१. विद्युतीय तार र स्वीचबक्स छोपिएको हुनु पर्दछ ।

२. प्रकाश व्यवस्था शान्तिपूर्ण एवम् सुखद हुनुपर्दछ ।

३. रंगिन प्रकाशको व्यवस्था गर्दा होसियारी अपनाउनु पर्छ ।

४. कलावस्तुको विरोधी रंगको प्रकाश व्यवस्था हुनु पर्दछ ।

### ३.२.२ अप्रत्यक्ष कृतिम प्रकाश

ग्यालरी वा कक्षहरुको उज्यालोका लागि अप्रत्यक्ष तरिकाले कृतिम प्रकाशको व्यवस्था गर्न सकिन्छ । जस्तो सिलिंगको एक कुनामा राखिएको ट्युवलाइट मार्फत सम्पूर्ण कक्षमा प्रकास छर्न सकिन्छ ।

सङ्ग्रहालय परिसरको वातावरण अनुसार प्रकाशको व्यवस्था गर्नु पर्छ । सङ्ग्रहालयमा भएका विभिन्न प्रकारका वस्तुहरूमा ढुसी नलागोस नमक्किउन भनेर तथा प्राकृतिक प्रकाशकै लागि पनि वायु सञ्चारण (Ventilation) को प्रयोग गर्नु पर्छ । यसले

[१४] पूर्ववत्, पादटिप्पणी नं. २, पृ. ११५ ।
[१५] ऐजन ।

गर्दा सङ्ग्रहालय भित्रको तापक्रम सन्तुलनमा राख्न सहयोग पुऱ्याउँछ । तसर्थ सङ्ग्रहालय भवनको निर्माण गर्दाको समयमै प्रकाश व्यवस्थापनको लागि सहि तरिकाले योजना बनाएको खण्डमा प्रदर्शनी कक्षमा प्रर्दशित वस्तुहरूको प्राकृतिक क्षतीहुनबाट बचाउँन सकिन्छ ।

### ३.२.३ प्रदर्शनी व्यवस्था

सङ्ग्रहालयका अवधारणा प्राकृतिक वस्तु संकलन गर्न मात्र होइन, संकलित वस्तुहरूलाई तिनको आकार, प्रकार, प्रकृति र अनुक्रम अनुसार दर्शकलाई मनोरञ्जनको साथसाथै केही जानकारी पनि दिलाउने उद्देश्यले निश्चित परिस्थितिमा तथा परिवेशमा रहेर सार्वजानीकरण गर्नु नै प्रदर्शन हो । त्यसैले सङ्ग्रहालयको प्रमुख कार्य प्रदर्शन नै हो । खाली भण्डारकक्षमा मात्र थुपारिएको कलाकृतिले सङ्ग्रहालयको गरिमालाई बढाउँदैन किनभने संकलित वस्तुहरूको प्रदर्शन नगरी खाली सङ्ग्रह मात्र गरिन्छ भने त्यो एउटा केबल भण्डारकक्ष वा गोदामघर मात्र हुन जान्छ । अतः सङ्ग्रहालय व्यवस्थापकको प्रमखु कार्य भनेको संकलित वस्तुलाई संभव भए सम्मसंगै राखि प्रदर्शन गर्नु हो ।[१६] उचित तरिकाले प्रदर्शन गरिएको खण्डमा अर्थात सङ्ग्रहालयले आफूसँग भएका विभिन्न वस्तुहरूलाई तिनको विषयवस्तु कालक्रम तथा क्षेत्रको आधारमा त्यसलाई सुहाउँदो र आर्कषक पृष्ठभूमिका प्रदर्शन गर्दछ । सङ्ग्रहालय भवनको आन्तरिक संरचना तयार पार्दा ती कुराहरूमा ध्यान दिनु पर्छ । सहीढङ्गमा व्यवस्थापन गरिएको प्रदर्शनीले दर्शकलाई एकिकृत गर्नुको साथै उनीहरूको मनमा कलाकृतिहरू सम्बन्धी जिज्ञासा उत्पन्न गराउँछ ।[१७] प्रदर्शनी कक्षको पृष्ठभूमि भित्ता र सिलिङ्को रंगको अवस्था, प्रदर्शित वस्तुहरूको संबेदनशीलता, शोकेसको आकार र प्रकार, तथा प्रदर्शनी कक्ष भित्र वतावरणको सन्तुलन आदि व्यवस्थापन गर्न सकिएमा प्रदर्शनीको शोभा बढ्न जान्छ । सङ्ग्रहालयमा प्रदर्शनीको व्यवस्था गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्छ ।[१८]

क) कुनै पनि वस्तुलाई ज्यादै होसियारीपूर्वक वर्गीकरण गरिनु पर्दछ । वर्गीकरण भित्र बाहिरका वस्तु न आउन भन्ने बारेमा विशेष ध्यान दिनु पर्छ ।

---

[१६] डंगोल र एलन, **द म्युजियम्स एण्डस फङ्सन,** युनेस्को, १९६२, पृ. २० ।

[१७] पूर्ववत्, पादटिप्पणी नं. २, पृ. ७१ ।

[१८] पुशुपतिकुमार द्विवेदी, **म्यूजियम्स इन नेपाल,** काठमाडौं, १९७६, पृ. ६८ ।

ख) वस्तुहरू ठिक ठाउँमा ठिक तरिकाले राख्नु पर्छ । उदाहरणका लागि ठूला ठूला ढुङ्गाका मूर्तिहरूलाई पादपीठमा राख्न सकिन्छ । यस्तै सानासाना वस्तुहरूलााई सुरक्षाको दृष्टिकोणले शो-केश भित्र राख्न सकिन्छ । यसो भन्दैमा ससाना वस्तुहरूलाई ठूलाठूला र ठूला वस्तुहरूलाई साना सोकेशमा राखि पनि प्रदर्शन गर्नु हुँदैन । वस्तुको आकार अनुसारको सोकेश बनाउनु नै उत्तम हुन्छ ।

ग) वस्तुहरू आकर्षक रूपमा मात्र नभई वस्तुको महत्त्व बुझाउने किसिमले राख्नु पर्दछ । उदाहरणको लागि यदि नृत्यदेबीको मूर्तिलाई बीचमा राखिएको भने यसको चारैतिर प्रसस्त ठाउँहरू राखिनु पर्छ ताकि दर्शकहरूले तुरून्तै यसको महत्त्व बुझ्न सकुन ।

घ) कृतिम प्रकाशको व्यवस्था गर्दा दर्शकहरूको आँखालाई असर नपुग्ने गरी वस्तुमा मात्र लक्षित गर्नु पर्छ । त्यसैले यस प्रयोजनको लागि उपयुक्त हुने गरी प्रकाशको व्यवस्था गर्नु पर्दछ । (हेर्नुहोस माथि प्रकाश व्यवस्थामा)

ङ) प्रकाशको व्यवस्था गर्दा उक्त वस्तुको चरित्र र किसिमलाई पनि ध्यान दिनु पर्छ । जस्तै जैविक वस्तुहरूको लागि प्रकाशको व्यवस्था गर्दा तिनीहरूमा असर नगरोस भनि चनाखो हुनु पर्दछ ।

च) वस्तुहरूको बारेमा दर्शकलाई जानकारी दिनको लागि छापा वा टंकन गरिएको परिचयपाटी Lebel राख्नु पर्छ । परिचयपाटीमा वस्तुको छोटकरी विवरण समेत उल्लेख गरिनु पर्दछ । यस्तो परिचयपाटीको माध्यमबाट सङ्ग्रहालय भ्रमण गर्ने दर्शकहरूले ज्ञान हासिल गर्न सक्दछन् ।

छ) प्रदर्शनमा ऐतिहासिक क्रमबद्धता पनि एउटा महत्त्वपूर्ण कुरा हो । यसप्रति पनि उचित ध्यान दिनु पर्छ । लथालिंग किसिमले राखिएका वस्तुहरूबाट दर्शकहरूलाई दुविधा तथा अन्योल हुन जान्छ ।

प्रदर्शनी व्यवस्थाका सिद्धान्तहरू यहि नै हुनुपर्छ भन्ने कुनै सर्वमान्य नियम छैन तथापि प्रदर्शनीको उद्देश्य, महत्त्व तथा समय अनुसार फरक फरक विधिहरू अपनाइएको पाइन्छ । प्रदर्शनीकक्षको पृष्ठभूमिले पनि प्रदर्शनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । अक्सर गरेर गरगहनाको पृष्ठभूमिको रूपमा रेशम वा मखमलको कपडा प्रयोग गर्ने

गरिन्छ ।[१९] यसले पृष्ठभूमिको नरमपनालाई दर्शाउँछ । यसै कारण गहनाका बट्टाहरूमा गाढा कलेजी वा निलो रंगको मखमल वा रेशमको प्रयोग भएको हुन्छ जसले गर्दा गहनाको सौन्दर्य बढाउँछ । यही सिद्धान्त हामी सङ्ग्रहालयको गहना तथा अन्य वस्तुहरूको प्रदर्शनमा पनि लागु भएको पाउछौं । यसैगरी शिशा, काठ, ढुंगा आदिका स-साना मुर्तिको पृष्ठभूमिको लागि सोहि अनुसारको पृष्ठभूमि प्रयोग गर्ने गरिन्छ ।[२०] रंग दर्शकहरूलाई आर्कषित गर्ने सबै भन्दा महत्त्वपूर्ण विषय हो । त्यसैले सङ्ग्रहालयमा वस्तुहरू प्रदर्शन गर्दा रंगमा विशेष ध्यान दिनु पर्छ ।[२१]

सङ्ग्रहालयमा वस्तुहरूलाई प्रदर्शन गर्दा पृष्ठभूमि वस्तुको रंग आपसमा मिलेको हुनु पर्छ । रंग धेरै चम्किलो र मधुर पनि हुन हुँदैन । यसले दृष्य प्रदुषण गराइदिन्छ । यस बाहेक वस्तुहरू प्रदर्शन गर्दा सकेसम्म आँखाको समतलमा हुने गरी मिलाएर राख्नु पर्छ  त्यस्तै वस्तुहरू राख्दा त्रिआयामिक पद्धति अनुरूप राख्नु पर्छ । प्रदर्शनीमा प्रदर्शित वस्तुहरूको प्रदर्शन व्यवस्था बारे चर्चा गर्दा प्रदर्शनीको महत्त्वपूर्ण तत्त्वहरू मध्ये शोकेसको विषयमा पनि चर्चा गर्नु उपयुक्त हुन्छ । शोकेस केबल वस्तुहरूको सुरक्षाको दृष्टिकोणले मात्र होइन सौन्दर्यपरक दृष्टिकोणले पनि महत्त्वपूर्ण हो ।[२२] अर्थात आधुनिक दृष्टिकोणमा सङ्ग्रह गरिएका वस्तुको सजावट एवम् सौन्दर्यको साथै सुरक्षित तरिकाले प्रदर्शन गर्नको लागि शोकेस एक महत्त्वपूर्ण साधन हो ।[२३] वस्तुको आकार र प्रकार अनुरूप शोकेस तयार गर्नु उपयुक्त मानिन्छ ।

सङ्ग्रहालयमा प्रदर्शन व्यवस्थापन गर्नु एकदमै कठिन कार्य हो । वैज्ञानिक तथा रोचक ढङ्गमा गरिने प्रदर्शनले सङ्ग्रहालयको गरिमा त बढाउँछ नै यसको साथै अर्कोतिर प्रर्दशित वस्तुहरूको सुरक्षाको विषयमा पनि सतर्क हुन जरूरी देखिन्छ । यस विषयमा तल चर्चा गरिने छ । माथि चर्चा गरिएका प्रदर्शनीको गहनता र जटिलतातीर सम्बन्धित क्षेत्रबाट अध्ययन हुनु जरूरी देखिन्छ । सामान्यतया सैद्धान्तिक रूपमा ४०% वस्तुहरूमात्र प्रदर्शन गरिन्छ भने बाँकी ६०% चाहीँ भण्डारमा नै सङ्ग्रह गरिन्छ । तथापि भण्डारमा सङ्ग्रह गरिएका वस्तुहरलाई पनि विभिन्न समयमा प्रदर्शन गर्ने गरिन्छ ।

---

[१९] पूर्ववत् पादटिप्पणी नं. ११, पृ. १०६ ।
[२०] ऐजन ।
[२१] ऐजन, पृ. १७७
[२२] आर. गणेशन, **भारतीय संग्रहालय एवम् जनसम्पर्क,** वाराणरसी, २००२, पृ. ८० ।
[२३] ऐजन ।

समय र परिस्थिति अनुसार प्रदर्शनीको प्रकृतिमा भिन्नता पाइन्छ कसैकसैले स्थाइ र अस्थाइ प्रदर्शनी गरी दुई तरिकाले प्रदर्शनीलाई हेरेका छन् भने कसैले परम्परागत विधि र आधुनिक विधि गरी दुई तरिकाले प्रदर्शन गर्न सकिने बताएका छन् तापनि मोटामोटी रूपमा प्रदर्शनीलाई तीन भागमा विभाजन गर्न सकिने देखिन्छ ।

क) अस्थायी प्रदर्शनी (Temporary Exhibition)

ख) गतिशील र विषेश किसिमको प्रदर्शनी (Mobile Exhibiton)

ग) स्थायी प्रदर्शनी (Permanent Exhibition)

कुनै एउटा सङ्ग्रहालयमा त्यहाँसंग्रहित सम्पूर्ण वस्तुहरू एकैपटक प्रदर्शनमा राख्न सकिदैन भने अर्कोतिर सङ्ग्रहालयको सुविधा नभएका ठाउँमा मानिसहरू केन्द्रीय सङ्ग्रहालयमा आएर आफ्नो सौख पुरा गर्ने आर्थिक हैसियत नभएका पनि हुन सक्छन् । यस बाहेक सङ्ग्रहालयले सङ्ग्रह गरेका वस्तुहरूलाई सम्बन्धित गाउँ ठाउँ, स्कुल, कलेज वा समुदायमा लगेर वस्तुहरूको प्रदर्शन गर्न सक्छ । यसरी निश्चित समयमा निश्चित समुह विशेष लाभान्वित हुने गरी गरिने प्रदर्शनीलाई अस्थायी प्रदर्शनी भनिन्छ । यस्तो खालको अस्थायी प्रदर्शनीले एकातिर सर्वसाधारण व्यक्तिहरूमा आफ्नो इतिहास, कला, संस्कृति तथा सभ्यताप्रति रूचि जगाइ दिन्छ भने अर्कोतिर शोधार्थी तथा अन्वेषकहरूलाई सहयोग पुऱ्याउनुको साथै क्षेत्रीय सङ्ग्रहालय खोल्नको लागि सहयोग पुऱ्याउने देखिन्छ ।[२४]

कुनै पनि निश्चित ठाउँमा स्थापित सङ्ग्रहालयमा गरिने प्रदर्शनीलाई स्थायी प्रदर्शनी भनिन्छ । यस्तो प्रदर्शनीमा आधिकारिक विधि र पद्धति अनुरूप प्रदर्शनको व्यवस्था गरिन्छ । वस्तुहरूको सुरक्षणको साथै सजावट र सौन्दर्यतर्फ पनि उत्तिकै ध्यान दिइन्छ । स्थाइ प्रदर्शनीमा प्रदर्शन गरिएका वस्तुहरुलाई बेला बेलामा परिवर्तन गर्नु आवश्यक हुन्छ । त्यसैले भण्डारमा रहेका वस्तुहरूलाई पनि समय समयमा परिवर्तन गर्दै प्रदर्शनीमा राख्नाले दर्शकहरूले नयाँ वस्तु देख्न पाउने हुन्छन् र एक पटक सङ्ग्रहालय भ्रमण गरिसकेका दर्शकहरू पनि फेरी सङ्ग्रहालय भ्रमण गर्न अभिप्रेरित हुन्छन् ।[२५]

कुनै विशेष दिन वा घटनाको अवसरमा गरिने प्रदर्शनलाई विशेष प्रकारको प्रदर्शनीको रूपमा हेरिन्छ । जस्तै भोटो जात्राको दिन प्रदर्शन गरिने भोटोलाई यस प्रकारको

---

[२४] ऐजन ।

[२५] पूर्ववत्, पादटिप्पणी नं. ७, पृ. ८२ ।

प्रदर्शनीको रूपमा हेर्ने गरिन्छ । वास्तवमा यस प्रकारको प्रदर्शनीमा जुन वस्तुहरू स्थायी रूपमा प्रदर्शन गरिदैन, त्यस्ता वस्तुहरूमात्र विशेष प्रदर्शनीमा प्रदर्शन गरिन्छ । यसरी गरिने प्रदर्शनीमा दर्शकको ध्यान प्रदर्शित वस्तुमा आकर्षित गर्न सक्नु पर्दछ ।

वास्तवमा सङ्ग्रहालयको मूल विषय नै वस्तुहरूको प्रर्दशन गर्नु हो । यसरी प्रदर्शनी गर्दा सङ्ग्रहालय व्यवस्थापकले विशेष ध्यान पुऱ्याउन जान्नु पर्छ । सङ्ग्रहालय भवनको आन्तरिक संरचना तयार गर्दा प्रर्दशनी कक्षहरू वैज्ञानिक तरिकाले निर्माण गर्ने विषयमा बढी केन्द्रित हुनु पर्छ । कक्षभित्रको वातावरणको सन्तुलन देखि लिएर सुरक्षासम्मका विषयहरूमा संवेदनशील रहेर प्रदर्शनीको व्यवस्थापन गर्नु नै सङ्ग्रहालयको आधार हो । यसर्थ प्रदर्शनी व्यवस्थापनमा दुईवटा महत्त्वपूर्ण विषयहरुमा ध्यान पुऱ्याउनु पर्छ ।

### ३.२.३.१ प्रदर्शित वस्तुहरुको परिचयपाटी

सङ्ग्रहालयमा वस्तुहरु प्रदर्शन गर्ने काममा परिचयपाटी (Lebelling) को निकै महत्त्वपूर्ण स्थान छ । परिचयपाटी बिनाको प्रदर्शनलाई उचित तथा सफल प्रर्दशनी मानिदैन । कुनै वस्तु देख्नासाथ दर्शकहरुमा त्यसबारे सामान्य जिज्ञासा उठ्नु स्वभाविक नै हो । दर्शकको सो जिज्ञासालाई शान्त गराउने उद्देश्यले सङ्ग्रहालयमा प्रदर्शीत वस्तुहरुको बारेमा संक्षिप्त विवरणलाई परिचयपाटी भनिन्छ । पैसा तिरेर सङ्ग्रहालय प्रबेश गरीसकेपछि दर्शकले त्यहाँ प्रदर्शित प्रत्येक वस्तुहरु बारे सामान्य जानकारी हासिल गरी सन्तुष्टि प्राप्त गर्न पाउनु उसको अधिकारको कुरा हो । यसको लागि परिचयपाटी सहायक बन्नु पर्छ । परिचयपाटीको प्रमुख उद्देश्य भन्नु नै सङ्ग्रहालय हेर्न आउने दर्शकहरुलाई प्रदर्शित गरिएका प्रत्येक वस्तुहरुबारे आवश्यक सूचना ठिक ठाउँ र परिबेशमा प्रदान गर्नु हो । यस अर्थमा शिक्षाको उद्देश्य पुरा गर्न समेत परिचयपाटीको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रयाप्त गाइडहरुको व्यवस्था गर्न नसकिने नेपाल जस्तो विकाशोन्मुख देशहरुको सङ्ग्रहालयमा त झन प्रदर्शित वस्तुहरु बारे ज्ञान तथा शिक्षा प्रदान गर्ने सशक्त माध्यम भनेको नै परिचयपाटी हुन गएको देखिन्छ ।

सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको बारेमा लिखित र मौखिक गरी दुई माध्यमबाट जानकारी दिइन्छ । गाइडले वस्तुहरुको बारेमा जानकारी मौखिक रुपमा दिने गर्छ । आजभोलि विकसित देशका सङ्ग्रहालयहरुमा इयरफोन जस्तो श्रव्ययन्त्रिक उपकरणहरुको पनि प्रयोग गर्न थालिएको छ । त्यस्तै प्रदर्शित वस्तुको जानकारी भिडियो रेकर्ड बाट पनि

दिने गरिन्छ । जो श्रव्यदृश्य दुबैका माध्यम हुन आएका छन् । लिखित जानकारी अर्न्तगत क्याटलग (Catlogue), निर्देशिका पुस्तिका (Guide Book) आदि पर्दछन् । सङ्ग्रहालयमा वस्तु प्रर्दशन गरिएको मौलिक ठाउँमा नै जानकारी प्रदान गर्नको तालि भन्दा परिचयपाटी नै बढी उपयुक्त हुने देखिन्छ । परिचयपाटीहरुमा वस्तुहरुको वर्णन लामो किसिमले गरिएका हुँदैनन् । तिनमा छोटो विवरण उल्लेख गरिन्छ जसमा शीर्षक तथा उपशीर्षक राखेर कुन किसिमको वस्तु, कहिले बनेको, कहाँ पाइएको, के बाट बनेको, कसले बनाएको, वस्तुको आकार प्रकार आदि कुराहरुको छोटो रुपमा परिचय हुन्छ । परिचयपाटीहरु स्पष्ट सँग पढ्न सकिने गरी स्पष्ट अक्षरमा टाइप गरी एउटै रंगको भित्ता वा पृष्टभूमिमा राख्ने गरिन्छ । रंगले वस्तुको आकर्षणलाई प्रभाव पार्ने भएकोले दर्शकहरुमा छिटो र स्थायी प्रभाव परोस भनेर परिचयपाटीमा विशेष गरी सेतो पृष्ठभूमिमा कालो अक्षरको प्रयोग गर्ने गरिन्छ । यसमा लेखिएका अक्षरहरु ठूला ठूला हुने गर्दछन् जसले गर्दा दर्शकले वस्तुहरुको बारे सजिलै जानकारी लिन सक्दछन् । अक्षर सर्वसाधारण जनताले पनि बुझ्ने भाषा तथा लिपिको प्रयोग परिचयपाटीमा गर्ने गरिन्छ । प्रदर्शित वस्तु जस्तै परिचयपाटीहरुमा पनि आँखाको समतलमा नै राख्ने गरिन्छ । परिचयपाटी यस्तो तरिकाले लेखिनु पर्छकी जसले दर्शकहरुमा त्यस वस्तुबारे अझ जान्ने कुतूहलता जगाओस ।

प्रदर्शनी व्यवस्थापनमा परिचयपाटीको महत्त्वपूर्ण भूमिका हुँदाहुँदै पनि यसको सही व्यवस्थापन गर्न नसक्दा प्रदर्शनी नराम्रो देखिन्छ । परिचयपाटीको पनि विभिन्न आकार र प्रकार हुने भएकाले कस्तो परिस्थितिमा कस्तो प्रकारको परिचयपाटी प्रयोग गर्ने भन्नेमा प्रदर्शनी व्यवस्थापकले ख्याल पुऱ्याउनु पर्छ । साधारण तया परिचयपाटी दुई प्रकारका हुने गर्दछन् ।

### ३.२.३.१.१ ग्यालरी लेवल

यस्तो प्रकारको परिचयपाटीमा कुनै एक ग्यालरी वा कक्षमा अएका सम्पूर्ण वस्तुहरुको बारेमा संक्षिप्त विवरण प्रस्तुत गरिन्छ । यस्तो प्रकारको परिचयपाटीबाट दर्शकले उक्त कक्षमा भएका वस्तुहरुको कला, विशेषता, ऐतिहासिकता र साँस्कृतिक एवम् पुरातात्त्विक वस्तुहरुको बारेमा जानकारी प्राप्त गर्न सक्दछ ।

### ३.२.३.१.२ इन्डिभिजुअल लेवल

यस्तो प्रारको परिचयपाटीमा उक्त वस्तुको सम्पूर्ण विवरण छोटकरीमा प्रस्तुत गरिन्छ । यस्तो प्रकारको परिचयपाटीको भाषा सहज र सरल हुनुपर्छ साथै आकर्षक शब्दावलीको प्रयोग हुनु पर्छ । अक्षरको आकार प्रकार राम्रोसँग देख्न सकिने र ठूलो हुनुपर्छ ।

परिचयपाटीहरु हस्तलिखित, टाइप गरिएका, मुद्रित आदि अनेक प्रकारका हुनु सक्छन् । यसका साथै शीर्षक सँग सम्बन्धित परिचयपाटी, विशिष्ट वस्तुसँग सम्बन्धित परिचयपाटी समूहका वस्तुहरुसँग सम्बन्धित परिचयपाटी, वर्णनात्मक परिचयपाटी आदिगरी विषयवस्तुको आधारमा पनि अनेक थरिका परिचयपाटीहरु हुन सक्छन् । परिचयपाटीको स्वरुप जे जस्तो भए तापनि यसको शीर्षक घतलाग्दो हुनु पर्छ । तर भ्रामत्मक एवम् रहस्यात्मक चाहिँ हुनु हुँदैन । परिचय पाटीहरु लामो भएको अवस्थामा यसलाई दुई वा तीन भागमा विभाजन गर्ने गरिन्छ । सामग्री छनौट, रंगको चयन, अक्षरको प्रकार, सामाग्रीको प्रर्दशित वस्तु राख्ने स्थान आदि जस्ता समस्याहरु परिचयपाटी निर्माण गर्दा आइपर्ने देखिन्छ । तथापि परिचयपाटी प्रर्दशनीको लागि ताल्चाको साँचो सरह नै भएको पाइन्छ । प्रदर्शनमा राखिएका वस्तुहरुले नै दर्शक सामु केही जानकारी दिइसकेको हुन्छ भने त्यस वस्तुको कथालाई सफल ढंग सँग दर्शकलाई बुझाउने र शिक्षा दिन परिचयपाटीको महत्त्वपूर्ण भूमिका रहेका हुन्छ । यसरी परिचय पाटीको वैज्ञानिक प्रस्तुतिकरण नै प्रर्दशनीको अभूतपूर्व सफलता मान्न सकिन्छ ।

### ३.२.३.२ शो-केश

प्रर्दशनी व्यवस्थापनमा शो-केश महत्त्वपूर्ण अवयव हो । खासगरी वस्तुलाई सुरक्षा प्रदान गर्नको लागि शो-केशको प्रयोग गरिन्छ । शो-केशको निर्माण गर्दा अत्यन्त सुक्ष्म विषयहरुमा ध्यान दिनु पर्छ । वस्तु पर्दशनी गर्नु भन्दा पहिले नै कुन वस्तुलाई कहाँ र कसरी प्रस्तुत गर्ने हो ? सो कुरामा विचार पुऱ्याउनु पर्छ । वस्तु प्रर्दशन गर्दा कुनै एक वस्तुको कारण अर्को वस्तुलाई बाधा पुग्नु हुँदैन् । प्रदर्शनी व्यवस्थाको आन्तरिक रुपरेखा तयार गरिसके पछि वस्तुको आकार प्रकार अनुरुप शो-केशको निर्माण गर्नु पर्छ । शो-केशमा प्रयोग गरिने काँच बुलेटप्रुफ र अल्ट्राभाइलट रे को गुण भएको हुनुपर्छ । सामान्यतया शो-केशलाई विभिन्न प्रकारमा राखेर व्याख्या गर्न सकिन्छ ।

### ३.२.२.३.१ टेबल शो-केश

सङ्ग्रहालय भवनको आन्तरिक कक्षहरुको बनावट र वस्तुको प्रकृति अनुसार शो-केश तयार गरिन्छ । सामान्यतया टेवल जस्तो आकारमा तयार पारिएको शो-केशलाई टेबल शो-केश भनिन्छ ।

### ३.२.३.२.२ वाल शो-केश

ग्यालरीको भित्ता खोपेर तयार गरिएको शो-केशलाई वाल शो-केश भनिन्छ । सामान्यतया पुराना दरबारहरुलाई सङ्ग्रहालयको रुप दिने क्रममा वाल शो-केशको अवधारणालाई बढी जोड दिइन्छ ।

### ३.२.३.२.३ फ्री स्ट्याण्डिङ्ग शो-केश

एक ठाउँबाट अर्को ठाउँमा सहजै सार्न सकिने शो-केशलाई फ्री स्ट्याण्डिङ्ग शो-केश भनिन्छ ।

शो-केशले वस्तुलाई सुरक्षा प्रदान गर्नुको साथै प्रदर्शनीलाई पनि सौन्दर्य प्रदान गर्ने भएकाले शो-केशको निर्माण एउटा प्राविधिक पक्ष मात्र नभएर कला पनि हो । वस्तुहरुको आन्तरिक भावनालाई बुझेर त्यस अनुरपको शो-केस तयार गर्दा कमसेकम सङ्ग्रहालय सम्बन्धि सैद्धान्तिक अवधारणालाई पनि ख्याल पुऱ्याउनु पर्दछ ।

### ३.२.४ संरक्षण, सम्बर्दन तथा सुरक्षा व्यवस्था

विभिन्न माध्यमबाट सङ्ग्रहालयमा संग्रहित वस्तुहरूकबो संरक्षण, सम्बर्दन गर्नु सङ्ग्रहालयको प्रमुख दायित्त्व हो, अर्थात सङ्ग्रहालय विज्ञानसँग सम्बन्धित महत्त्वपूर्ण पक्षहरूमा संरक्षण सम्बर्द्धन तथा सुरक्षा व्यवस्था पनि पर्दछ । मानव सम्यता, संस्कृति र इतिहाससंग जोडिएका यि विभिन्न भौतिक वस्तुहरू विभिन्न प्रकारको हावापानीमा अवस्थित हुन्छन् । ति वस्तुहरूलाई यदि सङ्ग्रहालयमा ल्याएर राखिने हो भने सोही प्रकृति अनुसारको वातावरण तथा सुरक्षाको व्यवस्था गर्नु पर्छ । मानवीय तथा प्राकृतिक कारणबाट पुराना वस्तुहरू नष्ट हुने गर्दछन् । यस्ता प्राचीन वस्तुलाई विग्रनबाट बचाउँनु तथा विग्रिसकेको अथवा विग्रन लागेका वस्तुको वैज्ञानिक उपचार गर्नु सङ्ग्रहालयको प्रमुख दायित्व हो । यसकारण सङ्ग्रहालयमा विशेष प्रकारले एउटा छुट्टै वैज्ञानिक प्रयोगशालाको स्थापना हुनु

पर्छ जहाँ त्यस्ता वस्तुहरूको रसायनिक उपचार गर्न सकिन्छ । त्यस्तै गरी संरक्षणविद तथा रसायनशास्त्री तथा अन्य दक्षजनशक्तिको व्यवस्था पनि सङ्ग्रहालयले नै गर्नु पर्छ ।

प्राचीन वस्तुहरू इतिहासका प्रतिविम्व हुन त्यस्ता वस्तुहरूको सहि तरिकाले संरक्षण गर्न सकिएमा भावि पुस्ताले इतिहासको यथार्थतासंग साक्षत्कार गर्न पाउने छन् । तसर्थ सङ्ग्रहालयशास्त्रमा संरक्षण र सम्बर्द्धनको महत्त्वपूर्ण भूमिका छ । पुरातत्त्वशास्त्र वा विषयमा त उत्खनन् स्थल मै अस्थाइ प्रकारको सङ्ग्रहालय र रासायनिक प्रयोगशालाको व्यवस्था गरिएको पाइन्छ । विगतका साँस्कृतिक प्रतिविम्वहरूलाई आजको समयमा त्यहि ढाँचामा निर्माण गर्न असम्भव हुन्छ । त्यसैले विगतका त्यस्ता सम्पदा कला र पुरावस्तुहरू हाम्रा पुर्खाका देन हुन् जो वर्तमानमा स्वदेशी र विदेशीहरूको लागि समेत आकर्षणका केन्द्र विन्दु भएका छन् । त्यस्ता नमुनाहरूले नै हाम्रो अतीतको संस्कृतिसंगको सम्बन्ध झल्काउने गर्दछन् । तसर्थ यस्ता महत्त्वपूर्ण वस्तुहरूको संरक्षण गर्न नेपाल जस्तो विकासोन्मुख देशमा जटिल छ तथापि नेपाल पुरातत्त्व विभागले संरक्षण र सम्बर्द्धनको महत्त्वपूर्ण जिम्मेवारी वहन गरेको छ र सङ्ग्रहालयले पनि यसतर्फ आफ्नो कदम बढाएको देखिन्छ ।

संरक्षण एक जटिल प्रक्रिया हो । यस कार्यमा बढीमात्रामा विज्ञानका विधि र प्रविधिहरू अपनाइन्छ । डा. ए. पि. सिँगले संरक्षणलाई out door conservation र indoor conservation गरी दुई प्रकारमा वर्गीकरण गर्नु भएको छ ।[२६] उहाँका अनुसार प्राचीन साँस्कृतिक सम्पदाहरूलाई सकेसम्म त्यसको आकार प्रकार र रंगमा कुनै परिवर्तन नहुने गरी संभव भएसम्म प्राचीन कच्चा पदार्थहरूलाई नै प्रयोग गरेर ती वस्तुको उपचार गर्नु नै संरक्षण तथा सम्बर्द्धन हो । उहाँका अनुसार सङ्ग्रहालयमा संग्रहित नगरिएका प्राचीन सम्पदाहरू खासगरी किल्ला वास्तुकला, दरबार, विहार लगायतका अन्य स्मारकहरूलाई संरक्षण गर्ने विधिहरूको चर्चा Outdoor conservation मा गर्नु भएको छ ।[२७] त्यस्तै सङ्ग्रहालय भित्रका कला कृतिहरूको संरक्षण विधिको विषयमा Indoor conservation मा गर्नु भएको छ ।[२८]

कुनै पनि संरक्षणको लागि प्रयोगशालामा पठाउँदा त्यसको अभिलेख राख्नु पर्छ । कुन वस्तु कु अवस्थामा कहिले र को मार्फत प्रयोगशालामा पठाइयो ? यी सबको विवरण

---

[२६] पूर्ववत, पाददटिप्पणी नं. ११, पृ. ८ ।
[२७] ऐजन ।
[२८] ऐजन, पृ. ५५ ।

खुलाउनु पर्छ । संरक्षण प्रक्रियामा विविध कानुनी पद्धतीलाई पनि अपनाउनु पर्छ । अन्यथा वस्तु सम्बन्धित व्यक्तिबाट हराउने डर हुन्छ । कानुनी प्रक्रिया पुरा गरेपछि सङ्ग्रहालयमा संग्रहित वस्तुहरू जसको संरक्षण गर्नु पर्ने आवश्यकता देखिएको छ, लाई उचित उपचारको लागि रसायनशालामा पठाइन्छ ।

वस्तुहरूको सुरक्षाको लागि मुख्यतया सङ्ग्रहालय भवन नै वैज्ञानिक प्रविधिबाट निर्माण गरिनु पर्छ । नेपालमा हालसम्म पनि वैज्ञानिक ढङ्गले सङ्ग्रहालयको निर्माण गरिएको छैन पुराना भवन तथा दरबारहरूलाइनै आधुनिकीकरण गरेर सङ्ग्रहालयको रुपमा स्थापना गरिएको छ । व्यवस्थित सङ्ग्रहालयमा वस्तुहरूको सहितरिकाले सुरक्षा गरिने भएकाले विग्रने डर कम हुन्छ । यसबाहेक सङ्ग्रहालय व्यवस्थापकले रसायनशास्त्रीहरूको व्यवस्थापन गरेको हुन्छ । तिनै रासायनशास्त्रीहरूको निर्देशनमासंग्रहित वस्तुहरू अवस्था हेरी रासायनिक प्रविधी प्रयोग गरी वस्तुलाई संरक्षित गर्नु पर्ने हुन्छ ।

संकलनमा रहेका वस्तुहरूलाई चोरी निकासीबाट बचाउने जिममेवारी पनि सङ्ग्रहालयकै हुन्छ । स्रोत र साधनको अभावका कारण चोरीबाट सामानहरू बचाउन सङ्ग्रहालय समक्ष ठुलो समस्या रहेको हुन्छ । सङ्ग्रहालयमा सकभर एउटा मात्र प्रवेशद्वार राख्ने र भ्यालहरूमा ग्रील एवम् जाली राखेर पनि यसलाई सुरक्षित गर्न सकिन्छ । प्रदर्शनका वस्तुहरू सङ्ग्रहालयका कर्मचारीहरूले समेत हेर्न सक्ने किसिमले मिलाएर राख्नु पर्छ । सङ्ग्रहालयका ग्यलरी इन्चार्ज तथा ग्यालरी गार्डहरूले पनि समय समयमा निरीक्षण गरिराख्नु पर्छ । महत्त्वपूर्ण वस्तुहरू राखिएको ठाउँमा राम्रो प्रकाश व्यवस्थाको साथै कडा सुरक्षा व्यवस्था गरिनु पर्छ । ठूला ठूला प्रस्तरका कलाकृति तथा त्यस्तै चिजहरू बाहेक अन्य वस्तुहरूखुल्ला नराखी शो-केस भित्र राख्नु पर्छ । सङ्ग्रहालयको सुरक्षा व्यवस्थालाई ध्यानमा राखि विशेषगरी तालिमप्राप्त तथा सुरक्षा निकायमा कार्यरत भूतपूर्व कर्मचारीहरूलाई सङ्ग्रहालयगार्डको रूपमा नियुक्ति गर्नु पर्छ । चोरीबाट बचाउँनको लागि ठाउँ ठाउँमा सी. सि. टि. भी. क्यामेराहरू जडान गर्नु उचित मानिन्छ । तर नेपालको लागि यो महंगो हुन जान्छ । तैपनि राष्ट्रिय सङ्ग्रहालयमा हालसालै CCTV जडान गरिएको छ ।

## ३.३ प्रशाशनिक व्यवस्था

कुनै संघ संस्था वा सरकारी कार्यलयको सहीतरिकाले सञ्चालन गर्नको लागि प्रशासनपक्षको मत्वपूर्ण भूमिका हुन्छ । वास्तवमा प्रशासन एउटा यस्तो संयन्त्र हो, जसले

कुनै पनि कार्यलयलाई गतिशीलता दिने गर्छ अर्थात त्यो संघ वा कार्यालयको उद्देश्य र भावनालाई परिपूर्ति गर्नको लागि संस्थागत विधान अनुरूप कार्यलय सञ्चालन गर्ने हैसियत राख्छ । यसै सन्दर्भमा सङ्ग्रहालय प्रशासनको महत्त्वपूर्ण भूकिा हुने देखिन्छ । सङ्ग्रहालय चाहे जतिसुकै सानो वा ठूलो होस त्यसलाई गतिशील एवम् उपयोगी बनाउनेमा सङ्ग्रहालयध्यक्षको प्रमुख भूमका हुन्छ । मुख्य प्रशासकीय अधिकृतको हैसियतले सङ्ग्रहालय प्रशासनको मुख्य जिम्मेवारी सङ्ग्रहालय प्रमुख माथि हुन्छ ।संग्रहित वस्तुहरूको जिम्मा विशेषज्ञहरू माथि हुन्छ ।[२९]

सङ्ग्रहालय प्रमुख कुनै पनि विषयको विशेषज्ञ नहोस तर उसमा सङ्ग्रहालयसँग सम्बन्धित विषयहरू बुझ्न र त्सलाई कार्यान्वयन गर्नको लागि बृहत दृष्टिकोण र रूचि हुनु पर्छ । सङ्ग्रहालय प्रशासनले सङ्ग्रहालय सम्बन्धी सम्पूर्ण विषयहरूको गहन अध्ययन एवम् छलफल गरी सङ्ग्रहालय सञ्चालनको रूपरेखा तयार गर्नु पर्छ । सर्वप्रथमत सङ्ग्रहालयले मान्यता प्राप्त गरिसकेपछि सङ्ग्रहालय सम्बन्धित गतिविधिहरू अगाडि बढाउन सहज हुन्छ । जस्तो वस्तु संकलन र संरक्षण एवम् सुरक्षण तथा त्यसको दर्ता गर्ने देखि लिएर प्रदर्शन गर्ने सम्मका जिम्मेवारीहरूलाई पुरा गर्ने प्रक्रिया अगाडि बढाइन्छ । जुन काम सङ्ग्रहालय प्रशासकको हुने गर्दछ ।[३०]

सङ्ग्रहालयको प्राविधिक व्यवस्थापन नै प्रशासनको नीति तथा नियमको आधारमा गरिन्छ । कर्मचारी भर्ना प्रक्रिया देखि लिएर कर्मचारीको तलब निर्धारण एवम् कार्यविभाजन सम्मको सम्पूर्ण प्रक्रियाहरूलाई प्रशासनले व्यवस्थापन गर्छ । कुनै कामको जिम्मेवारी वा दायित्व कुन कर्मचारीलाई दिने अर्थात सही कर्मचारीको छनौटको प्रक्रिया कसरी अवलम्बन गर्ने भन्ने विषयमा प्रशासनले हेर्ने गर्छ । सङ्ग्रहालय सञ्चालनको लागि आर्थिक श्रोत कसरी जुटाउने ? एक सङ्ग्रहालयले अर्को सङ्ग्रहालयसंग कसरी सहकार्य गर्ने ? सङ्ग्रहालयको विकासको लागि के कस्ता कार्य योजना तथा नियम नीतिको व्यवस्थापन गर्ने ? जस्ता प्राज्ञिक विषयहरूमा प्रशासनले ध्यान पुऱ्याउनु पर्छ । कर्मचारीको कार्य विभाजन गर्दा प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारी गरी दुईवर्गमा विभाजन गरिएको पाइन्छ । सङ्ग्रहालयको सम्पूर्ण व्यवस्थापनको जिम्मा सङ्ग्रहालय प्रमुखमा रहेको हुन्छ । उसको गहन दृष्टिकोणको आधारमा सङ्ग्रहालयको विविध पक्षहरूको व्यवस्थापन गरिन्छ ।

---

[२९] पूर्ववत्, पादटिप्पणी नं. १, पृ. उही ।
[३०] पूर्ववत्, पादटिप्पणी नं. १८, पृ. १०५ ।

सङ्ग्रहालयको मुख्य व्यक्तिका रूपमा सङ्ग्रहालय प्रमुख रहेका हुन्छन् । उनैले समग्र सङ्ग्रहालय तथा कर्मचारीहरूको नेतृत्व गरिराखेका हुन्छन् । सङ्ग्रहालय प्रमुखमा दक्षता, अनुभव, विषय सम्बन्धी ज्ञान, प्रशासन सञ्चालन तथा नेतृत्व गर्ने क्षमता जस्ता गुणहरू हुन पर्दछ । सङ्ग्रहालय सञ्चालक समितिले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरूलाई मूर्त रूप दिने काम सङ्ग्रहालय प्रमुखको नेतृत्वमा अन्य कर्मचारीहरूले गर्ने गर्दछन् । ज्यादै ठूला खालका सङ्ग्रहालयहरूमा सङ्ग्रहालय प्रमुख एक जनाले मात्र प्रशासन सञ्चालन गर्न कठिनाइ हुने अवस्थामा साहायक प्रमुखको पनि व्यवस्था गरिएको हुन्छ । साहायक प्रमुखले नै प्रमुखलाई हरेक कार्यहरूमा सहयोग पुऱ्याउने गर्दछन् । तसर्थ सङ्ग्रहालय प्रमुखमा हुनु पर्ने क्षमताहरू सहायक प्रमुखमा पनि हुनु पर्छ ।

सङ्ग्रहालयमा रहने अर्को महत्त्वपूर्ण पद-क्यूरेटर हो । सङ्ग्रहालयमा कति जना क्यूरेटर रहने भन्ने कुरा पनि सङ्ग्रहालयमा रहेका विभाग वा ग्यालरीहरूको संख्यामा भर पर्छ । क्यूरेटरलाई ग्यालरी इन्चार्ज पनि भनिन्छ ।

सङ्ग्रहालयसंग सम्बन्धित अन्य सामाग्रिहरुको जिम्मा क्यूरेटरमा जाने गर्दछ । प्रदर्शन अधिकारी (Exhibition Officer) को सहयोगमा ग्यालरीहरूमा हुने प्रदर्शनको तयारी तथा योजना निर्माण कार्य पनि क्यूरेटरले नै गर्ने गर्दछन् । सङ्ग्रहालय शिक्षाको केन्द्रको रूपमा विकास भइरहेको अवस्थामा सङ्ग्रहालयमा हुने सम्पूर्ण शैक्षिक कृयाकलापहरू यिनै अधिकारीको मातहतमा हुने गर्दछ । सङ्ग्रहालय तथा त्यहाँ प्रदर्शित वस्तुहरूबारे व्याख्या गर्ने काम लगायत अध्ययन अनुसन्धान तथा प्रकाशन सम्बन्धित कामहरूमा पनि यिनीहरूको ठूलो भूमिका रहेको हुन्छ । शैक्षिक अधिकारीको मातहतमा कर्मचारीहरूको रूपमा विभिन्न पथप्रदर्शकहरू पनि रहेका हुन्छन् । यिनै गाइडहरूले विभिन्न दर्शकहरूलाई प्रदर्शित वस्तुहरूको अर्थ र त्यसको महत्त्वबारे प्रकाश पार्ने गर्दछन । सङ्ग्रहालयमा भएका वस्तुहरू तथा नयाँ प्राप्त भएका वस्तुहरूको दर्ता किताब खडा गर्न दर्ता अधिकारी पनि सङ्ग्रहालयमा रहेका हुन्छन् । वस्तु कुन माध्यमबाट कस्तो स्वरूपमा प्राप्त भएको, त्यसको वर्गीकरण, दर्ता प्रक्रिया तथा क्याटलग निर्माण गर्ने आदि कार्यहरू यिनीहरूको जिम्मेवारी भित्र पर्दछ । सङ्ग्रहालयमा भएका वस्तुहरूलाई भावी पुस्ता वा सयौं हजारौं वर्षपछि सम्म पनि सुरक्षित रूपमा जस्ताको तस्तै राख्नु पर्ने भएको हुनाले सङ्ग्रहालयमा रसायनशास्त्री तथा संरक्षणविद पनि राख्ने गरिन्छ । यिनीहरूको काम भनेको जसरी पनि संग्रहित वस्तुहरूलाई संरक्षितगरी पछि सम्म नबिग्रने बनाउनु हो । यी बाहेक

सङ्ग्रहालय प्रशासनव्यवस्था सुचारू रूपले सञ्चालन गर्नको लागि प्रशासकीय कर्मचारीहरू, लेखा सम्बन्धी कर्मचारीहरू, पुस्तकालय सम्बन्धी कर्मचारीहरू, स्टोर किपर, ग्यालरी गार्ड, चौकिदार, सरसफाइ गर्ने कर्मचारी आदि अनेक कर्मचारीहरूको व्यवस्थापन प्रशासनीक संयन्त्र भित्र गरिन्छ ।

यसरी हेर्दा सङ्ग्रहालय प्रशासन व्यवस्थापनको लागि चाहिने कर्मचारीहरू निम्न अनुसार देखिन्छन् ।[३१]

१. निर्देशक वा सङ्ग्रहालयध्यक्ष वा सङ्ग्रहालय प्रमुख

२. किपर तथा सहायक किपर

३. जीव विज्ञान तथा मानव विज्ञान विशेषज्ञ

४. अनुसन्धन अधिकृत प्राविधिक

५. अन्य कर्मचारी वर्ग

   क) टेक्सी डर्मिष्ट — ख) फोटो ग्राफर

   ग) रसायनिक सहायक — घ) मोडेलर

   ङ) ड्रफ्टसमेन — च) माक्समेन

   छ) सिकर्मी — ज) चित्रकार

   झ) पेन्टर — ञ) इलेक्ट्रीसियन

   ठ) मेकानिक्स — ठ) डकर्मी

   ड) नकर्मी

६. कक्षा सहायक

७. गाइड लेकचर्स र गाइडहरू

८. पुस्तकालयध्यक्ष

९. स्टोर किपर

१०. प्रशासकिय कर्मचारी

---

[३१] पूर्ववत्, पादटिप्पणी १ ।

क) प्रशासन अधिकृत　　　　　　　　ख) लेखापाल

ग) कार्यालय सहायक　　　　　　　　घ) लिपि विशेषज्ञ

ङ) कार्यलय सहयोगी, बगैंचा, चौकिदार, तथा सरसफाइ गर्ने स्वीपर आदि

सङ्ग्रहालय व्यवस्थापन पनि प्राविधिकरूपमा विज्ञान र सैद्धान्तिक रूपमा एउटा नै कला हो । जसरी शिद्धहस्त कलाकारले आफ्नो अन्तर्मनको अभिव्यक्तिलाई आफ्नो सृजनाद्वारा प्रस्तुत गदर्छ, त्यसरी नै सङ्ग्रहालय विशेषज्ञ अथवा सङ्ग्रहालय व्यवस्थापकले मानवसभ्यताको प्रतिविम्वको रूपमा रहेको सङ्ग्रहालयलाई सयौं वर्षसम्म जीवन्त रहने शिलशिलाको आधारभूमि तयार गरिदिन्छ । अर्थात सङ्ग्रहालयमा संग्रहित ती संवेदनशीलता कला र संस्कृतिका प्राचीन प्रतिविम्वहरूलाई भाविपुस्ताको लागि जोगाइ राख्न सहिकिसिमको वैज्ञानिक र सैद्धान्तिक व्यवस्थापनको विश्लेषण गरी सङ्ग्रहालय सञ्चालन गर्ने आधारभूमि तथा भावी योजनाको रूपरेखा तयार गर्छ । सङ्ग्रहालय सञ्चालक समितिले सङ्ग्रहालय भवन स्थापना गरिसकेपछि वस्तुसंकलनको प्रक्रिया अगाडि बढाउँछ । यसरी विभिन्न स्रोतबाट प्राप्त वस्तुलाई सही तरिकाले उपचार गरिसकेपछि त्यसको सूची तयार पारिन्छ अर्थात दर्ता गरिन्छ र प्रदर्शनीमा राखिन्छ । वस्तु संकलन देखि प्रदर्शन सम्मको प्रक्रियामा एउटा प्रकार्यात्मक आन्तरिक सञ्जालको स्थापना हुन्छ, जसलाई व्यवस्थापकीय सञ्जाल भन्नु उपयुक्त हुन्छ । उक्त व्यवस्थापन समितिले नै सङ्ग्रहालयको गतिविधिलाई अगाडि बढाउँछ । सङ्ग्रहालयको विज्ञापन, प्रचारप्रसार को साथै अन्य सङ्ग्रहालयको सहकार्यमा कसरी सङ्ग्रहालयलाई समुचित तरिकाले सञ्चालन गर्न सकिन्छ भन्नेमा व्यवस्थापकीय कार्ययोजनाले निर्धारण गर्छ ।

सङ्ग्रहालयमा संग्रहित वस्तुहरूको आधारमा नेपालमा समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन गरिएको छैन् । सङ्ग्रहालय एउटा खुल्ला पुस्तकालयको प्रतिविम्व भएकोले प्राज्ञिक अध्ययन, अनुसन्धान र प्रकाशनको लागि सङ्ग्रहालयले व्यवस्थापन समितिले प्राज्ञिक संस्था स्थापना गरेर यस कार्यलाई अगाडि बढाउन सक्छ । सङ्ग्रहालय भनेको साँस्कृतिक, ऐतिहासिक धार्मिक तथा पुरातात्त्विक वस्तुहरूको सङ्ग्रह गर्ने एउटा भण्डार मात्र होइन, यो त महत्त्वपूर्ण शैक्षिक संस्था पनि हो । सङ्ग्रहालयमा बसि गरिएको उपयुक्त अनुसन्धानलाई हाम्रो संस्कृतिको हराएको सम्बन्धसंग जोडेर विभिन्न आम

सञ्चारका माध्यमहरूबाट ज्ञानको प्रवाह छर्न सकिन्छ । यसको लागि पनि सङ्ग्रहालय व्यवस्थापक को महत्त्वपूर्ण भूमिका हुन्छ ।

अतः एउटा सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापनको लागि प्रथमत सङ्ग्रहालयको उद्देश्यको परिपूर्तिको लागि दुरगामी योजना नै हुन पर्छ । सङ्ग्रहालय व्यवस्थापकले प्राज्ञिक छलफल र अनुन्धान गरेर सैद्धान्तिक, प्राविधिक तथा प्रशासनिक व्यवस्थापनको त्रिकोणात्मक संयोजन गर्न सक्छ ।

## अध्याय चार

# जुद्धजातीय कलाशालाको प्रर्दशनी व्यवस्थापन एक अध्ययन

## ४.१ अवस्थिति

राष्ट्रिय सङ्ग्रहालयको मुलद्वार प्रवेश गरेपछिको बाटोको पूर्वतिर सङ्ग्रहालयको परिसरमा यो जुद्धजातीय कलाशाला भवन अवस्थित छ । प्राङ्गणभित्र रहेको भिमसेन थापाद्वारा निर्मित शिलखानाको पूर्व र बौद्ध आर्टग्यालरी सङ्ग्रहालयको उत्तर पूर्वमा अवस्थित यस जुद्धजातीय कलाशालाको भवन दुईतले छ, जुन गुम्बज शैलिमा निर्मित छ । यो भवनभित्र नेपाली धर्म संस्कृतिका प्रतिविम्वित प्रस्तर, काष्ठ, धातु तथा माटोबाट निर्मित मूर्ति तथा विभिन्न कलाकृतिहरू प्रदर्शित छन् । यसका साथसाथै पौभा चित्र, गाताचित्र एवम् ग्रन्थ चित्रहरू पनि प्रदर्शनीमा राखिएको छ । यस ठाउँमा पुग्नको लागि स्वयम्भूबाट केही तल सीतापाइलाचोक बाट दक्षिण पूर्वीमार्ग तथा कालीमाटीबाट महेन्द्ररत्न क्याम्पस ( ताहचल) हुँदै जान सकिन्छ । यो सङ्ग्रहालय काठमाडौंको प्रशिद्ध बौद्ध तीर्थस्थल स्वयम्भूको नजिकै छ ।

## ४.२ परिचय

छाउनी स्थित राष्ट्रिय सङ्ग्रहालय नेपालकै महत्त्वपूर्ण सङ्ग्रहालयको रूपाम परिचित छ । भिमसेनथापा द्वारा निर्मित शिलखानालाई वि. सं. १९८५ मा सङ्ग्रहालयको रूपमा स्थापित गरिएको थियो पछि यो भवन श्री जुद्ध शम्सेर राणाले वि. सं. १९९५ मा निर्माण गराएका थिए । यस सङ्ग्रहालयलाई नै इतिहासकार एवम् सङ्ग्रहालय विज्ञहरूले नेपालको पहिलो सङ्ग्रहालयको रूपमा स्वीकार गरेका छन् । यस बाहेक सङ्ग्रहालयको प्राङ्गणमा अन्य दुईवटा महत्त्वपूर्ण सङ्ग्रहालय भवनहरू छन् । पहिलो जुद्धजातीय कलाशाला भवन र दोस्रोमा बौद्ध कला भवन रहेका छन् ।

भिमसेन थापाद्वारा निर्मित भवन मूल भवन हो यस भवनमा युरोपियन वास्तुशैलीका प्रयोग गरिएको छ । यस भवनको बेग्ला बेग्लै कक्षहरूमा क्रमशः प्रागैतिहासिक सङ्ग्रहालय कक्ष, ऐतिहासिक सङ्ग्रहालय कक्ष, तथा मुद्रासङ्ग्रहालय कक्षहरू स्थापना गरिएका छन् । प्रागैतिहासिक सङ्ग्रहालयकक्षमा टक्सीडर्मी विधिबाट निर्मित विभिन्न जीवजन्तुका आकृतिहरूलाई तिनको जीवनतता झल्कनेगरी प्रदर्शित गरिएका छन् । यसको साथ साथै

दाङ उपत्यका बाट प्राप्त प्रोगेतिहासीक मानवको जीवनलाई झल्काउने खालका दृश्यहरूलाई प्रदर्शित गरिएका छन् । यसले यस सङ्ग्रहालय कक्षको शोभा बढाएको छ । यसको साथ साथै प्रागितिहासिक मानवले प्रयोग गर्ने गरेका प्रस्तरका हातहतियार तथा अन्य उपकरणहरू पनि प्रदर्शित छन् । जुन नेपालका विभिन्न प्रागितिहासिक स्थलहरूबाट प्राप्त भएका हुन । यसैगरी मुद्रासङ्ग्रहालय कक्षमा प्राचीन सिक्काहरू जस्तो आहतमुद्रा, कुषाणमुद्राहरूका साथै नेपालका लिच्छविकाल मल्लकाल हुँदै शाहकालसम्मका विभिन्न राजा महाराजाका विभिन्न प्रकारका सिक्काहरू प्रदर्शित गरिनुको साथै विभिन्न देशहरूबाट प्राप्त सिक्काहरूलाई पनि प्रदर्शनमा राखिएको छ । यसै भवनभित्र रहेको ऐतिहासिक कक्षमा भने खासगरी शाहकालीन राजाहरूले विभिन्न युद्धमा प्रयोग गरेका विभिन्न हातहतियारहरू प्रर्दशित गरिएका छन् साथसाथै विभिन्न शाहकालीन राजा तथा राणा प्रधानमन्त्रीहरूको तस्विरहरूको प्रदर्शनीले यस कक्षलाई थप आकर्षण दिएको छ ।

बौद्धकला भवनमा बौद्ध धर्म तथा संस्कृति झल्काउने खालका साँस्कृतिक तथा धार्मिक कलाकृतीहरूलाई प्रदर्शनीमा राखिएको छ । साथसाथै लुम्बिनी तथा कपिलबस्तुबाट उत्खननको क्रममा प्राप्त बौद्धकालीन कलाकृतिहरू प्रदर्शित गरिएका छन् । बौद्ध धर्म तथा संस्कृतिको अध्ययनको लागि यो महत्त्वपूर्ण केन्द्र हुन सक्छ । यसैगरी जुद्धजातीय कलाशालामा भने विभिन्न प्रस्तर काष्ठ तथा मृणमयका कलाकृतीहरूको साथ मल्लकालीन चित्रकारीताका नमुनाहरूलाई प्रदर्शनमा राखिएको छ ।

## ४.३ जुद्धजातीय सङ्ग्रहालयको पृष्ठभूमि

नेपालमा वि. सं. २००७ साल अगाडि सम्म सर्वसाधारण जनतासमक्ष शिक्षाको पहुँच त्यति थिएन । कुनै व्याक्ति वा समुदायले कुनै संघ वा संस्था खोल्ने प्रचलन पनि त्यति थिएन तैपनि काठमाडौंमा नेवारी समुदायमा गुठी परम्परा थियो । नेवारी सामाजिकसंगठनको रूपमा विकसित यस्ता खालका गुठी वा संघहरूमा प्राचीन वस्तु तथा ग्रन्थहरू संकलन गरेर राख्ने परम्परा थियो । यस परम्परालाई नेपालको सन्दर्भमा सङ्ग्रहालयको विजविन्दुको रूपमा लिन सकिन्छ । पछि राणाकालमा आएर भने राणा प्रधानमन्त्री चन्द्रशम्सेर युरोप भ्रमण गरेर फर्किएपछि उनले नेपालमा सङ्ग्रहालय स्थापनाको लागि विशेष चासो राख्दै छाउनी स्थित शिलखानालाई वि. सं. १९८५ सालमा

सङ्ग्रहालयको रूपमा स्थापना गरे ।[1] तर पनि यो त्यतिबेला सर्वसाधारणको लागि खुल्ला गरिएको थिएन । विशेषगरी त्यसबेला भारतबाट आएका इष्ट इण्डिया कंपनीका राणाका विशिष्ट पाहुनाहरू तथा राणा एवम् राजपरिवारका नातेदार लाई मात्र सङ्ग्रहालयमा प्रवेश गर्न दिइन्थ्यो । नेपाल म्यूजियम भनिने यस सङ्ग्रहालयलाई २०२४ सालमा राष्ट्रिय सङ्ग्रहालय मा नामाकरण गरिएको थियो । समयको प्रवाहसंगै यसै शिलखानाको पूर्वतिर वि. सं. २००० सालमा राणा प्रधानमन्त्री जुद्धसम्सेरले उनको आफ्नो निजि स्रोतबाट रू. १२००००/- रकम खर्च गरेर जुद्धजातीय कलाशाला भवनको स्थापना गरे । यस भवन नै नेपालमा सङ्ग्रहालय कै लागि भनेर स्थापना गरिएको पहिलो सङ्ग्रहालय भवन हो । यसर्थ पनि यस भवनको आफ्नै विशिष्ट प्रकारको ऐतिहासिक महत्त्व छ । प्राचीन वस्तुहरूको संरक्षण र सम्बर्द्धनको लागि सङ्ग्रहालयको महत्त्वपूर्ण भूमिका हुन्छ । यसै सिलसिलामा वि. सं. २००९ सालमा पुरातत्त्वविभागको स्थापना भयो र यसपछि वि. सं. २०१३ सालमा लागु भएको प्राचीन स्मारक संरक्षण ऐन ले सङ्ग्रहालयको व्यवस्थापन र विकासको जिम्मा पुरातत्त्वविभागलाई दिएको देखिन्छ । यसपछिका दिनहरूमा भने नेपालमा सङ्ग्रहालयको स्थापना तीब्र गतीमा हुँदै गएको देखिन्छ ।

## ४.४ नेपालमा कलाको इतिहास

मानवको जंगली जीवनको कालखण्ड, जतीबेला लिपि भाषा र साहित्यको विकास नभइसकेको त्यो अवस्थामा आफ्ना भावनाहरूलाई अभिव्यक्त गर्नको लागि हातको इशारा वा संकेतको साथै चित्रकलाको विकास गरेको देखिन्छ । फ्रान्सको दोरदोग्ने, कोरिज, एरिज र स्पेनको अल्टामिरा जस्ता गुफाहरूमा चित्रकारिताका नमूनाहरू पाइन्छन् ।[2] मानवले आफ्ना भावना, विचार, ज्ञान र क्षमताद्वारा प्रष्फुटित सृजनात्मक प्रतिविम्वलाई प्रस्तर माटो, काठ तथा धातुहरू मार्फत अभिव्यक्त गरेको पाइन्छ । संसारका विभिन्न स्थानहरूमा प्राग ऐतिहासिक मानवले निर्माण, सृजना गरेका कलाकृतीहरू प्राप्त भएका छन् । प्रागीतिहासिक कालको महत्त्वपूर्ण काल मानिने उच्च पाषाणकालीन मानवले कोरेका चित्रहरू त युरोपका विभिन्न गुफाहरूमा प्राप्त भएका छन् ।[3]

---

[1] **नेपालका संग्रहालयहरु**, निरजकुमार राजवंशी, सूचना विभाग, **नेपाल द्वैमासिक,** २०६८, पृ. ४९ ।
[2] एम. सि. वर्किट, **द ओल्ड स्टोन एज,** न्यू दिल्ली : रुपा एण्डको, १९९३, पृ. १८३ ।
[3] ऐजन, पृ. १८४ ।

प्रागैतिहासकालको अन्तिमकाल मानिने नवपाषाण काल पछि विकसित विभिन्न संस्कृतिले विभिन्न सभ्यतालाई जन्मदियो । यस युगका प्रख्यात सभ्यताहरूमा भारतीय उपमहाद्वीपको सिन्धुसभ्यता, मिश्रको सभ्यता, मेसोपोटामियाको सभ्यताहरू महत्त्वपूर्ण मानिन्छन् । यि सभ्यताहरूमा विकसित कलाकृतिहरूलाई आज पनि संसारका विभिन्न सङ्ग्रहालयहरूमा राखिएका छन् भने केही कलाकृतिहरू Insitu मा नै संरक्षित छन् ।

भारतीय उपमहाद्वीपमा प्राचीनकाल देखि नै कलाको विकास हुन थालेको तथ्यलाई पुरातात्विक एवम् साहित्यिक साक्षहरूले प्रमाणित गरेका छन् । खासगरी सिन्धुसभ्यताको उत्खनन्बाट प्राप्त विभिन्न कलाकृतिहरूले भारतीय उपमहाद्विपमा कलाको प्राचीनतालाई प्रमाणित गरेका छन् भने सिन्धुसभ्यता पछि सभ्यता मानिने बौद्धिक सभ्यतामा पनि कलाको विकास भएको सन्दर्भ बौद्धिक साहित्यहरूमा पाइन्छ । खासगरी बौद्धकालीन साहित्यहरूमा कलाकृतिको प्रसंग पाइए तापनि कलाकृतिका नमुनाहरू भने प्राप्त भएका छैनन् तापनी नेपालको कपिलवस्तु जिल्लाको तिलौराकोटमा प्राप्त दरवारको अवशेष बौद्धकालको नै हो भन्ने विषयमा विभिन्न विद्वानहरूबीच विवाद रहेको देखिन्छ ।

यसै सिलसिलामा भारतमा ऐतिहासिक काल देखि भने प्रसस्त संख्यामा कलाकृतिहरू प्राप्त भएका छन् । खास गरी कलाको क्षेत्रमा विकसित भएका विभिन्न भारतीय शैलीहरूमा मौर्यकलाशैली, मथुरा कलाशैली, सुंगकुषाण कलाशैली, गान्धार कलाशैली, गुप्तकलाशैली र पाल-सेन कलाशैलीमा निर्मित विभिन्न कलाकृतीहरू आज पनि भारतका विभिन्न क्षेत्रहरूमा छरिएर रहेका छन् ।

नेपालमा कलाको प्राचीनताको अध्ययन गर्दा प्रामाणिक रूपले लिच्छविकालसम्म जान सकिन्छ । नेपालमा मूर्तिकलाको प्राचीनताको सन्दर्भमा नेपालका विभिन्न पुरातात्त्विक स्थलहरू जस्तो कपिलवस्तु, लुम्बिनी, बाञ्जारही, मुस्ताङग तिलौराकोट आदि स्थानमा गरिएका पुरातात्त्विक अन्वेषण र उत्खननबाट प्राप्त मृण्मयका मूर्तिहरूले इशापूर्वका दोस्रो तेस्रो शताब्दिहरू देखि नै नेपालमा मूर्ति निर्माण गर्ने परम्परा रहेको स्पष्ट पार्दछ ।[४] तथापि नेपालको कलाको इतिहासको शिलशिलाबद्ध तरिकाले अध्ययन गर्दाखेरी खासगरी गोपालकाल, महिषपालकाल तथा किराँतकालका कुनैपनि कलाकृतीहरू हालसम्म प्राप्त भएका छैनन् । तर विभिन्न साहित्यिक श्रोतहरूले यी कालमा पनि कलाको विकास भएको

[४] गणेश क्षेत्री र रामचन्द्र रायमाझि, **नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण,** एसिया पब्लिकेसन, काठमाडौं : २०५६, पृ. ८९ ।

संकेत गरेका छन् । प्रारम्भिक लिच्छविकाल अर्थात द्वितीय र तृतीय शताब्दिमा निर्माण गरिएका मानिने केही कलाकृतीहरू नेपालमा प्राप्त भएका छन् । लैनसिंह वाङ्देलका अनुसार यी कलाकृतीहरूमा भारतीय मथुरा कलाशैलीको प्रभाव परेको पाइन्छ ।[५] नेपाली कलाको इतिहासमा लिच्छविकाललाई कलावस्तुकलाको स्वर्णकाल भनिन्छ । यसकालमा कलाका विविधपक्षहरूमा विकास भएको तथ्य पुरातात्त्विक साक्ष अर्थात स्वयम कलाका नमूनाहरूद्वारा प्रमाणित छ । खासगरी प्रस्तरकला, धातुकला, काष्ठकला, मृण्मयकला आदिको विकास भएको जानकारी विभिन्न श्रोतहरूबाट पाइएतापनि लिच्छविकालीन काष्ठशिल्पि र चित्रकारीताका नमुनाहरू हालसम्म देख्न पाइएको छैन । लिच्छविकालीन प्रस्तर कलाका केही नमुनाहरू जुद्धजातीय कलाशालामा प्रदर्शित गरिएका छन् । गुप्तकलाशैलीको प्रभाव परेका मानिने यी लिच्छविकालीन कलामा नेपाली मौलिकताको प्रयोगले भारतीय गुप्तकलाको प्रभावलाई छायामा पारेका तथ्य सबैका सामु छर्लङ्ग छ ।

नेपालको पूर्व मध्यकाल मानिने १०/११ औं शताब्दिदेखिका प्रस्तर तथा धातु एवम् काष्ठका मूर्तिहरूले नेपाली कलाको विकासमा आएको परिवर्तनलाई अंगीकार गरेको पाइन्छ । हिन्दू, तथा बौद्ध धर्ममा विकसित भएको तन्त्रवादले नेपाली कलालाई प्रभावित गरेको छ । यसको साथै भारतीय पालसेन तथा मुगलकला शैलीले नेपाली धातु तथा प्रस्तर मूर्तिकला एवम् चित्रकलामा प्रत्यक्ष प्रभाव पारेको देख्न सकिन्छ ।

हाल जुद्धजातीय कलाशालामा प्राचीनकालीन प्रस्तर मूर्तिहरूका साथै मल्लकालीन मूर्तिकला तथा चित्रकारीताका नमुनाहरू प्रदर्शनमा राखिएका छन् । नेपाली कलाको अध्ययन गर्नेहरूका लागि यस कलाशाला महत्त्वपूर्ण केन्द्रको रूपमा उपस्थित छ । जुद्धजातीय कलाशाला भवनमा अधिकांश कक्षहरुमा विभिन्न समयमा निर्मित मूर्तिहरुको प्रदर्शन गरिएको छ । प्रस्तुत शोधमा शोधसारको रुपमा प्रदर्शनी व्यवस्थापन पक्षलाई हेरिएको छ ।

## ४.५ जुद्धजातीय कलाशालामा प्रदर्शित मूर्तिहरूको संक्षिप्त विवरण

जुद्धजातीय कलाशाला भवन नेपालमा सङ्ग्रहालयको लागि भनेर निर्माण गरिएको पहिलो सङ्ग्रहालय भवन हो । शहरबाट केही नजिक स्वयम्भूको पृष्ठभूमीमा स्थापना गरिएको राष्ट्रिय सङ्ग्रहालय छाउनीको प्राङ्गणमा अवस्थित यस भवन गुम्बज तथा युरोपियन शैलीको मिश्रित रूपमा निर्मित छ । यस कलाशाला भवनको प्रवेशद्वार अगाडि

[५] लैनसिंह वाङ्देल, **स्टोलन इमेज अफ नेपाल,** काठमाडौं : रोयल नेपाल एकेडेमी, १९८९, पृ. ३२ ।

दुईवटा स्तम्भबीच तेर्स्याएर बनाइएको तीनवटा रेलिङ्गमा भारतको मध्यप्रदेश स्थित साँची स्तुपाको प्रतिकृति (Replica) अंकित गरिएको छ, जसमा भगवान बुद्धको जन्मसँग सम्बन्धित बौद्धजातकका कथाहरूलाई आधार मानि प्रस्तुत गरिएको छ ।

मुलद्वार प्रवेशगरेपछि भुइतलाको बायाँतीरको कक्ष छ । यस कक्षलाई प्रस्तुत शोधमा ग्यालरी 'ए' नाम दिइएको छ । यसकक्षमा काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट संकलन गरिएका प्रस्तरका मूर्तिहरू प्रदर्शनमा राखिएका छन् । यस कक्षमा क्रमश: अर्पणाकोरूपमा पार्वतीले तपस्या गरेको दृष्यफलक जसलाई कुमार संभव नामले चिनिन्छ, ब्रम्हाचारीको रूपमा शिवको मूर्ति, शिवपार्वतीको श्रृङ्गाररत मूर्तिफलक, नृत्यमय शिवपार्वती विष्णु र नागराजका मूर्तिहरू, हाँडीगाउँबाट प्राप्त पूर्णकलश, श्रीधर विष्णु, प्रतिकात्मक भक्ति दृष्य, सिम्रौनगढबाट प्राप्त सूर्यको मूर्ति र सिंहबाहिनी दुर्गा, ब्रम्हा र नारायणका मूर्तिहरू, लाजिम्पाटबाट प्राप्त मानदेव प्रथमको संवत् ३८९ को विष्णु विक्रान्तको मूर्ति, शिवको शिरोभाग, पञ्मुखी भैरव, पदमहस्ता लक्ष्मीको मूर्ति, यक्ष, राजपुरूष, मालीगाउँबाट प्राप्त घर बनाउँन जग खन्ने क्रममा प्राप्त संवत १०७ लेखिएको अभिलेख सहितको जयवर्माको मूर्तिहरू प्रदर्शनीमा राखिएका छन् । खासगरी लिच्छविकालीन उच्चतम कलाका नमुनाहरू यस कक्षमा राखिएका छन् । जुन प्राचीनताको दृष्टिकोणबाट पनि अत्यन्त महत्त्वपूर्ण छन् । शास्त्रीय नियम र प्रतिमा लक्षणको सिद्धान्तमा आधारित रहेर निर्माण गरिएका यी मुर्तिहरूले जुद्धजातीय कलाशालाको गरिमा बढाएका छन् ।

यस पछिको दोस्रो कक्षलाई ग्यालरी 'बी' नाम दिइएको छ । यस कक्षमा पनि प्रस्तर र मृण्मयका मूर्तिहरू प्रदर्शित छन् । यस कक्षमा प्रस्तर मूर्ति अन्तर्गत क्रमश अर्धनारिश्वर, सूर्य, श्रीकृष्ण, चन्द्र, हरीहर, पाञ्चायन देवता, महालक्ष्मी, छत्रचण्डेश्वर, गरूड, यक्षयक्षिणी, मात्रिका (हारती), मत्स्यवतार विष्णु लगायतको मध्यकालीन प्रस्तर मूर्तिहरू प्रदर्शनीमा प्रदर्शित छन् । त्यसैगरी यसै कक्षको अन्तिम लहरमा मृण्मयकला खण्ड छ । यस लहरमा मृण्मय कलाका पछिल्लो मल्लकालका नमुनाहरू मा शाक्त प्रतिमा अन्तर्गत सत्रौं शताब्दिका नवदुर्गाका मूर्तिहरू प्रदर्शित छन् । यस कक्षमा विशेषगरी १५ औं देखि सत्रौं शताब्दिसम्मका नमुनाहरू राखिएका छन् ।

यस पछिको तेस्रो कक्ष ग्यालरी 'सी' मा धातुकला कक्ष रहेको छ । यस कक्षमा पनि मल्लकालीन धातु कलाका मूर्तिहरूलाई प्रदर्शनीमा राखिएको छ । यसकक्षमा भने भित्तामै टँसाएर शोकेसहरू निर्माण गरी विभिन्न समयमा निर्मित विभिन्न देवीदेवताका मूर्तिहरूलाई

शो-केस मा राखिए प्रदर्शित गरिएको छ । यस कक्षमा क्रमशः कुमारी, षडाक्षरी लोकेश्वर, तारा, अपरामित जोगिनी, चैत्यको नमुना, महिषसुरमर्दिनी, उमामहेश्वर, वैरोचन, बज्रकील, गणेश, कुवेर बालगोपाल, पदमपाणाी, तोरणसहितको भैरव, चक्रसंवर, पञ्चमुखी हनुमान, नृत्य भैरव, कृष्णमन्दिरको नमुना, विश्वरूपमूर्ति, नटराज शिव, नागफणी, शेषशायी विष्णु, बुद्धको शिरोभाग, बासुदेव कमलाज, मल्ल राजा तथा रानीका मूर्ति, शुखवर भैरब, शिहमुखकाम भैरव आदि मल्लकालीन धातुका मूर्तिहरू, प्रदर्शित छन् । यसकक्षमा हिन्दु र बौद्ध देवताको साथै तन्त्रबाट प्रभावित मूर्तिहरू पनि देख्न सकिन्छ ।

यसपछिको चौथोकक्षमा पनि धातुका मूर्तिहरू नै प्रदर्शित गरिएको छ । यस कक्षमा क्रमशः सरस्वती, नारायण ह्यग्रीब स्वागतमण्डल, महिसासुरमर्दिनी, भक्तभक्तिनी, भुपतिन्द्र मल्ल (राजा) को शालिक, चक्रसंवर, महावैरोचन, बसुन्धरा, बराह, कुमार, शिवलिंग मत्स्यवतार विष्णु, रामलक्षण, बज्रसत्व एक मल्लरानी, ललित त्रिपुरा सुन्दरीको शालिक प्रदर्शनीमा छन् । यस कक्षमा पनि १६ औं देखि २० औं शताब्दिसम्मका मूर्तिहरू छन् ।

यस पछिको पाँचौ कक्ष काष्ठकलासँग सम्बन्धित छ । यस कक्षमा पन्ध्रौं देखि विसौं शताब्दिसम्मका काष्ठकलाका नमुनाहरू प्रदर्शित छन् । यस कक्षमा हिन्दु तथा बौद्ध देवदेवीका मूर्तिहरू जस्तो दिपकर बुद्ध, तोरण, चण्डभैरब, इन्द्र, इन्दायणी, आर्यतारा, कुमार, नृत्यदेवी दुर्गा लगायत विभिन्न आकार प्रकारका तोरण तथा झ्यालहरू प्रदर्शित छन् । यस काष्ठकलामा प्रर्दशनीमा राखिएका मूर्तिहरुमा Dancing Girl (नृत्यदेवी) को मूर्ति ज्यादै उत्कृष्ठ कालिगढीको मानिन्छ

काष्ठकला कक्ष पछिको छैटौं कक्ष, चित्रकला कक्ष रहेको छ । यस कक्षमा विभिन्न ग्रन्थहरू, पौभाचित्र, ग्रन्थचित्र आदि प्रदर्शित छन् । शो-केसमा सजाएर राखिएका मल्लकालीन ग्रन्थ चित्रहरूले दर्शकहरूलाई लोभ्याउन सफल भएको देखिन्छ । त्यसैगरी रामायण तथा महाभारतको साथै कृष्णलीला सम्बन्धित चित्रहरूले धार्मिक व्यक्ति तथा चित्रकारीतामा रूचि राख्ने कलाकारहरूलाई आकर्शित गर्न सफल छन् । यसकक्षमा विशेषगरी यसै सङ्ग्रहालयबाट हराई पुन प्राप्त भएको शाहनामा ग्रन्थ विशेष आकर्षण छ । यसैगरी भुईंतलाका गल्लीका भित्ताहरूमा भने धार्मिक तथा पुरातात्त्विक स्थलका तस्विरहरू झुण्ड्याइएका छन् ।

यसै कलाशालाको दोस्रोतलामा हिमाली कला सजावट खण्ड भनेर नाम दिइएको छ । यस हिमालीखण्डमा पनि बौद्ध धर्म संस्कृति तथा सजावट हिमाली जनजीवनसँग सम्बन्धित विभिन्न मूर्ति तथा कलासामाग्रीहरू प्रदर्शित छन् । यस खण्डमा बाहिरी पर्खालको भित्री भित्तामा बनाइएको शो-केसहरूमा क्रमश अवलोकित्तेश्वर, अक्षोभ्य बुद्ध, पदमपाणी, बज्रपाणी तथा विभिन्न शैलीका चैत्यहरूको नमुना प्रदर्शित गरिएको छ । त्यसैगरी कुमारीघरको झ्यालको नमुना, न्यातपोल मन्दिरको नमुना तथा हस्तीहाडबाट निर्मित सामाग्रीहरू प्रदर्शित छन् यस हिमाली कला सजावट खण्डमा १६ औं देखि २० औं शताब्दिसम्मका विभिन्न सामाग्रीहरू देख्न सकिन्छ ।

## ४.६ जुद्धजातीय कलाशाला भवनमा प्रदर्शित वस्तुहरूको प्रदर्शनी व्यवस्थापनपक्ष

जुद्धजातीय कलाशाला भवनमा विभिन्न कक्षहरू रहेका छन् । ती कक्षहरूमा प्रदर्शित वस्तुहरूको संक्षिप्त विवरण उल्लेख गरि सकिएको छ । यस खण्डमा अनुसन्धानको मुख्य विषयमा रहेको जुद्धजातीय कलाशाला भवनमा प्रदर्शित वस्तुहरूको प्रदर्शनी व्यवस्थापन सम्बन्धी छलफल गरिदैंछ । सङ्ग्रहालयमा वस्तु संकलन गर्नु मात्र नै प्रमुख विषय होइन, बरू संकलित वस्तुलाई उचित तरिकाले प्रदर्शन गर्नु पनि महत्त्वपूर्ण पक्ष हो । सङ्ग्रहालयमा वस्तुहरू प्रदर्शन गरिएको तरिकाको आधारमा प्रदर्शनीव्यवस्थापकको क्षमताको मूल्याङ्कन गर्ने गरिने भएकोले प्रदर्शनी व्यवस्थापनको महत्त्व रहन्छ । प्रदर्शनी व्यवस्थापनलाई सङ्ग्रहालयको महत्त्वपूर्ण कार्यको रूपमा लिइन्छ । प्रदर्शनीले सङ्ग्रहालयलाई पहिचान दिन सक्छ भने अर्कोतिर सङ्ग्रहालय व्यवस्थापकपको क्षमताको पनि प्रतिनिधित्व गरिराखेको हुन्छ । प्रदर्शनी व्यवस्थापन गर्दा ख्याल गर्ने विषयहरूमा पहिलो विषय भनेको सङ्ग्रहालय भवन र कक्षहरूको व्यवस्थापन हो । यदि पुरानो दरबार र ऐतिहासिक स्मारकहरूमा प्रदर्शनी गर्ने हो भने त्यस ठाउँलाई कसरी प्रदर्शन योग्य बनाउन सकिन्छ भनेर ध्यान पुऱ्याउनु पर्ने हुन्छ । कुन कक्षमा के कस्ता वस्तुहरू प्रदर्शन गर्ने हो निश्चित भएपछि शो-केस र पेडस्टलहरूको निर्माण गर्नु पर्छ । प्रदर्शनीको मुख्य उद्देश्य भनेको नै कसरी सहज र आकर्षक ढङ्गले वस्तुलाई प्रदर्शन गर्न सकिन्छ भन्नेमा ख्याल पुऱ्याउनु हो । प्रदर्शन व्यवस्थापन गर्दा दर्शकलाई सर्वप्रथम कुन ठाउँबाट प्रवेश गराउने र कस्ता वस्तुहरूलाई कुन ठाउँमा राख्दा प्रदर्शनीमा सौन्दर्यता झल्किन्छ भन्ने कुरामा पनि ध्यान पुऱ्याउनु पर्छ । त्यसका साथ साथै वस्तु प्रदर्शनमा प्रर्दशनी विज्ञानलाई अनुशरण गर्न नितान्त जरुरी हुन्छ ।

वैज्ञानिक तथा विशिष्ट प्राविधिक ढंगले गरिएको प्रर्दशनले दर्शकलाई अभिरुची बढाउनुको साथै मनोरञ्जन पनि दिने गर्दछ ।

प्रस्तुत उपशीर्षकमा जुद्धजातीय कलाशालाको प्रर्दशनी व्यवस्थापनको बारेमा अध्ययन गरिदै छ । यस अध्ययनको सुविधाको लागि यस सङ्ग्रहालयको दुईतलामा भएका प्रदर्शन कक्ष (ग्यालरी) हरूलाई सात भागमा विभाजन गरेर त्यहाँ भएको प्रर्दशनी व्यवस्थापन सम्बन्धी यस प्रकारले चार्चा गरिदै छ ।

## $=^=!= Uonf/L – P

राष्ट्रिय सङ्ग्रहालयको प्रमुख शाखाको रूपमा रहेको जुद्धजातीय कलाशाला भवनको मुल प्रवेशद्वारबाट प्रवेश गरेपछि बायाँतिरको यो पहिलो ग्यालरी हो । यस ग्यालरीमा काठमाडौं उपत्यकाबाट प्राप्त महत्त्वपूर्ण प्रस्तर मूर्तिहरू प्रदर्शन गरिएको छ । यस ग्यालरीको प्रदर्शनी व्यवस्थापन एक झलकमा हेर्दा राम्रो देखिएको छ । तापनि प्रस्तुत शोधको शोधार्थीको दृष्टिबाट हेर्दा यस कक्षमा केही कमजोरीहरू देखिएका छन् । प्रथमत यस ग्यालरीमा मूर्तिहरूको प्रदर्शन क्रमबद्ध रूपमा गरिएको छैन । प्रदर्शनी व्यवस्थापन गर्दा एक ग्यालरीमा एकै आकार, प्रकार, प्रकृति संस्कृति र एकै समयका मूर्ति वा वस्तुहरू प्रदर्शन गरिनु पर्छ । यसले गर्दा प्रदर्शनीमा सहजता र वैज्ञानिकता झल्कने गर्दछ । र अर्को शब्दमा आकर्षक ढङ्गले गरिएको प्रदर्शनमा दर्शकहरू आकर्षित हुने गर्छन । वस्तुतः प्रदर्शनीको उद्देश्य भनेको प्रदर्शित वस्तुको गरिमालाई अझ प्रकाशित पार्नु हो ।[६] यस कक्षमा तिथिमिति सहितको पहिलो मूर्ति जयवर्माको मूर्ति हो । ग्यालरीमा झट्ट प्रवेश गर्दा दर्शकको दृष्टि यसै मूर्तिमा गएर अडिन्छ । यसले गर्दा अन्य महत्त्वपूर्ण मूर्तिहरूको गरिमालाई फितलो गराइदिएको छ । नघलटोलबाट प्राप्त पाँचौ, छैटौं शताब्दिको अर्पणाको रूपमा तपस्यारत पार्वतीको मूर्ति, नृत्यरत शिवपार्वती, उमामहेशवर लगायतका एकै फलकमा निर्मित लिच्छविकालीन प्रस्तरमुर्तीहरूलाई यसले छायाँमा पारेको छ । विभिन्न हिन्दु देवदेवीका प्रतिमाहरू रहेको यसैकक्षमा राजाको मूर्ति अमिल्दो देखिन्छ । त्यसैगरी यहाँ प्रदर्शित मूर्तिहरूको Caption मा विवरण पुरा भएको देखिदैन । क्याप्सनलाई परिचयपाटी (Lable) पनि भनिन्छ र वास्तवमा Caption भनेको मूर्तिको घोसित प्रवक्ता हो भन्दा उपयुक्त होला किनभने सङ्ग्रहालयमा प्रदर्शित प्रत्येक कलावस्तुमा राखिएको Caption ले आम मानिसलाई

---

[६] ए. पि. सिंह, **कञ्जरभसन एण्ड म्यूजीयम्स टेक्निक्स,** आगम कला प्रकाशनन, दिल्ली : १९८७, पृ. १०५ ।

प्रमाणित जानकारी दिनुका साथै मूर्तिको गरिमालाई थप प्रकाशित गर्दछ ।[७] यस ग्यालरीमा प्रदर्शित मूर्तिहरूको केही Caption मेटिइसकेका छन् । जयवर्माको मूर्तिको Caption को विवरण अपुगनै छ । यहाँ वैष्णव मूर्तिहरू पनि प्रदर्शित छन् तर ती सबै वैष्णव मूर्तिहरूलाई नारायणको मूर्ति भनेर विवरण खुलाइएको छ । तर नारायणको पनि विभिन्न नाम तथा सम्प्रदाय हुन्छ तिनको विवरण खुलाउन सकिएको छैन । यस ग्यालरीमा खुल्ला रूपमा राखिएका प्रस्तरमूर्तिहरु बाहेक शो-केसमा राखिएका ग्यालरिको दक्षिण भागका शो-केशमा र बीचमा मूर्तिहरूको पृष्ठभूमिमा दर्शकको आफ्नो छायाँ देखिन्छ । प्रदर्शनी व्यवस्थापनको सिद्धान्तअनुसार मूर्तिका पृष्ठभूमिमा छायाँ देखिनु हुँदैन किनभने छायाँले गर्दा मूर्तिको स्वभाविक गरिमा र मौलिकपनलाई नष्ट गरिदिन्छ । यसर्थ छायाँ हटाउनको लागि उचित प्रकारको प्रकाशको व्यवस्थापन गर्नु पर्छ । प्रर्दशनी व्यवस्थापको दृटिकोणले हेर्दा पाटन सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापनलाई सार्क राष्ट्रका म्यूजियमहरू मध्य नै उत्कृष्ट मानिन्छ । त्यहाँ खासगरी शो-केस निर्माण र प्राकृतिक एवम कृतिम प्रकाश व्यवस्थापनमा अत्यन्त ध्यान दिइएको पाइन्छ । त्यहाँ कतिपय झ्याल तथा ढोकाहरूलाई बन्द गरेर कृतिम प्रकाशको प्रयोगलाई बढी महत्त्व दिइएको छ भने कतिपय ग्यालरीहरूमा कृतिमप्रकाशनको साथ साथै Ribbon window मार्फत प्राकृतिक प्रकाशको व्यवस्थापन गरिएको छ । तुलनात्मक रूपमा हेर्दा प्राकृतिक प्रकाशलाई भन्दा कृतिम प्रकाशलाई नै बढी जोड दिइएको देखिन्छ । कतिपय अवस्थामा प्राकृतिक प्रकाशले भन्दा कृतिम प्रकाशले वस्तुको सौन्दर्यमा परिष्कार ल्याएको पाइन्छ । पाटन सङ्ग्रहालयको बीचको खुल्ला आगँनमा एउटा शिवलिङ्ग रहेको छ उक्त शिवलिङ्गलाई दिउसोमा हेर्दा त्यति राम्रो देखिदैन तर त्यहि शिवलिंगलाई रातीमा हेर्दा अत्यन्त राम्रो देखिन्छ । किनभने शिवलिंगको केही पर रूखमाथि जडान गरिएको बल्बको प्रकाश सिधा शिवलिंगमा पर्दा उक्त शिवलिंग एकदम राम्रो देखिन्छ । यहाँनेर भन्न खोजिएको के हो भने प्रकाशको उचित संयोजनले वस्तुको सुरक्षामा मात्र नभई सौन्दर्यमा पनि निखार ल्याउँछ ।

यस जुद्धजातीय कलाशाला ग्यालरी ‘ए’ मा पनि वास्तवमा उचितप्रकारको प्रकाशको व्यवस्थापन हुन सकेको छैन । प्राकृतिक प्रकाशको लागि ठूलाठूला ढोकाहरू राखिएका छन् । सङ्ग्रहालयको परिभाषा र मान्यता अनुसार ढोका तथा झ्यालहरू जमिनको सतहबाट

[७] गिरीशचन्द्र शुक्ल र विमलेस कुमार पाण्डेय, **संग्रहालय विज्ञान, मोतिलाल बनारसीदास,** दिल्ली : २००२, पृ. ६४ ।

कम्तिमा पनि ३, ४ फीट माथिबाट राखिनु पर्छ । यसले गर्दा वस्तुको सुरक्षामा अप्रत्यक्षरूपले सहयोग पुग्ने देखिन्छ । यद्यपी यहाँका झ्याल तथा ढोकाहरू निर्माण गर्दा यो मान्यता अपनाइएको देखिदैन । अर्को महत्त्वपूर्ण पक्ष प्रकाश व्यवस्थापनकै चर्चा गर्दा प्राकृतिक प्रकाशको प्रयोग गर्दा विभिन्न विधिहरू जस्तोः साइड लाइटिङ, रीवनविण्डोज, सनबेक्रस स्काइलाइट आदिको तरिकाहरू अपनाइन्छ र ग्यालरीमा प्राकृतिक प्रकाशको (Natural Light) प्रयोग गरिन्छ ।[८] कुन वस्तुलाई सिधा प्रकाश दिने, कुन वस्तुलाई साइड लाइटको प्रयोग गर्ने भन्ने विषयमा ध्यान नै पुऱ्याएको देखिदैन । त्यसैगरी कृतिम प्रकाशको प्रयोगले कतिपय अवस्थामा वस्तुको गरिमालाई प्रकाशित गर्दछ । कृतिम प्रकाशको प्रयोगको पनि आफ्नै विधि र मापदण्ड हुन्छ । जस्तो की शो-केसहरूमा प्रदर्शित वस्तुमा सामान्य वातावरणको भन्दा बढी प्रकाश पार्नु पर्छ ।[९] यस ग्यालरीको शो-केसमा प्रयोग गरिएको प्रकाशको मात्राको उचित संयोजन हुन सकेको छैन जसले गर्दा प्रर्दशनी व्यवस्थापन पक्षलाई फितलो बनाएको देखिन्छ । कृतिम प्रकाशको प्रयोग गर्दा वस्तुको स्वभाविकपनलाई पनि धयान दिनु पर्छ । यसतर्फ ध्यान पुऱ्याइएन भने वस्तुको अप्रत्यक्ष रूपमा नास हुने संभावना रहन्छ ।

यस ग्यालरीमा भने उच्चकोटिका र बलिया प्रस्तरमूर्तिहरू भएकोले सामान्य वातावरणीय प्रभावले असर नपुऱ्याउने देखिन्छ । यस ग्यालरीमा २, ४ वटा मूर्तिहरू बाहेक प्राय सबै प्रतिमाहरूलाई Pedastal र शो केसमा राखिएको छ । यसले गर्दा प्रदर्शित मूर्तिलाई सुरक्षित बनाउनुको साथै आकर्षित तुल्याएको देखिन्छ । प्राय सबै शो-केसहरू Eyelable मा छन् । सुरक्षाको लागि यस ग्यालरीमा सीसिटिभी क्यामराको प्रयोग गरिएकोले दर्शकहरूको अस्वभाविक गतिविधिलाई पनि रेकर्ड गरेर राख्न सकिन्छ । यसरी सर्सरी हेर्दा केही विषयहरूमा बाहेक यस ग्यालरीको प्रर्दशनी व्यवस्थापन उचित नै देखिन्छ ।

### ४.६.२ ग्यालरी-बी

ग्यालरी 'ए' को सगोलमै पूर्वतिर ग्यालरी 'बी' रहेको छ । यस ग्यालरीमा खासगरी मल्लकालीन प्रस्तर तथा माटाका मूर्तिहरू प्रदर्शनीमा छन् । यस ग्यालरीमा सर्सती हेर्दा प्रदर्शनी व्यवस्थापन उपयुक्त नै देखिन्छ तापनि मिहिन ढङ्गले अध्ययन गर्दा यस ग्यालरी 'बी' मा पनि प्रदर्शनी व्यवस्थापन गर्दा केही सुक्ष्म कमिकमजोरीहरू देखिएका छन् ।

---

[८] पूर्ववत्, पादटिप्पणी नं. ७, पृ. ११३-११४ ।
[९] पूर्ववत्, पादटिप्पणी नं. ६, पृ. १०६ ।

प्रथमत यस ग्यालरी 'बी' मा क्षमता भन्दा पनि बढी मूर्तिहरू राखिएका छन् । जसले गर्दा प्रदर्शनी भद्धा देखिएको छ । यस ग्यालरीमा पनि शाक्त, शैव एवम् वैष्णव सम्प्रदायका मूर्तिहरू प्रदर्शित छन् । यस ग्यालरीमा पनि धेरै मूर्तिहरूको Caption मा तिथिमिति एवम् त्यो प्रतिमा कुन धर्म वा समप्रदायसँग सम्बन्धित छ, त्यस सम्बन्धी पुरा विवरण उल्लेख गरिएको छैन । जस्तै जैन धर्मका आठौं तीर्थाङ्कर चन्द्रप्रभुको कुनै उल्लेख गरिएको छैन् त्यस्तै गरी महामञ्जुश्री, बबन भैरव, यमुना, शक्तिसहितको भैरव आदि मूर्तिहरूमा पनि Caption को विवरण त्यति प्रमाणिकता र वैज्ञानिकता देखिदैन ।

ग्यालरी 'ए' मा जस्तै यस ग्यालरीमा पनि प्राकृतिक प्रकास र कृतिम प्रकाश बीच सन्तुलन मिलाउन सकिएको पाइदैन । वास्तवमा प्रर्दशनी व्यवस्थापनमा ग्यालरीहरूमा वातावरणको सन्तुलनलाई मिलाउनु पर्छ । वातावरणको सन्तुलन अर्थात सापेक्षिक आद्रता मिलाउन सके मात्र वस्तुलाई उचित प्रकारले संरक्षण गर्न सकिन्छ । खासगरी प्रस्तर र धातुका तुलनामा जैविक पदार्थबाट बनेका प्राचीन वस्तुहलाई वातावरणले बढी प्रभवित गर्ने गर्दछ ।[१०] यस्तो प्रभाव कम गर्नको लागि प्राकृतिक प्रकाश र कृतिम प्रकाश बीचको सन्तुलन महत्त्वपूर्ण उपाय हो । यस ग्यालरीमा कृतिम प्रकाशको उचीत व्यवस्थापन नहुँदा प्रदर्शनी व्यवस्थापन फिका देखिन्छ । ग्यालरी 'ए' मा जस्तै यस ग्यालरीका प्रत्येक शोकेसहरूमा छायाँ देखिन्छ । यस्तो समस्याबाट बच्नको लागि शोकेस निर्माणमा प्रयोग गरिने काँचको छनौटमा विशेष ध्यान दिनु पर्दछ । सुरक्षाको दृष्टिकोणले बुलेट प्रुफ काँचको प्रयोग गरेर शोकेसको निर्माण गर्नु पर्छ । सङ्ग्रहालयको शोकेस निर्माणमा सामान्यतया Soda-lime glass, lead glass, borosilicate glass, almunosilicate glass, fused silica glass अदिको प्रयोग गरिन्छ । प्रायः Soda-lime glass को प्रयोग बढी भएको देखिन्छ । यस्तो प्रकारको शिसामा ६०-७५ प्रतिशत Silica, १२-१८ प्रतिशत सोडा र ५-१२ प्रतिशत lime को मिश्रण गरेर तयार गरिन्छ ।[११]

Fused silica glass लगभग १२००° से. तापक्रम सम्म नपग्नलने भएकोले शोकेस निर्माणमा यसलाई प्रयोग गर्नु उपयुक्त हुन्छ ।[१२] Antireflection हुने शिसा प्रयोग गरिएको खण्डमा र उचित प्रकारको प्रकाशको व्स्थापन गर्न सकेमा शाकेसमा देखिने छायाँलाई हटाउन सकिन्छ ।

---

[१०] ऐजन्, पृ. ७४ ।
[११] www.museum.com
[१२] ऐजन ।

सामान्य दृष्टिकोणले हेर्दा यस ग्यालरीमा व्यवस्थापन ठिकै लाग्छ । तर पनि मूर्तिहरूको प्रदर्शनी गर्दा स-साना कुरामा पनि ध्यान पुऱ्याइएको देखिदैन । कतिपय ठाउँमा कालाक्रम मिलेको देखिँदै । यस ग्यालरीमा प्राय मल्लकालीन मूर्तिहरू प्रदर्शित छन् । मल्लकालीलन मूर्तिहरूको साथै सातौं र आठौं शताब्दिका क्रमश नारायण, अर्धनारिश्वर छत्रचण्डेश्वर र यमुनाका मूर्तिहरू प्रदर्शित छन् । जनु उपयुक्त लाग्दैन । यसले गर्दा प्राचीनकालीन मूर्तिहरूको महत्त्वलाई फितलो गराइदिएको देखिन्छ ।

सुरक्षाको दृष्टिकोणले वस्तुहरूलाई शोकेसमा राख्ने गरिन्छ । सामान्यतया साना आकार प्रकार वा वस्तुहरू जस्तो गहना, प्राचीन सिक्का तथा चित्रहरलाई शोकेसके तथा फ्रेममा राख्ने गरिन्छ । यसको साथै यदि प्राचीनता र संवेदनशीलताको दृष्टिकोणले महत्त्वपूर्ण प्रस्तर तथा धातुमूर्तिहरूलाई पनि शोकेसमा राख्ने गरिन्छ । यस ग्यालरीमा खास गरी चर्तुमुख शिवलिंग, जैन धर्मको आठौं तीर्थाङ्कर (चन्द्र प्रभु), उमामहेश्वर लगायतका कतिपय मूर्तिहरूलाई शोकेसमा राखिएको छैन । स-साना मूर्तिहरूलाई शोकेसमा राख्नु उपयुक्त हुन्छ । यसले गर्दा वस्तुको सुरक्षाको साथै प्रदर्शनी पक्षको आन्तरिक सौन्दर्यतामा निखार आउँछ ।

यस ग्यलरीमा प्रदर्शनीको दृष्टिकोणले अन्य केही कुराहरू अपुग देखिन्छ । जस्तो कि प्रदर्शनी व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने प्रमुख विषय भनेको प्रकाश व्यवस्थापनको साथसाथै भित्ता, सिलिंग र भूइँको रंगको संयोजन हो । प्रर्दशनी वस्तुको प्रकृति अनुसार नै रंगको सयोजन गर्नु पर्छ । यस विषयमा पनि ध्यान पुऱ्याइएको देखिँदैन । यस ग्यालरीको माथि पट्टीका झ्यालहरू प्राय खोलेको देखिँदैन । ग्यालरीको वातावरणलाई सन्तुलन राख्ने प्रक्रिया प्रदर्शनी व्यवस्थापनको महत्त्वपूर्ण पक्ष हो ।

वातावरणलाई सन्तुलनमा राख्दै गर्दा वस्तुहरूको संवेदनशीलतालाई पनि ख्याल गरिनु पर्छ तर यस विषयमा ध्यान दिइएको पाइदैन । यस ग्यालरीमा मूर्तिहरूको प्रदर्शनी पनि अलि अव्यवस्थित नै देखिन्छ । प्रस्तरमूर्तिहरू प्रदर्शित यस कक्षमा माटाका मूर्तिहरू पनि प्रदर्शित छन् । माटाका कलाकृतीको लागि छुट्टै ग्यालरी व्यवस्थापन गर्नु उपयुक्त हुन्छ किनभने एउटै कक्षमा माटो र प्रस्तर मूर्तिहरूको प्रदर्शनले प्रर्दशनीलाई अन्यौल तुल्याएको देखिन्छ । यस ग्यालरीको भित्ताहरूको रंग उडनुको साथै भित्तामा धमिरा लागेको देखिन्छ जसले गर्दा ग्यालरी अनाकर्षक देखिएको छ । ग्यालरीलाई त्यहाँ प्रदर्शित वस्तुहरूको प्रकृति अनुसार नै व्यवस्थित गरिनु पर्छ । यसो गरिएको खण्डमा प्रदर्शनी व्यवस्थापकको दक्षता र

योग्याताको प्रमाणित हुन्छ । समग्रमा भन्नु पर्दा यस ग्यालरी बी मा प्रदर्शनी व्यवस्थापनको पक्ष ठीकठीकै नै लाग्दछन् । वस्तुहरूको संरक्षण तथा सम्बर्द्धनको लागि उचित सुरक्षात्मक उपायहरू भने अपनाएको देखिन्छ ।

### ४.६.३ ग्यालरी-सी

जुद्धजातीय कलाशाला भवनको दक्षिणपूर्वी खण्डमा ग्यालरी 'सी' रहेको छ । यस ग्यालरीमा धातुका मूर्तिहरू प्रदर्शित गरिएको छ । यस ग्यालरी सी मा प्रवेश गरिसकेपछि दायाँतिरको भित्तामा राखिएको क्याप्सनमा नेपाली धातु मूर्तिकला सम्बन्धी संक्षिप्त विवरण रहेको छ । तर प्रदर्शनी व्यवस्थापनको दृष्टिकोणले यस क्याप्सनलाई उक्त ग्यालरीको प्रर्दशनीको प्रकृति अनुसार बाँया तर्फ राख्नु उपयुक्त हुन्छ । यस क्याप्सनमा नेपाली धातु मूर्तिकला सम्बन्धी प्रकृति र विशेषताहरूबारे उल्लेख गरिएको छ । तापनि यस क्याप्सनमा धातु निर्माण प्रविधिबारे उल्लेख गरिएको छैन जसले गर्दा विवरण अपुग देखिन्छ ।

यस ग्यालरी सी पनि प्रदर्शनी व्यवस्थापनको दृष्टिले उपयुक्त नै देखिन्छ । प्रायः सबै धातुका मूर्तिहरू शोकेसमा नै राखिएको देखिन्छ । शोकेसहरू Eyelable मा नै छन् । सङ्ग्रहालयको अवधारणा अनुसार शोकेसहरू Eyelable मा नै हुनु पर्दछ । Eyelabe भन्नाले सामान्यतया ५ फूट उचाइमा रहेको मूर्ति तथा शो-केश बुझिन्छ । जसले गर्दा दर्शकहरूलाई दृश्यावलोकन गर्न सहज पुग्छ । एकै लहर र पंक्तिमा मिलाएर राखिएको शोकेसहरूलाई हेर्दा प्रर्दशनी व्यवस्थापनको सिद्धान्तलाई अगालेको देखिन्छ । प्रत्येक शो-केसहरूको बाहिर फलामेबार राखिएको छ जसले वस्तुको सुरक्षालाई टेवा पुऱ्याएको देखिन्छ । यस ग्यालरीका प्रत्येक शोकेसहरूमा कृतिम प्रकाशको व्यवस्था गरिएको छ । यति हुँदाहुँदै पनि दर्शकको छायाँ शोकेशमा देखिन्छ । यसको अर्थ कृतिम प्रकाश र प्राकृतिक प्रकाश बीच सन्तुलन मिलेको देखिँदैन । वास्तवमा प्रकाशको उचित व्यवस्थापनले नै प्रर्दशनीको सौन्दर्यपक्षमा महत्त्वपूर्ण भूमिका खेल्छ । प्रर्दशनी व्यवस्थापनको योजना र तर्जुमाको रूपरेखा कोर्दा प्रर्दशनीमा प्रकाशको महत्त्वलाई ध्यान दिनु पर्छ । वास्तमा ३०$^\circ$ को कोणबाट प्रकाश पर्नेगरी वल्वको प्रयोग गर्नु आधिकारिक मानिन्छ ।[१३] जसले गर्दा छायाँ देखिदैन यहाँका शोकेशहरूमा प्रकाशको व्यवस्थापन गर्दा यस मान्यतालाई अपनाएको देखिदैन । प्राकृतिक प्रकाशको लागि Sky light को प्रयोग गर्न सकिन्छ तर यस प्रयोगको

[१३] Tillhaun, **The munual of museum exhibition,** edited, Barry lard and Gill, Dexter lard, P. 207-209.

लागि पुरानो भवन भएकोले तत्काल असंभव हुने देखिन्छ । पाँचवटा झ्यालहरू यस कक्षमा रहेतापनि ती झ्यालहरू प्राय बन्दरहने र तत्काल खोल्नको लागि असंभव हुने देखिन्छ । यस ग्यालरीको पनि सिलिङ्गहरू फुटेको देखिन्छ भने माकुराको जालो र धमिराहरु यत्रतत्र देखिन्छ अर्थात ग्यालरीको आन्तरिक सरसफाइमा ध्यान पुऱ्यायएको देखिँदैन ।

यस ग्यालरीमा भएका मल्लकालीन मूर्तिहरूको विवरण (Caption) मा ध्यान पुगेको देखिदैन । क्याप्सन सौन्दर्य तथा सूचनाको बाहक भएको हुँदा यस विषयलाई महत्त्वपूर्ण मानिन्छ । यस ग्यालरीमा तन्त्रप्रभावित बौद्ध तथा शाक्त मूर्तिहरू जस्तो सम्बर, सिंहमुख, कामभैरव, सुखबर संवर आदि मूर्तिहरूलाई एकै कक्षमा प्रदर्शित गरिएकोले दर्शकहरूलाई अन्यौलको अवस्था सृजना हुने स्थिति देखिन्छ । यहाँ प्रदर्शित बौद्ध मूर्तिहरू सगोलमै रहेको बौद्ध आर्ट ग्यालरी मा लगेर प्रदर्शन गर्न सकिन्छ । अर्थात एउटा कक्षमा एकै धर्मसँग सम्बन्धित कलाकृति प्रदर्शित गरिएमा प्रदर्शन व्यवस्थापन वैज्ञानिक हुन जान्छ । त्यसैगरी तन्त्रबाट प्रभावित मूर्तिहरूको लागि छुट्टै ग्यालरीको व्यवस्थापन गर्न सकिन्छ । यस ग्यालरीमा प्रदर्शित तारको मूर्ति, त्यसैगरी चैत्य, महिषमर्दिनी, कुवेर, बज्रकील, हेबज्र, बालगोपाल, लक्ष्मी आदिका मूर्तिहरूको Caption मा मिति उल्लेख गरिएको छैन । यसले गर्दा तिथिमिति बिहिन मूर्ति हुन वा होइन भन्नेमा अन्यौलको स्थिति सृजना हुन्छ । साथसाथै केही मूर्तिहरूको नाम गल्ती लेखिएको छ । अर्को तथ्य, विष्णुका सबै मूर्तिहरूलाई नारायण भनेर उल्लेख गरिएको छ । जबकी यहाँ प्रदर्शित नारायमूर्तिहरू विष्णु का २४ रूपहरूसंग सम्बन्धित भएकोले हरेक विष्णुका मूर्तिहरूको नाम फरक हुन सक्छ । यस ग्यालरीको Pedastel मा राखिएका संवर, सिहमुख कामभैरव र सुखबर संम्बरलाई अझ अग्लो शो-केसमा राखिए अझ व्यवस्थित हुने देखिन्छ ।

वैज्ञानिक ढङ्गबाट प्रदर्शन व्यवस्था गरिने सन्दर्भमा प्रदर्शनी व्यवस्थापन गर्दा सङ्ग्रहालय विशेषज्ञ, सञ्चारकर्मी, शिक्षाविद, सुरक्षाविद, नागरिक समाजको प्रतिनिधि आदिको आवश्यक पर्छ । अन्य विकसित मुलुकको हरेक सङ्ग्रहालयमा प्रदर्शनी व्यवस्थापनको लागि विशेषज्ञहरूको समिति हुन्छ तर नेपालमा कुनैपनि सङ्ग्रहालयमा प्रदर्शनी व्यवस्थापनको लागि यस्तो प्रकारको समितिको व्यवस्थापन गरिएको पाइदैन । अब पुन प्रर्दशनी व्यवस्थापन गर्दा यसतर्फ ध्यान दिनु पर्छ । यस ग्यालरीका विभिन्न शोकेसहरूमा धुलो जमेको देखिन्छ । यसले गर्दा यस ग्यालरीमा प्रदर्शित वस्तुहरूलाई असर पुऱ्याएको देखिन्छ । हावा ओहरदोहर गर्नको लागि पऱ्याप्त भेन्टिलेसन, रिबन विण्डो तथा

झ्यालहरू नभएकोले ग्यालरीको वातावरण असहज छ । यसप्रकार यस ग्यालरीको प्रर्दशनी व्यवस्थापनमा समग्रमा हेर्दा उचित नै देखिएतापनि अन्य केही प्राविधिक पक्षमा पुन प्रदर्शनी व्यवस्थापन गर्दा ध्यान दिन सकेको खण्डमा प्रदर्शनी व्यवस्थापक वैज्ञानिक हुन जान्छ ।

### ४.६.४. ग्यालरी-डी

ग्यालरी सी को सगोलमै दक्षिणपूर्वको खण्डमा यो अवस्थित छ । यस ग्यालरीमा पनि धातुका विभिन्न मूर्तिहरूलाई उपयुक्त शोकेसमा प्रदर्शन गरिएका छन् । यस ग्यालरीमा पनि मूर्तिहरूको Caption को विवरण अपुग देखिन्छ भने केहीमा तिथिमिति गलत लेखिएको देखिन्छ । जस्तो की नारायणको मूर्तिलाई सातौं शताब्दि भनेर उल्लखे गरिएको छ जबकी उक्त नारायणको मूर्ति १७ औं शताब्दिको हो भन्ने तथ्य स्वयम मूर्तिबाट नै स्पष्ट छ । त्यसेगरी गणेश लगायत अन्यकेही मूर्तिहरूमा तिथिमितिनै उल्लेख नगरिएको पाइन्छ । यस ग्यालरीमा पनि बौद्ध तथा हिन्दु देवदेवीका प्रतिमाहरू मिसमास गरि प्रदर्शित गरिएको छ । एक कक्ष वा ग्यालरीमा एकै प्रकार, प्रकृति वा संस्कृतिका वस्तु वा मूर्तिहरू प्रदर्शन गर्नु आधिकारिक र वैज्ञानिक मानिन्छ । त्यसैगरी यहाँ मल्लकालीन राजा भुपतिन्द्र मल्ल र कान्छी महारानी ललितत्रिपुरा सुन्दरीका मूर्तिहरू प्रर्दशित छन् जुन यस कक्षमा अशोभायमान देखिन्छ । बरू राजामहाराजाका शालीकको लागि छुट्टै ग्यलारीको व्यवस्थापन गर्न राम्रो हुन्छ । त्यसैगरी यिनको क्याप्सनमा विवरण पनि प्रष्ट छैन र तिथिमिति पनि उल्लेख गरिएको छैन । यसले गर्दा शोधार्थी अनुसन्धानकर्ता एवम् जिज्ञासु दर्शकलाई अन्यौलको स्थिति सृजना गराउँछ ।

यस ग्यालरीमा पनि प्राकृतिक प्रकाशको लागि एउटामात्र ढोकाको प्रयोग गरिएको छ । यद्यपी प्राकृतिक प्रकाशबाट आउने Ultraviolet Ray हरूले वस्तुलाई क्षती पुऱ्याउने हुनाले वस्तुको संवेदनशीलता हेरी प्राकृतिक प्रकाश भन्दा कृतिम प्रकाशको प्रयोग उचित मानिन्छ । शोकेसमा प्रयोग गरिने शिसा Anti-UV को गुणभएको हुनुपर्छ र शोकेसको शिसाको मोटाइ पनि ८ देखि १० मि.मि सम्मको हुनु उपयुक्त मानिन्छ ।[१४] यस ग्यालरीमा प्राय सबै मूर्तिहरूलाई फलामेबार भित्र उचित शोकेसमा राखिएको छ तर ती शोकेसहरूमा कृतिम प्रकाशको उचित तरिकाले व्यवस्थापन गरिएको छैन । शोकेस को पृष्ठभूमिमा दर्शकले प्रतिविम्व नदेखिनेगरी प्रकाशको व्यवस्थापन गर्दा कलर रेण्डिङ्ग इन्डेक्स (CRI) लाई

[१४] ऐजन ।

ध्यानदिनु पर्छ ।[१५] पाटन सङ्ग्रहालयमा यस विषयलाई एकदमै ध्यान पुऱ्याइएको छ । नेपालका अन्य सङ्ग्रहालय लगायत राष्ट्रिय सङ्ग्रहालयका यस विषयलाई पूर्णत वेवास्ता गरिएको पाइन्छ । यस ग्यालरीमा मूर्तिहरू प्रदर्शित गर्दा खासगरी आकार, प्रकार, सम्प्रदाय र शैलीका हिसाबले क्रमबद्धतरिकाले प्रदर्शनी गर्नु पर्ने विषयमा पुन प्र्दशनी व्यवस्थापन गर्दा ध्यान पुऱ्याउनु पर्छ । यस ग्यालरीको प्रमुख आकर्षण वस्तुको रूपमा रहेको १९ औं शताब्दिको ह्यग्रिब स्वागतममण्डल रहेको छ । जुन तन्त्रबाट प्रभावित छ, को विवरणपनि अपुग छ । यसलाई उचितप्रकारको Pedastal मा राखिएको छैन । सुरक्षाको लागि सीसिटिभी क्यामरा जडान गरिएको यस ग्यालरीमा पनि भुई, भित्ता र सिलिङ्मा पनि प्रकाश र रंगबीच संयोजन हुन सकेको छैन ।

### ४.६.५. ग्यालरी-इ

ग्यालरी डी भन्दा पूर्वतर्फको कक्षमा ग्यालरी इ अर्थात काष्ठकलाकक्ष रहेको छ । नेपालमा काष्ठकला र शिल्पिको हिसाबले विश्वमै उच्चकोटीको स्थानमा रहेको मानिन्छ । नेपालमा लिच्छविकालीन अमिलेखहरूमा काष्ठकला सम्बन्धी केही संकेतहरू अभिलेख्य साक्षको रूपमा प्राप्त भएका छन् । तर पनि लिच्छविकालीन काष्ठकलाका नमुनाहरू हालसम्म पाइएको छैन तथापि ११/१२ औं शताब्दि देखिका काष्ठकलाका नमुनाहरू भने प्राप्त भएका छन् । वसन्तपुरको प्रांगणमा अवस्थित काष्ठमण्डपलाई एघारौं शताब्दिका राजा गुणकामदेवले बनाएको मानिन्छ । खासगरी १४/१५ औं शताब्दिदेखि १९ औं शताब्दिसम्म नेपाली काष्ठकलाकारीता विकसित हुनु पुगेको देखिन्छ ।

यस ग्यालरीमा १५ औं शताब्दिदेखि १९ औं शताब्दिसम्मका प्रतिनिधिमुलक काष्ठकलाका नमुना प्रदर्शित गरिएका छन् । खासगरी हिन्दु तथा बौद्ध देवीदेवताका प्रतिमाहरूको साथै झ्याल, तोरण टुँडालहरू पनि प्रदर्शित गरिएका छन् । यस ग्यालरीमा रहेका एकतिहाइ मूर्तिहरूलाई फलामेबार भित्रको शोकेसमा उचित प्रकारको संरक्षण र सुरक्षण सहित प्रदर्शित गरिएको छ । यस ग्यालरीमा प्राकृतिक प्रकाशको लागि झ्याल तथा ढोकाहरू अपुग रहेको देखिन्छ जसले गर्दा ग्यालरीमा प्रकाश व्यवस्थापन उचित तरिकाले हुन सकेको देखिदैन । खासगरी जैविक पदार्थबाट बनेका वस्तुहरु माथि वातावरणीय प्रभाव चाँडो पर्छ । यसर्थ काष्ठकलाकृतिहरूको संरक्षणको लागि ग्यालरी वातावरणको उचित

[१५] ऐजन ।

तरिकाले व्यवस्थापन गर्नु पर्छ । यसको साथै बेलाबेलामा गरिने रासायनिक उपचारले गर्दा काष्ठकलाले दीर्घायु प्राप्त गर्छ । यस ग्यालरीमा पनि प्रर्दशनी व्यवस्थापन भद्धा देखिन्छ । कुन वस्तुलाई कहाँ राख्दा खेरी उपयुक्त हुन्छ सो तर्फ ध्यान दिएको देखिदैन । वास्तवमा प्रदर्शनी व्यवस्थापन एक कलामात्र नभएर प्राविधिक एवम् वैज्ञानिक पक्ष पनि हो । प्राविधिक पक्षमा सृजनशीलता थपियो भने प्रर्दशनी राम्रो देखिन्छ । यस ग्यालरीको भित्ता, भुई तथा सिलिंग एवम् प्रतिमाहरूबीच उचित प्रकारको प्रदर्शनी कलाको संयोजन एवम रंग र प्रकाशबीचको व्यवस्थापन हुन सकेको देखिदैन । जसले गर्दा काष्ठप्रतिमाको महत्त्व र गरिमालाई फितलो बनाइदिएको देखिन्छ । प्राय शो-केसहरू Eye Lebel मा नै छन् तापनि शोकेसमा प्रदर्शित मूर्ति र शोकेसको पृष्ठभूमिको रंग संयोजन हुन सकेको देखिन्न । वस्तुलाई शुरक्षाको दृष्टिकोणले मात्र नभई सौन्दर्यशास्त्रीय दृष्टिकोणले पनि शो-केसमा राखिन्छ ।

यस ग्यालरीमा राखिएका टुँडाल तथा तोरणहरू भित्तामा खुल्ला रूपमा भ्कुण्ड्याइएको छन् । यिनलाई वाल-शोकेस मा राख्दा स्थान बढी ओगटने भएकोले खुल्ला रूपमा राखिनु उपयुक्त नै छ । तर यि टुँडालमा भएको क्याप्सनको विवरण पुरा छैन । जस्तो टुँडालको प्रयोजन के हो ? टुँडालमा कुन कुन देवीदेवताका मूर्तिहरू अकिंत छन् ? त्यसको विषयमा खुलस्त गरिएको छैन । त्यसैगरी तोरण तथा भ्र्यालहरूमा क्याप्सन नै राखिएको छैन । सङ्ग्रहालयमा प्रर्दशनी व्यवस्थापनमा क्याप्सनको पनि महत्त्वपूर्ण भूमिका हुन्छ र विज्ञ व्यक्तिले मात्र क्याप्सन तयार गर्न सक्छ । यस ग्यालरीको आकर्षण केन्द्रको रूपमा रहेको दिपंकरको बुद्धमुर्तिमा पनि क्याप्सन सहितको विवरण छैन र यो खुल्ला रूपमा राखिएको छ यसलाई शोकेसमा राख्नु उपयुक्त हुन्छ । त्यसैगरी यसै ग्यालरीको काष्ठकलाको उच्चतम नमुनाको रूपमा रहेको नृत्यदेवीको दार्शनिक पक्षको विवरण खुलाइएको छैन जसले गर्दा यस नृत्यदेवीको गरिमालाई खस्काइदिएको छ । त्यस्तैगरी तान्त्रिक प्रभावका भैरव मूर्तिहरूको साथै टुँडालमा अंकित गरिएका कलाकृतिको बारेमा खुलाएर क्याप्सन तयार पारिएको छैन । यस ग्यालरीका धेरे मूर्तिहरू Eye Lebel मा छन् र प्रकाशको प्रयोगमा कृतिम प्रकाशलाई बढी जोड दिएको छ ।

त्यसैगरी भित्तामा भ्कुण्डाइएको टुँडालहरू खुल्ला रूपमा रहेका छन् । ती खुल्ला रूपमा राखिएका तोरण तथा टुँडाललाई दर्शकहरूले छुन संभावना रहन्छ । जसले गर्दा

अप्रत्यक्ष रूपमा प्रतिमाको आयुलाई क्षयिकरण गरिदिन्छ । यसर्थ यी टुँडालहरूलाई उचित प्रकारको शोकेसमा राख्नु पर्छ ।

यस ग्यालरीमा नेपालको विशेषकालखण्डको इतिहास तथा धर्म र संस्कृतिलाई संबोधन गर्ने प्रतिनिधिमुलक मूर्तिहरू राखिएतापनि उचित प्रकारको प्रदर्शनी व्यवस्थापनको सिद्धान्तलाई अपनाइएको छैन । मूर्तिलाई पनि क्रमबद्ध ढङ्गले प्रदर्शित गरिएको छैन । यसले गर्दा अध्ययन कर्ता एवम् कलाका पारखीहरूलाई अध्ययनको लागि असहज स्थिति भएको देखिन्छ ।

### ४.६.६ ग्यालरी-एफ

नेपालमा चित्रकलाको परम्परा लिच्छविकालीन प्रस्तर मूर्तिकलाको परम्परासंगै विकसित भएको मानिन्छ । प्रस्तरमा छिनो चलाउने कलाकारहरूले सर्वप्रथम कागजमा त्यसको रेखाचित्र बनाउन जरूरी हुन्थ्यो । यहिक्रममा चित्रकलाको सुरूवात भएको विश्वास गरिन्छ । अभिलेख, यात्राविवरण को साथै अनेकौं वंशावलीहरूमा प्राचीन चित्रकलाको उल्लेख भएको पाइएतापनि नेपालमा दशौं शताब्दिदेखिका ग्रन्थ चित्रहरू मात्र सुरक्षित छन् ।

ताडपत्रमा लेखिएका हस्तलिखित ग्रन्थको गातामा र ग्रन्थको भित्रिपत्रमा समेत चित्रलेख्ने चलन मध्यकालको आरम्भ तिरै शुरू भएको थियो । पन्ध्रौं शताब्दितिरै चित्रकलाको अर्को विधा पौभाचित्र र भित्तेचित्रको सुरूवात भएको थियो ।

जुद्धजातीय कलाशालाको प्रवेशद्वारसंगै दायाँपट्टी ग्यालरी एफ अर्थात नेपाली चित्रकला कक्ष रहेको छ । चित्रकलासंग्रहित यस ग्यालरीमा मध्यकालमा सृजना गरिएका आकर्षक कथा चित्र, पौभा चित्र र ग्रन्थचित्रहरू प्रदर्शित छन् । यहाँका मुख्य आकर्षण चित्रहरूमा मार्कण्डेय पुराणमा आधारित १८ औं शताब्दिका कथाचित्रहरू हुन । यसको अतिरिक्त यहाँको अर्को महत्त्वपूर्ण आकर्षण फारसीभाषामा लेखिएको शाहनामाको पाण्डुलिपि पनि हो । यसबाहेक थुप्रै ग्रन्थचित्र र पौभाचित्रहरू शोकेस तथा भित्ताहरूमा सजाएर प्रदर्शित गरिएका छन् ।

प्रदर्शनी व्यवस्थापनको दृष्टिकोणले हेर्दा यस ग्यालरीमा त्यति खोट लगाइहाल्ने ठाउँ भने छैन । तर यस ग्यालरीमा धेरेमात्रामा कागजी बस्तुहरू मात्र प्रदर्शन गरिएकोले यसतर्फ उचित ख्याल पुऱ्याउनु पर्ने देखिन्छ । प्रस्तर, धातु, माटो र काठका प्रतिमाहरूको तुलनामा कागजी वस्तुहरूलाई वातावरणले चाँडै प्रभावित गर्दछ । जसले गर्दा कागज मक्किने,

ढुसीलाग्ने, किरा लाग्ने संभावना ज्यादा रहन्छ । ओस, हावा, ताप आदिको सन्तुलन नमिलेमा अर्थात वस्तुको सम्बेदना अनुकुलको सापेक्षिक आद्रता नमिलेमा ती कागजी ग्रन्थ तथा चित्रहरू चाँडै नष्ट हुने संभावना रहन्छ । सामान्यतया ५५% (+५%) मात्राको सापेक्षिक आद्रता सङ्ग्रहालय वातावरणको लागि उपयुक्त मानिन्छ ।[१६]

यस ग्यालरीमा हावा ओहोर दोहोरको लागि दुईवटा ठुलाठूला ढोका भए तापनि प्राकृतिक प्रकाशको लागि उचित व्यवस्थापन हुन सकेको छैन । वर्षायामको साथै अत्याधिक चिसो मौसममा भने यस्ता चित्र तथा ग्रन्थहरूलाई बचाउनको लागि वस्तुको प्रकृति अनुकुलको कृतिम वातावरण सृजना गर्नु पर्छ । अत्याधिक तापले रसायनिक पदार्थलाई गतिशील बनाउँछ जसले चित्र, कपडा आदिको रंग चाँडै नष्ट गराउँछ ।[१७]

यस ग्यालरीमा प्रदर्शनीमा प्रर्दशन व्यवस्थापनको अन्य दृष्टिकोणबाट हेर्दा पनि धेरै कुराहरूको अपुग भएको देखिन्छ । एक त पौभाचित्र तथा ग्रन्थचित्रहरूको Caption को विवरण प्रष्ट उल्लेख भएको देखिँदैन, अर्को यस ग्यालरीको मुख्य क्याप्सनमा ग्रन्थचित्र र पौभाचित्रहरूको निर्माण गविधिबारे समेत उल्लेख गरिएको छैन । यसले गर्दा कलाको पारखीलाई अन्यौलको स्थिति सृजना हुन्छ ।

यस ग्यालरीमा पनि कृतिम प्रकाश व्यवस्थापनको तर्फ त्यति ध्यान दिएको पाइदैन । प्रत्येक शोकेसमा शिशाहरूमा छाया देखिन्छ यसको बारेमा अघिल्ला ग्यालरीहरूको चर्चा गरिसकिएको छ । प्रतिविम्व देखिने कारणले शोकेस भित्र प्रदर्शित वस्तुलाई कम महत्त्वको बनाइदिन्छ । उचित तरिकाले प्रकाशको व्यवस्थापन गर्न सकिएमा यस्ता समस्याहरूलाई निर्मूल गर्न सकिन्छ । शुक्ल र पाण्डेयय अनुसार वस्तुमाथि ६०$^{\circ}$ कोणबाट प्रकाश पर्ने गरी बल्ब फिटिङ्ग गर्नु पर्छ ।[१८] त्यसैगरी यस ग्यालरीमा रहेका सबै शोकेसका पृष्ठभूमिमा ओच्छ्याइएका कपडाहरू पुरानो र मक्किएको देखिन्छ । जसले गर्दा ग्रन्थ चित्र र गाता चित्रहरूको स्वभाविक आकर्षकपक्षलाई फितलो बनाइदिएको देखिन्छ । त्यसैगरी भित्तामा झुण्ड्याइएका पौभाचित्रहरू जस्तो कालीको विश्वरूपी चित्र, सूर्य, विश्वरूप पदमपाणी लोकेश्वरको चित्र, महिसासुर मर्दिनीको चित्र, यन्त्रसहित दशमहाविधाको थांका चित्र, अमोघपाश लोकेश्वर मण्डलको चित्र, बज्रबाराही आदि थुप्रै थांका चित्रहरू प्रदर्शित छन् ।

---

[१६] पूर्ववत् पादटिप्पणी नं. ७, पृ. ५३ ।
[१७] ऐजन ।
[१८] ऐजन, पृ. ६३ ।

यी चिहरूलाई वाल शोकसमा राखेर प्रदर्शन गर्न उपयुक्त हुन्छ । माथि उल्लेखित कुनैपनि चित्रहरूको Caption को विवरण मा धार्मिक प्रकृति र विषयबारे संक्षिप्त उललेख गरिएको पाइँदैन । यि चित्रहरूको तान्त्रिक दर्शनलाई प्रतिविम्वित गरेका छन् । यसर्थ यस ग्यालरीको मूल क्याप्सनमा यस बारेमा उल्लेख गरिनु पर्दछ । ग्यालरी बीचको लहरमा राखिएका शोकेसहरूमा पनि हिन्दु र बौद्ध धर्मसँग सम्बन्धित थुप्रै चित्रहरू छन् । यि चित्रहरूमा नेवारी लिपिमा कथासँग सम्बन्धित विषयहरू लेखिएका छन् । नेवारी लिपि र भाषा नजान्नेहरूलाई नेपालीमा उल्थागरेर राख्न सकिए प्रदर्शनी व्यवस्थापन सुनमा सुगन्ध हुने देखिन्छ ।

### ४.६.७ ग्यालरी-जी

जुद्धजातीय कलाशालाको दोस्रो तलामा रहेको हिमालीकला सजावट खण्डलाई ग्यालरी जी नाम दिइएको छ । यस ग्यालरीको संरचना अलि जटिल प्रकारको देखिन्छ । यसमा बाहिरी पर्खालहरूको बीचमा मण्डप आकारको सानो खण्ड देखिन्छ र बीचमा परिक्रमापथ रहेको छ । बचिको भागसहित परिक्रमापथ बनाइएको यस ग्यालरीमा दक्षिणदेखि क्रमशः उत्तर हुँदै परिक्रमापथको दायाँबायाँ र पश्चिमदेखी पूर्व र उत्तरदेखि दक्षिण तिरका भित्ताहरूमा खोपाहरू बनाई खोपामा अर्थात वाल शोकेसमा विभिन्न बौद्ध देवीदेवता एवम् साँस्कृतिक वस्तुहरू प्रदर्शित छन् । भित्रिमण्डपको चारैतिर क्रमशः पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुमारी घरको झ्यालको नमुनाहरू प्रदर्शित छन् भने यस भित्रि भित्ताको खोपाहरूमा हस्तिहाडका गरगहनाहरू, केही धातुका गहनाहरू, धातुबाट बनेको भक्तपुरको न्यातपोल मन्दिरको नमूना आदि प्रदर्शित छन् । बीच भागमा तााप्लेजुँगबाट ल्याइएको १९ औं शताब्दिको घोडाको काठीलाई शोकेसमा सजाइएको छ । यस खण्डको कुनै पनि शोकेसहरूमा कृतिम प्रकाशको व्यवस्थापन गरिएको छैन र क्याप्सनमा वस्तुहरूको विवरण पनि खुलाइएको छैन ।

यसैगरी भित्रमण्डपको बाहिरी भित्ताका वाल शोकेसहरूमा लोकेश्वरका मूर्तिहरू तथा थाङ्काचित्रहरू जस्तोः पदमपाणी लोकेश्वर, रत्न, हेरूक आदिका थाङ्का चित्रहरू प्रदर्शित छन् ।

त्यसैगरी बाहिरी पर्खालको भित्रि खण्डका शोकेसहरूमा ध्यानी बुद्ध तथा तन्त्र प्रभावित हिन्दु देवदेवी हरूलाई प्रदर्शित गरिएको छ । यस ग्यालरी कुनैपनि शोकेसहरूमा कृतिम प्रकाशको व्यवस्था पनि गरिएको छैन र मूर्तिहरूको Caption को विवरण पनि

अस्पष्ट र अपुग देखिएको छ । प्रर्दशनी व्यवस्थापनको आधारभूत मान्यतालाई समेत यस ग्यालरीको प्रदर्शनीमा ध्यान दिइएको छैन । यस ग्यालरीमा भएका बौद्ध प्रतिमाहरू तथा कलावस्तुलाई बौद्ध आर्टग्यालरीमा लगेर प्रर्दशनी गर्नु श्रेयस्कर देखिन्छ ।

## ४.७ संरक्षण तथा सुरक्षा व्यवस्थापन

प्राचीन वस्तुहरुको संरक्षण गर्नु सङ्ग्रहालयको मूल विषय हो । पुरातात्त्विक र साँस्कृतिक दृष्टिकोणले महत्त्व राख्ने ती प्राचीन कला वास्तुकलाहरू संस्कृतिका आत्मा भएकाले यिनको संरक्षण गर्नु सङ्ग्रहालयको महत्त्वपूर्ण विषय हो । विश्वभरी यत्रतत्र छरिएर रहेका बहुमुल्य एवम् नास भएपछि पुनः स्थापना गर्न नसकिने किसिमका साँस्कृतिक सम्पदाहरू कुनै एउटा समाज वा राष्ट्रको सम्पतिमात्र नभएर सम्पूर्ण विश्वमानव समुदाय कै साझा निधि हुनु ।[१९] यस्ता सम्पदाहरू मानवीय मस्तिष्कका उपज हुन, मानवीय संस्कृतिका संवाहक हुन । तसर्थ यस्ता सम्पदाहरूको जुनसुकै कारणले होस नास हुनु भनेको सम्पूर्ण मानवसमुदायको सम्पदाको नास हुनु हो । तिनीहरूको सर्वश्रेष्ठ गुण एवम् विशेषताले गर्दा तिनीहरू अति विशिष्ट महत्त्वका हुन्छन । तर हाम्रा यि सम्पदाहरू स्वभावैले जीर्ण एवम् कमजोर प्रकृतिका हुन्छन् ।[२०] यस्ता सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाहरूलाई संरक्षण गर्नमा आफ्नो जिम्मेवारी देखाउने उद्देश्यले सन् १९७८ मा नेपालले युनेस्कोको विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धीमा हस्ताक्षर गरी साँस्कृतिक एवम् प्राकृतिक सम्पदाहरूको सुरक्षा तथा संरक्षण गर्ने प्रतिबद्धता जाहेर गऱ्यो ।[२१] नेपालमा पनि यस्ता साँस्कृतिक सप्दाहरूको संरक्षण र सम्बर्द्धनको लागि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन-२०१३ लागु भएको पाइन्छ र यो ऐन हालसम्म पाँच पटक संसोधन भइसकेको छ । मुलतः सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरु दुई किसिमका हुन्छन । जस्तै : Organic र non-organic खासगरी काठ र जनावरका हाडबाट बनेका वस्तुहरु जस्तो कपडा, काष्ठ प्रतिमा, माटोको प्रतिमा, पुराना ग्रन्थहरु, चित्रकलाका नमुनाहरु स्वभाभैले कमजोर प्रकृतिका हुन्छन् , जो प्राचीन इतिहासका मौन वक्ता पनि हुन् । त्यस्तैगरी प्रस्तर र धातुबाट बनेका कलाका प्रतिमाहरुले देश, काल, समय र परिस्थितिको जानकारी गराइरहेका हुन्छन् । यस्ता भौतिक र अभौतिक पदार्थबाट बनेका वस्तुहरुलाई

[१९] भिम नेपाल, **विश्व सम्पदा महासन्धि र काठमाडौं उपत्यका विश्व सम्पदा स्थल,** युनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोगको सचिवालय : काठमाडौं, २०५८, पृ. ७१ ।

[२०] ऐजन ।

[२१] ऐजन, लेखकको भूमिकाबाट ।

वातावरणको प्रतिकुलताले प्रभावित गरिरहेको हुन्छ । जसले गर्दा ती ऐतिहासिक प्रतिविम्वहरु दिन प्रतिदिन क्षयीकरण भइरहन्छन् । यसतर्फ सङ्ग्रहालयसँग सम्बद्ध अधिकारीहरुले ध्यान पुऱ्याउनु पर्छ । कमजोर संरक्षणको कारणले गर्दा इतिहासको क्षति हुनुभनेको मानव सभ्यताको क्षति हुनु हो ।

बढ्दो औद्योगीकरणको कारणबाट उत्पन्न हुने कार्वनडाइ अक्साइड ग्यास, अत्याधिक प्रकाश अथवा अत्याधिक ओसको कारण, ढुसी, लाइचेन, किरा आदिले गर्दा सङ्ग्रहालयमा संग्रहित वस्तुहरुको सवेदनशिलतालाई क्षति पुऱ्याउने कारक तत्वहरु हुन । यसबाट बचाउनको लागि सङ्ग्रहालयमा संग्रहित वस्तुहरुको सम्वेदना र प्रकृति अनुसारको सुरक्षात्मक उपाय अपनाउनु पर्छ । हरेक सङ्ग्रहालयमा लाखौं लाखको क्षती भइरहेको हुन्छ । यसतो क्षतिलाई जनमानसले महसुस गर्न सक्तैन, जसलाई पत्तालगाउन प्राविधिक विज्ञहरुको आवश्यकता पर्दछ । सङ्ग्रहालयमा एउटा यस्तो चोर प्रवेश गरेको हुन्छ जसलाई न त त्यहाँका सुरक्षकर्मी, न त त्यहाँका प्राविधिक तथा वैज्ञानिक प्रविधीले नै पत्ता लगाउन सक्छ, न त संसारको कुनै सुरक्षा दललेनै समात्न सक्छ, हो त्यो चोरको नाम नै वास्तवमा Poor Conservation हो । यस्तो कमजोर संरक्षणको समस्यालाई पहिचान गरी वस्तुलाई दीर्घायु प्रदान गर्ने कार्यमा सङ्ग्रहालयका कर्मचारीहरुको महत्वपूर्ण भूमिका हुन्छ ।

सङ्ग्रहालयको विषयमा प्रर्दशनी व्यवस्थापन र संरक्षण तथा सुरक्षा व्यवस्थापन एक अर्काका परिपुरक हुन । मानव समुदायको अतितका क्रियाकलाप र उसको संस्कृतिसँग सम्बन्धित विभिन्न भौतिक वस्तुहरूलाई सुदुर भविष्यसम्म पनि सुरक्षित रूपमा प्रदर्शित गर्नु पर्ने हुनाले त्यस्ता वस्तुहरूको संरक्षण, सम्बर्द्धन तथा सुरक्षण अति जरूरी कार्य हुन्छन् । स्पष्ट छ, सङ्ग्रहालयमा ल्याइएका वस्तुहरूको संरक्षण गर्नु सङ्ग्रहालयको जिम्मेवारी हुन्छ । हावा, पानी प्राकृतिक शक्ति, रासायनिक, जैविक, भौतिक प्रक्रिया र मानवीय गतिविधि आदि कारणहरूबाट पुराना कला वस्तुहरूमा हानी हुने गर्दछ । यिनबाट पुरा वस्तुलाई जोगाउनु तथा विग्रन लागेकावस्तुको उद्धार गर्नु पनि सङ्ग्रहालयको दायित्व हुन्छ । संरक्षणमासंग्रहित वस्तुहरूको संरक्षण ज्यादै जटिल बनेको छ । साधन र श्रोतको अभाव, स्पष्ट सरकारी नीति नहुनु र दक्षजनशक्तिको अभाव यसका प्रमुख कारण हुन् । जुद्धजातीय कलाशाला भवनमा प्रदर्शित वस्तुहरूको संरक्षण र सुरक्षाका लागि दुईवटा तरिकाहरू अपनाइएको देखिन्छ ।

क) सुरक्षात्मक उपाय

ख) रासायनिक पदार्थद्वारा संरक्षण

**क) सुरक्षात्मक उपाय**

सङ्ग्रहालयमा संग्रहित बहुमुल्य वस्तुहरूको चोरी, तथा लुटपाट आदिबाट बचाउनको लागि सुरक्षाको व्यवस्था गर्नु पर्छ । संकलनमा रहेका वस्तुहरूलाई चोरी निकासीबाट बचाउने जिम्मेवारी पनि सङ्ग्रहालयकै हुन्छ । राष्ट्रिय सांग्रहालयको सन्दर्भमा सङ्ग्रहालयको सुरक्षाको लागि एक सैनिक को टुकडी नै व्यवस्था गरिएको छ । कार्यालय समयमा सरकारी कर्मचारीहरूको मातहतमा सङ्ग्रहालयको कार्य सञ्चालन हुन्छ भने अन्य समयमा सङ्ग्रहालयको सुरक्षा सैनिकको जिम्मेवारीमा रहन्छ । कार्यालय खोल्ने समयमा पनि सैनिकको साक्षीमा अधिकृतस्तरको कर्मचारी मार्फत सङ्ग्रहालय खुल्ला हुन्छ र साँझ कार्यालय बन्द गर्ने समयमा सैनिकको उपस्थितिमा लाहाछाप लगाएर कार्यालय बन्द गरिन्छ । बाहिरी सुरक्षाको लागि सैनिकको पहराको साथै सङ्ग्रहालय परिसरलाई अग्ला अग्ला पर्खाल लगाएर सुरक्षाको व्यवस्था गरिएको छ । यसको साथै सङ्ग्रहालयको प्रत्येक ग्यालरीहरूमा सीसिटिभी क्यामरा राखिएको छ । सङ्ग्रहालयको ग्यालरीहरूमा गरिने प्रत्येक गतिविधिहरू उक्त क्यामरामा कैद गरिएको हुन्छ । यस जुद्धजातीय कलाशालामा पनि ग्यालरी गार्ड तथा ग्यालरी इन्चार्जहरूले समेत सुरक्षाको कार्य गरेको पाइन्छ । र कुनैपनि पुरातत्विक तथा ऐतिहासिक स्मारक अथावा प्रतिमाहरुको संरक्षण गर्दा खेरी त्यो सम्बन्धित वस्तुको परिचय वस्तु रहेको स्थान, उक्त वस्तुको ऐतिहासिक परिस्थिति वस्तुको वर्तमान अवस्थिति आदिको Documantation र Photography गर्नु पर्छ । यसो गरिएन भने अथवा वस्तुको यथास्थिति विवरणसहितको अभिलेख राखिएन भने भविष्यमा वस्तु हराउने संभावना रहन्छ भने अर्कोतिर उक्त वस्तुको पुन संरक्षण गनु परेमा समस्या आउन सक्छ । यसर्थ कुनै पनि पुरातात्विक वस्तुको संरक्षण कार्य गर्दा निम्न तरिका अपनाउनु पर्छ ।

**१. Photography**

सम्बन्धित वस्तुको संरक्षणको प्रक्रियामा Photography को महत्त्वपूर्ण भूमिका रहन्छ । सर्वप्रथम त सम्बन्धित विषयका प्राविधिक वा विज्ञ द्वारा स्थलगत निरिक्षण गरी फोटो खिच्ने कार्य गरिन्छ । संरक्षण कार्यमा संरक्षण गर्नु भन्दा अगाडि, संरक्षणको शिलशिलामा र संरक्षण गर्ने कार्य समाप्त भएपछि Photography गरिन्छ ।

२. **Phycical Treatment**

Photography पछि वस्तुको बाहिरी सरसफाइ गरिन्छ । वस्तुको बाहिरीभागमा सरसफाइ गर्दा पनि वस्तुको सम्वेदनशिलतामा चोट पुग्छ । यसतर्फ विशेष ध्यान दिनु पर्छ ।

३. **Documantation**

Photography र Phisical Treatment पछि Documentation को कार्य शुरु हुन्छ । Documentation को कार्य पुरा गरिएन भने संरक्षणको कार्य पुरा हुँदैन । तसर्थ Documentation गर्दा निम्न कुरामा ध्यान पुर्‍याउनु पर्छ ।

- सम्बन्धित वस्तुको यथार्थ प्रकृतिको विवरण ।
- वस्तु कुन अवस्थामा रहेको छ, त्यसको उल्लेख ।
- वस्तुको ऐतिहासिक पृष्ठभूमिको उल्लेख

मूलतः वस्तु कसरी क्षय भएको छ र त्यसको कारण पत्ता लगाइ कसरी र कुन विधिबाट वस्तुको संरक्षण गर्ने भन्ने विषयमा अध्ययन गरी उक्त अध्ययनको प्रतिवेदनको आधारबाट वस्तुको संरक्षण गर्नु बढी वेज्ञानिक र आधिकारिक हुन्छ ।

**ख) रासायनिक पदार्थद्वारा सुरक्षा व्यवस्थापन**

सङ्ग्रहालयमा संग्रहित वस्तुहरू मानवीय कृयाकलापबाट मात्र नभइ रासायनिक प्रतिक्रियाद्वारा पनि विग्रन्छन् । तीनबाट बचाउँनको लागि बेलाबेलामा रासायनिक उपचार हुँदै आएको देखिएको छ । कुनैपनि वस्तु संरक्षण गर्नु अघि विग्रनुको मुलकारण के हो भन्ने अध्ययन गर्नु अति आवश्यक हुन आउँछ । यसैक्रममा जुद्धजातीय कलाशाला भवनको अध्ययन गर्दा भवनका विभिन्न भागहरूमा धमिरा लागेको देखिन्छ । उक्त भवन माटो, बज्र, ईट्टा, नरमकाठ आदिबाट जुद्ध समसेरको पालामा वि. सं. २००० सालमा बनाइएको त्यहाँ भएको ताम्र अभिलेखबाट पुष्टि हुन्छ । त्यस भवनको विभिन्न भित्ता, सिलिङ्ग, ढोका झ्याल तथा विद्युतको जडान गरिएको लिष्टिमा धमिराको असर देखिन्छ । यस धमिराको असले गर्दा प्रदर्शन गरिएका प्राङ्गरिक यौगिक पदार्थबाट बनेको सामग्रीहरूमा धमिराले असरले गर्ने संभावना देखिन्छ कलात्मक काष्ठकलाका नमुनाहरूमा धमिराबाट मात्र नभई काठमा प्वालपार्ने किरा उड बोरर, विटलस आदिको प्रभाव देखिन्छ । खासगरी प्रस्तर कला खण्ड, धातुकला खण्ड र चित्रकला खण्डमा भने त्यति वातावरणीय असर परेको देखिँदैन तर

काष्ठकला खण्डमा, धुलो धमिरा, किरा को साथै सेतो पाउडर जस्तो देखिने ढुसीबाट बचाउनको लागि रसायनिक उपचार गरिएको पाइएको छ । किरा र ढुसी नियन्त्रण गर्ने क्रममा किटनाशक रसायन र ढुसीनासक रसायन प्रयोग गरी फ्यूमीगेसन प्रविधिबाट संरक्षण गर्ने कार्य भएको छ । पुन किरा र ढुसीबाट प्रभावित नहोस भनेर ठाउँठाउँमा फ्यूमीग्याण्ट पनि राखिएको पाइएको छ । त्यसैगरी शो-केसहरूमा प्रसस्तमात्रामा मुसाको लीड देखिएको हुँदा यसलाई सफागरी मुसाबाट बचाउने प्रयासको लागि ठाउँठाउँमा Rodenticide नामक रसायन प्रयोग गरी संरक्षणको कार्य गरेको पाइएको छ ।[२२] समग्रमा भन्नुपर्दा जुद्धजातीय कलाशाला भवनको संरक्षण अवस्था सन्तोषजनक नै छ ।

## ४.८ कर्मचारी व्यवस्थापन

रारष्ट्रिय संग्रहालयको कर्मचारीहरुको सांगठानिक तालिकालाई परिशिष्ट खण्डमा दिइएको छ । उक्त तालिका अनुसार जुद्धजातीय कलाशाला भवनमा सङ्ग्रहालय अधिकृत १ जना, सहायक पथप्रर्दशक १ जना र ग्यालरी गार्ड ६ जना रहेका छन् । उक्त तालिकामा ग्यालरी गार्डहरु ६ जना देखाइए तापनि हाल ४ जना मात्र रहेका छन् । यसर्थ यस भवनमा कर्मचारीको संख्या कम देखिन्छ । यस भवनमा ७ वटा कक्षहरु रहेका छन् । कम्तिमा प्रत्येक कक्षमा ग्यालरी गार्डको व्यवस्था हुनु जरुरी देखिन्छ ।

## ४.९ तथ्याङ्क विश्लेषण

जुद्धजातीय कलाशाला भवनको प्रर्दशनी व्यवस्थापनको अध्ययनको क्रममा सङ्ग्रहालय आउने पर्यटकहरु सँग यहाँको प्रदर्शनी व्यवस्थापन सम्बन्धी जानकारी प्राप्त गर्नको लागि लिखित प्रश्नावाली विधिबाट अनुसन्धान गरिएको छ । यसै सिलसिलामा नमुना छनौट विधिद्वारा २० जना पर्यटकहरुलाई अनुसन्धानमा समावेश गरिएको छ । अनुसन्धानबाट प्राप्त तथ्यलाई आधार मानेर अनुसन्धानबाट अनुसन्धानको उद्देश्यहरुलाई सामान्यीकरण गरिएको छ ।

अनुसन्धानको क्रममा २०% अर्थात ४ जनाले यहाँ सङ्ग्रहीत प्राचीन वस्तुहरुलाई हेर्न आएको बताए । त्यस्तै २०% ले अर्थात ४ जनालाई सङ्ग्रहालय परिसरको वातावरणले आकर्षित गरेको देखिन्छ । १५% अर्थात ३ जनाले सङ्ग्रहालयको प्राकृतिक प्रकाश

---

[२२] प्रिजरभेसन कन्जरभेसन एण्ड रेष्ट्रोरेसन अफ कल्चरल प्रपटी सेन्टर, काठमाडौं : **कलात्मक काष्ठकलाको रसायन संरक्षण प्रतिवेदन,** २०६८, पृ. ५ ।

व्यवस्थापन राम्रो भएको बताएका छन् भने ५% अर्थात् १ जनाले मात्र कृतिम प्रकाश व्यवस्था नराम्रो भएका बताएका छन् । त्यस्तैगरी १०% अर्थात २ जनाले स्ग्रहालयमा अध्ययन तथा अनुसन्धान गर्न आएको बताएका छन् भने बाँकी १०% ले यहाँको सुरक्षा व्यवस्था सामान्य भएको बताएका छन् ।

माथिका तथ्याङ्कको आधारबाट यो प्रष्ट हुन्छकी जुद्धजातीय कलाशालाको प्रर्दशनी व्यवस्थापनमा धेरैकमजोरी रहेको देखिन्छ । किनभने अनुसन्धानको क्रममा २०% ले मात्र यहाँको प्रदर्शनी व्यवस्थालाई राम्रो मानेको तथ्य प्राप्त भएको छ भने बााकी ८०% ले प्रर्दशनी व्यवस्थापनको विषयमा मौन रहेका छन् ।

## ४.१० राष्ट्रिय सङ्ग्रहालयका चुनौतिहरु

नेपाल सांस्कृतिक, ऐतिहासिक, तथा भौगोलिक विविधताले युक्त देश भएकाले यहाको साँस्कृतिक परिवेशमा पनि विविधता पाइन्छ । यसै सांस्कृतिक विविधतालाई दृष्यावलोकन गर्नको लागि हजारौं पर्यटकहरु भित्रिने गर्छन । नेपाल आफैमा खुला सङ्ग्रहालयको रुपमा रहेता पनि औपचारिक रुपमा भने सङ्ग्रहालयहरु मध्ये केही बाहेक धेरै सङ्ग्रहालयहरु आधुनिक सङ्ग्रहालयको अवधारणा अनुरुप निर्माण हुन सकेको छैन । राष्ट्रिय सङ्ग्रहालय नेपालको एक मात्र केन्द्रीय सङ्ग्रहालय हो । यसर्थ पनि यसको ऐतिहासिक महत्त्व छ । यति हुँदाहुँदै पनि यस सङ्ग्रहालयले धेरै चुनौतीहरु संग सामना गर्नु परेको देखिन्छ ।

मुख्यत नेपालमा सङ्ग्रहालयको विकासको लागि सङ्ग्रहालय स्वतन्त्र विभागको रुपमा स्थापित हुनुपर्छ । हाल नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उडड्यन तथा पुरातत्त्वविभाग अन्तर्गत सञ्चालित यस राष्ट्रिय सङ्ग्रहालयको आफ्नै सङ्ग्रहालय ऐन छैन । यस तर्फ सङ्ग्रहालयसँगको सम्बद्ध अधिकारीहरुले उचीत पहल गर्नुपर्छ । कानुनी अधिकार पाएर स्वतन्त्र रुपमा कार्य गर्न नपाउँदा सम्म संग्रहालयको विकास प्रक्रियामा अवरोध आउने देखिन्छ ।

सङ्ग्रहालय विशुद्धरुपमा नाफा कमाउने उद्देश्यले रहित संस्था हो । यसर्थ सङ्ग्रहालय आफैले आय आर्जन गर्न तर्फ नलागी जनसेवामा बढी चासो राख्छ । त्यसैले सङ्ग्रहालय सञ्चालन, व्यवस्थापन तथा विकासको लागि राष्ट्रबाट बढी लगानि गर्नु पर्छ । राष्ट्रिय सङ्ग्रहालय नेपालकै एक मात्र महत्त्वपूर्ण सङ्ग्रहालय भए तापनि यस

सङ्ग्रहालयलाई नेपाल सरकारले आवश्यक मात्रामा लगानि गरेको छैन । अर्को शब्दमा भन्ने हो भने राज्यले सङ्ग्रहालय भनेको के हो बुझ्न सकेको छैन त्यसकारण नेपालमा सङ्ग्रहालयको विकासको लागि चुनौतीहरु नै बढी थपिएको देखिन्छ ।

सङ्ग्रहालय आफैमा प्राज्ञिक संस्था हो । यस्तो संस्थामा काम गर्ने कर्मचारीहरु पनि प्राज्ञिक हुनुपर्छ । तर विडम्बना नेपाल सरकारले सङ्ग्रहालयको लागि दक्ष जनशक्ति उत्पादन नै गर्न सकेको छैन । त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभागमा सङ्ग्रहालय विज्ञान सम्बन्धी ५० पुर्णाङ्क पाठ्यभारको पढाइ हुन्छ । यस्तो सामान्य पढाइले सङ्ग्रहालय सम्बन्धी दक्षजनशक्ति उत्पादन हुन सक्दैन । यसतर्फ त्रिभुवन विश्वविद्यालय, पुरातवविभाग र स्वयम राष्ट्रिय सङ्ग्रहालयले विशेष ध्यान दिनु पर्छ ।

राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कलाशाला भवनको प्रदर्शनी व्यवस्था सम्बन्धी अध्ययनको क्रममा यस भित्रका धेरै चुनौतीहरु पाइएको छ । प्रथम त यो भवन पुरानो भएकोले आधुनिक प्रदर्शनी पद्धती अनुरुप प्रर्दशनी व्यवस्था मिलाउन कठीन हुने देखिन्छ । यद्यपी भवनको आन्तरिक कक्षहरु पुनः निर्माण गर्न सकिन्छ । प्रदर्शनी व्यवस्थापनको लागि दक्षजनशक्ति नभएको हुँदा प्रर्दशनीमा परिमार्जन गर्न सकिएको छैन । यद्यपी यस सङ्ग्रहालयको पूर्व सङ्ग्रहालय प्रमुख श्री भेषनारायण दाहालको कार्यकालमा भने यहाँको प्रदर्शनी व्यवस्थापनमा व्यापक सुधार भएको पाइन्छ । ग्यालरीहरुमा परिचयपाटीको व्यवस्थापन देखि लिएर शो-केशहरुको निर्माण लगायतका कार्यहरु उहाँको कार्यकालमा भएको देखिन्छ । त्यस्तै गरी सुरक्षा व्यवस्थाको लागि सीसिटिभी क्यामराको प्रयोग गरिएको छ । यो जनु प्रर्दशनी व्यवस्थापनमा महत्त्वपूर्ण उपलब्धी हो । संरक्षण तथा सम्बर्द्धनको लागि पनि यहा थुप्रै चुनौतीहरु छन् । एक त यो भवनमा बज्र लेपन गरिएको छ, जुन जीर्ण हुँदै मक्किदै गएको छ । यसको मर्मतको लागि आवश्यक सामग्री, दक्ष जनशक्तिको व्यवस्था गर्नुमा कठिनाइ हुने देखिन्छ ।

जे होस राष्ट्रबाट आवश्यक लगानि र दक्ष व्यक्तिहरुको व्यवस्था हुन सक्यो भने यस सङ्ग्रहालयको संरक्षण, सम्बर्द्धन तथा प्रदर्शनी व्यवस्थापनमा व्यापक सुधार गरेर राष्ट्रिय सङ्ग्रहालयमा देखिएका चुनौतीहरुलाई पार लाउन सकिन्छ ।

# अध्याय पाच
# साराशं, सुझाव र निष्कर्ष

सङ्ग्रहालय संस्कृतिको आत्मा हो[१] र सभ्यताको संरक्षक कुनै पनि समाज वा राष्ट्रको प्राचीन अथवा वर्तमानको कला, वास्तुकला, संस्कृति र साहित्यका मुर्त अथवा अमुर्त धरोहरहरूलाई भविष्यको सन्ततीका लागि जोगाएर राख्ने महत्त्वको गुण, सङ्ग्रहालयको अस्तित्त्वमा र आदर्शमा रहेको हुन्छ । सङ्ग्रहालय, इतिहास संस्कृति, सभ्यता र सामाजिक एवम् पुरातात्त्विक विषयको पहिचान गराउने सांस्कृतिक केन्द्रस्थलको साथै मनोरञ्जन तथा आमोद प्रमोदको लागि पनि महत्त्वपूर्ण स्थल हो । आजको मानव सभ्यतालाई सहिमार्गमा हिडन सहयोग गर्ने पथप्रर्दशकको साथै भावि सन्ततीको स्वाभीमानलाई जोगाइराख्ने एउटा आश्रयस्थल पनि हो सङ्ग्रहालय । सङ्ग्रहालय राष्ट्रका विभिन्न समुदाय र जनजातिका जातीय पहिचानलाई समेत अक्षुण जोगाइराख्ने महत्त्वपूर्ण संरक्षणस्थल पनि भएकोले यसको माध्यमबाट समाजशास्त्री र मानवशास्त्रीहरूलाई मानव सभ्यताको अध्ययन गर्न सहयेग पुग्छ । इतिहास , संस्कृति तथा पुरातत्त्व विषयका विद्यार्थीको लागि त यो प्रयोगशाला नै साबित भएको छ । समग्रमा भन्दासङ्ग्रहालयको माध्यमबाट शैक्षिक, सामाजिक, ऐतिहासिक, धार्मिक साँस्कृतिक जागरण संभव हुने भएकोले सङ्ग्रहालय समाजको लागि अपरिहार्य छ ।[२]

नेपालमा सङ्ग्रहालयको इहिासमा राष्ट्रिय सङ्ग्रहालय छाउनीको विशिष्ट पहिचान छ । नेपालको एकमात्र केन्द्रीय सङ्ग्रहालय भएकोले मात्र नभई यहाँ संकलित ५० औं हजार कलाकृतीहरूको अस्तित्त्व बहन गर्ने जिम्मेवारी राष्ट्रिय सङ्ग्रहालयको कााधमा रहेकाले पनि यसको महत्त्व रहेको छ । देशको सबै क्षेत्रको प्रतिनिधित्व गर्ने कलाकृतिको साथै नेपालको प्राचीन इतिहासदेखि लिएर हालसम्म ऐतिहासिक पुरातात्त्विक एवम् साँस्कृतिक विषयका प्रतिविम्बित कलाकृतिले यस सङ्ग्रहालयको गरिमालाई अग्रपंक्तिमा राखेको छ ।

यो नेपालको एक मात्र महत्त्वपूर्ण केन्द्रीय सङ्ग्रहालय हो । यो सङ्ग्रहालय नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय अन्तर्गत पुरातत्त्वविभागद्वारा सञ्चालित नेपाल सरकारको उपसचिव स्तरको कर्मचारी सङ्ग्रहालयको प्रमुख हुने व्यवस्था छ भने अन्य अधिकृतस्तर र शाखा अधिकृत स्तरका कर्मचारीहरू कार्यरत यस सङ्ग्रहालय

---

[१] वीणा पौड्याल, **"राष्ट्रिय संग्रहालयका केही मूर्तिहरु"**, स्नातकोत्तर शोधपत्र, त्रि. वि. २०३५, पृ. १ ।

[२] देवेन्द्रमान श्रेष्ठ, **"पाटन संग्रहालय एवम त्यहाँ  संग्रहित कला वस्तुहरु"**, स्नातकोत्तर शोधपत्र, त्रि. वि. २०६२, पृ. ९६ ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अर्न्तगत सञ्चालित छ । पुरातत्त्व विभागको २६ करोड २७ रूपैंया वार्षिक बजेट मध्य ३ करोड ७३ लाख ९२ हजार रूपैंया राष्ट्रिय सङ्ग्रहालय छाउनीलाई छुट्याइएको छ ।[३] सङ्ग्रहालयको मुख्य आयश्रोत टिकट, विक्री तथा सङ्ग्रहालय विक्री कक्षमा विक्रीको लागि राखिएका पुस्तक, पोष्टकार्ड एवम् मूर्तिहरूको विक्रिबाट प्राप्त हुने रकम भने राजस्वमा जान्छ ।

राष्ट्रिय सङ्ग्रहालय भएपनि यस सङ्ग्रहालयमा सूचना केन्द्रको अभाव रहेको छ । सङ्ग्रहालयको परिसरमा सार्वजानिक टेलीफोन सेवा, रिशेप्सन कक्ष जस्ता साधारणकुराहरूको पनि व्यवस्थापन गर्न सकिएको छैन । राष्ट्रिय सङ्ग्रहालयले मात्र होइन नेपाल सरकारले देशका सङ्ग्रहालयहरूबारे आधिकारिक एकिकृत जानकारी दिन नसक्दा स्वदेशी तथा विदेशी भ्रमणकर्ता कहाँ भ्रमण गर्ने अन्यौलमा रहेका छन् । हाल भने पुरातत्त्वविभागको आफ्नै Website मा रहेको छ ।[४] सङ्ग्रहालयको आमसञ्चारका विविध माध्यमहरू मार्फत आफ्ना सूचनाहरू प्रवाह गरेर जनसम्पर्कको कार्यलाई अगाडि बढाउन सक्छ यसको साथै पर्यटनसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरेर पनि यस कार्यलाई अगाडि बढाउन सक्छ तर यसतर्फ सङ्ग्रहालयले ध्यान दिएको देखिदैन । वास्तवमा सङ्ग्रहालयलाई स्वतन्त्र रूपमा विकास गर्नको लागि सङ्ग्रहालय सम्बन्धी छुट्टै ऐन कानुनको व्यवस्था हुनु पर्छ । वा सङ्ग्रहालयलाई छुट्टै विभागको रूपमा स्थापना गरिनु पर्छ । वा विकास मण्डलको रूपमा यस सङ्ग्रहालयलाई परिवर्तन गर्नु पर्छ ।[५]

यस सङ्ग्रहालयमा शैक्षिक गतिविधिहरू नगन्य मात्रामा हुने गरेको पाइन्छ । सङ्ग्रहालयको प्रमुख कार्य भनेको वस्तु संरक्षण र प्रदर्शनको साथ साथै शैक्षिक गतिविधि भित्र पर्ने अन्य अध्ययन, अनुसन्धान तथा प्रकाशन त याहाँ छदैछैन भने पनि हुन्छ । त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभागका विद्यार्थी प्रा. डा. वीणापौड्याल र करूणा नकर्मीको अनुसन्धानमूलक शोधपत्र तथा पशुपतिकुमार द्विर्वदीको प्रतिवेदन बाहेक अरू अनुसन्धान भएको छैन ।

सङ्ग्रहालयको प्रकाशनको रूपमा एउटा सामान्य पुस्तिका मात्र रहेको छ । यहाँ अध्ययन अनुसन्धानको लागि एउटा पुस्तकालय भए पनि पुस्तकालय विज्ञानको सिद्धान्तको

---

[३] जितेन्द्रशाह, **"संग्रहालय बारे एकिकृत सूचनाको अभाव", कान्तिपुर,** वर्ष १९, अङ्क २८६, २०६८, पृ. ४ ।
[४] ऐजन, पृ. ४ ।
[५] राष्ट्रिय संग्रहालय छाउनीका अधिकृत किरणकुमार राजवंशी सँग गरिएको कुराकानी ।

आधारमा पुस्तकालय व्यवस्थित छैन । हाल आएर सङ्ग्रहालयको शैक्षिक गतिविधिमा भने केही कार्य हुन थालेको छ । खासगरी विद्यालय तहका बालबालिकाका लागि शनिबारको दिन निशुल्क प्रवेशको व्यवस्था गरिएको छ । यस सङ्ग्रहालयमा शनिबार बाहेक अन्यदिन बालबालिकाले १० रूपैंया शुल्क तिरेर प्रवेश पाउँछन् । विद्यार्थीले एकै पटक ३० रूपैंया शुल्क तिरेर सदस्य बनेमा ६ देखि १० वर्ष सम्मका विद्यार्थीका एक अभिभावकसहित दश कक्षा सम्मका विद्यार्थी निःशुल्क प्रवेश पाउने व्यवस्था गरिएको छ ।[६] यो विद्यालय शैक्षिक कार्यक्रम अन्तर्गत साढे पाँचहजार विद्यार्थीले सदस्यता लिएका छन् । सङ्ग्रहालयले सदस्य विद्यार्थीलाई वर्षेनी चित्रकला र प्रतिमूर्तिकला (Replica) मा  तालिम पनि दिने गरेको छ । झण्डै ५० हजार सामग्री रहेको यस सङ्ग्रहालयको ऐतिहासिक भवनको भुइतलामा डिसेम्बर एक २०१२ देखि इजरायली दुतावसले १० वर्ष मुनिका लागि बालबालिकाकक्ष स्थापना गरिएको छ ।[७]

यस सङ्ग्रहालयमा पुरातात्त्विक तथा साँस्कृतिक दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण वस्तुहरू संकलन गरिएका छन् । संकलित वस्तुहरूको संरक्षण, सम्बर्द्धन र सुरक्षाको क्षेत्रमा ध्यान पुऱ्याएको देखिन्छ । पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वका वस्तुहरू संकलन गरिएकोले तिनको सुरक्षाको लागि यहाँ सरकारी सुरक्षा निकायको नेपाली सेनालाई तैनाथमा राखिएको छ । कार्यालय समयबाहेक अन्य समयमा सङ्ग्रहालयको सुरक्षा जिम्मेवारी नेपाली सेनाले लिएको छ । सङ्ग्रहालय बन्द गर्ने समयमा सङ्ग्रहालय भवनको मुलद्वारमा लाहा छाप लागएर बन्द गरिन्छ ।संग्रहित तथा प्रदर्शित वस्तुहरू पछिसम्म पनि यथावत रहुन भन्ने उद्देश्यले सङ्ग्रहालयको आफ्नै रासायनिक प्रयोगशाला नभएतापनि समयसमयमा प्राविधिकहरूबाट परिक्षण गराउने तथा समुचित रसायनिक उपचार गर्ने गरिएको पाइन्छ । त्यस्तैगरी यस सङ्ग्रहालयले हावा, पानी, प्रकाश, रासायनिक, जैविक र भौतिक कारण तथा मानवीय संसर्गका कारणवस्तुलाई विग्रन नदिइ संरक्षणका उपायहरू पनि अबलम्बन गरेको पाइन्छ ।

राष्ट्रिय सङ्ग्रहालय छाउनीको प्रांगणमा रहेको जुद्धजातीय कलाशाला भवन राणा प्रधानमत्रि जुद्ध शम्सेरद्वारा स्थापना गरिएको नेपालको प्रथम सङ्ग्रहालय भएकोले ऐतिहासिक दृष्टिकोणले यसको आफ्नै विशिष्ट महत्त्व छ तापनि यस भवनको वास्तुशैली

[६] पूर्ववत्, पादटिप्पणी नं. ३, पृ. ४ ।
[७] जितेन्द्र शाह, **संग्रहालयमा बालबालिका कक्ष, कान्तिपुर,** वर्ष १९, अङ्क १९४, २०६८, पृ. ४ ।

आधुनिक अवधारणा अनुरूपको सङ्ग्रहालय वास्तुसँग मेल खाँदैन । पाटन सङ्ग्रहालयलाई हेर्ने हो भने पुरानै दरबार भए पनि दरबारको बाहिरी स्वरूपलाई नविगारीकन पनि आधुनिक सङ्ग्रहालय भवन निर्माण गर्न सकिन्छ भन्ने कुराको पुष्टि भएको छ । पुरानो दरबारलाई सङ्ग्रहालय भवनको रूपमा प्रयोग गरिएको भए तापनि पाटनसङ्ग्रहालयको प्रदर्शनी व्यवस्था कुनै सङ्ग्रहालयकै प्रयोजनको लागि बनाइएको भवनमा भन्दा कम छैन । भवनको उचाइ कम भएतापनि यहाँ सोही अनुरूप आँखाको समतलमा वस्तुहरू राखि प्रर्दशन गरिएका छन् । शोकेसहरू पनि वस्तुको आकार तथा स्वरूप अनुरूपकै बनाइएका छन् । सानो आकारका कतिपय मूर्तिहरूलाई यहाँ एउटै शोकेसमा आकर्षक ढङ्गले साइज मिलाएर प्रर्दशन गरिएका छन् । भित्ता बाहिर शोकेस राख्दा बढी ठाउँ ओगटने हुनाले मिल्ने र सुहाउने कतिपय ठाउँहरूमा भित्ता नै खोपेर शोकेसको रूप दिइएको छ । खुल्ला रूपमा राखिएका मूर्तिहरूका लागि आकार प्रकारको अनुरूप पादपीठको निर्माण गरी आँखाको समतल रहने गरी प्रदर्शन गरिएका छन् । भित्ताको रंग तथा शोकेसहरूको पृष्ठभूमि पनि आँखालाई आराम दिने खालकै प्रयोग गरिएका छन् । समग्रमा भन्नुपर्दा पाटन सङ्ग्रहालयको सबै भन्दा सबलपक्ष भनेको आकर्षक ढङ्गबाट गरिएको वस्तुहरूको प्रदर्शनी व्यवस्थापन हो ।

वर्तमान परिप्रेक्षमा विश्वभरी सङ्ग्रहालयका विभिन्न सिद्धान्तहरू विकास भएको देखिन्छ । यस्ता सिद्धान्तहरू मध्ये प्रदर्शनी व्यवस्थापनलाई पनि एउटा महत्त्वपूर्ण पक्षको रूपमा लिइएको पाइन्छ । प्रदर्शनी व्यवस्थापनले कुनै पनि सङ्ग्रहालयको प्राविधिक पक्षलाई समेत उजागर गर्ने गर्दछ ।[८] प्रदर्शन गर्दा प्रदर्शनी स्थान ग्यालरी निर्माण र त्यसको व्यवस्थापन, शो-केसहरूको निर्माणको साथै Pedastal हरूको निर्माण प्रकाश व्यवस्थापन, रंगको संयोजन प्रदर्शित वस्तुहरूको विवरण आदि जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्छ । यस्ता पक्षलाई ध्यान राखेमा मात्र प्रदर्शनी व्यवस्थापन प्रभावकारी हुन सक्छ । जुद्धजातीयकलाशालामा प्रर्दशनी व्यवस्थापनमा केही अवयवहरू अवस्य मिलेको छैनन् । प्रकाश तथा रंगको उचित व्यवस्थापन, Pedastal तथा शोकेसहरूको व्यवस्थापन तथा अन्य केही विषयहरूमा त्यति ख्याल गरिएको पाइदैन । जुद्धजातीय कलाशालामा हाल भइरहेको वस्तुहरूको पुनः प्रर्दशनी व्यवस्थापन गर्दा तलका निम्न लिखित बुँदाहरूमा ध्यान दिन

[८] पी. यू. आर, डी. कन्सल्टेन्सी, **राष्ट्रिय संग्रहालय स्थित जुद्धजातीय कलाशालको प्रर्दशन व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन,** २०६७, पृ. १६ ।

सकिएकमा प्रदर्शनी व्यवस्थित हुनेको साथसाथै सङ्ग्रहालयको प्राविधिक विशेषज्ञताकोपक्ष बलियो हुने देखिन्छ ।

१. जुद्धजातीय कलाशाला भवन आफैमा एउटा इतिहास भईसकेको छ । यसको इतिहासको बारेमा संक्षिप्त विवरण तयार गरेर प्रवेशद्वारसंगै राखिदिएमा साधारण भ्रमणकर्ताले यस विषयमा जानकारी हासिल गर्न सक्छन् ।

२. जुद्धजातीय कलाशालामा प्रर्दशनी अव्यवस्थित भएको देखिन्छ । यस भवनको ग्यालरी 'ए' मा जहाँ काठमाडौं उपत्याकाबाट प्रस्तर मूर्तिहरू राखिएको छ साथै यस ग्यालरीमा सिम्रौनगढबाट ल्याइएका १३ औं शताब्दिका ब्रम्हा, सिंहबाहिनी दुर्गा र नारायणका मूर्तिहरू पनि प्रदर्शन गरिएका छन् । यसले गर्दा भिन्न प्रकृति र विशेषता भएका काठमाडौंबाट प्राप्त लिच्छविकालीन मूर्तिहरूको गरिमालाई फितलो बनाइदिएको देखिन्छ । तसर्थ बाहिरबाट ल्याइएका मूर्तिहरूको अलग्गै कक्ष बनाउनु उपयुक्त हुन्छ ।

३. त्यसैगरी ग्यालरी बी मा मल्लकालीन प्रस्तरमूर्तिहरूको साथै माटाका मातृकाका (नवदुर्गा) मूर्तिहरू प्रदर्शनमा छन् । माटोबाट निर्मित कलाकृतिहरूको लागि छुट्टै ग्यालरी बनाउनु उपयुक्त हुन्छ ।

४. यहाँका हरेक ग्यालरीहरूमा क्रमबद्ध तरिकाले मूर्तिहरूको प्रदर्शनी गरिएको छ । शाक्त, शैव, वैष्णव लगायतका भिन्न धर्म सम्प्रदायका मूर्तिहरूलाई भिन्न ग्यालरीमा कालक्रम अनुसार प्रदर्शनी गरिएमा व्यवस्थित हुने देखिन्छ ।

५. यहाँका केही ग्यालरीहरू जस्तो ग्यालरी 'ए', ग्यालरी बी मा मूर्तिहरूको आकार, प्रकार अनुसार प्रदर्शनी गर्नु पर्छ । ग्यालरी 'ए' को जयवर्माको मूर्तिले यहाँका अन्य मूर्तिहरूको महत्त्वलाई फितलो बनाइदिएको देखिन्छ । बरू ग्यालरी 'ए' को जयवर्माको मूर्ति, ग्यालरी सी को नामनखुलेको एक मल्ल राजा, एक मल्ल रानी र ग्यालरी डी को रानी ललितत्रिपुरासुन्दरी र राजा भुपतिन्त्रद्रमल्लको शालिकलाई छुट्टै ग्यालरीमा प्रदर्शन गर्न सकिन्छ । किनभने धार्मिक देवदेवीको मूर्तिहरूको प्रदर्शन गरिएको ग्यालरीहरूमा राजामहाराजाको शालिकहरू प्रदर्शन गर्नु त्यति उपयुक्त मानिन्न । तसर्थ प्रदर्शनी व्यवस्था गर्दा यसतर्फ ध्यान दिनु पर्छ ।

६. जुद्धजातीय भवनको ग्यालरी सी, ग्यालरी डी, लगायतका सौम्य मूर्तिहरू प्रदर्शन गरिएको ठाउँमा तन्त्रमन्त्रबाट प्रभावित मूर्तिहरू प्रदर्शनीमा राखिएका छन् । नेपालको धार्मिक

तथा सांस्कृतिक इतिहासमा खासगरी मल्लकालीन धार्मिका समाजमा तन्त्रले विशेष प्रभाव पारेको छ । यस तन्त्रवादको सन्दर्भमा विशेष जानकारी दिएर तन्त्रबाट प्रभावित मूर्तिहरूलाई एउटा अलग्गै कक्षमा प्रदर्शन गर्न सकिन्छ ।

७. तन्त्रको साथ साथै केही कामप्रधान धातु तथा काष्ठ मूर्तिहरू पनि ग्यालरी सी, डी र ई मा प्रर्दशित छन् ।

८. हरेक कक्षमा समानुपातिक हिसाबले मूर्तिहरू प्रदर्शन गर्न सकिएमा प्रदर्शनी व्यवस्थापन राम्रो हुन सक्ने देखिन्छ । यहाँका कुनैपनि ग्यालरीहरूमा समानुपातिक हिसाबले मूर्तिहरू प्रदर्शन गरिएको छैन ।

९. जुद्धजातीय कलाशालाको ग्यालरीहरूमा, प्रदर्शित मूर्तिहरूको Caption को विवरण अपुग देखिन्छ । Caption हरू Eye leble मा छैनन् । प्रदर्शन व्यवस्थापन गर्दा Caption मा विशेष ध्यान पुऱ्याउनु पर्छ Caption को विवरण पनि सन्तुलित हुनु पर्छ ।

१०. वस्तुहरूको प्रदर्शनी व्यवस्थापनमा प्रकाशको महत्त्वपूर्ण स्थान रहेको छ । कुन वस्तुलाई कस्तो प्रकारको प्रकाशदिने ? रंगिन प्रकाश दिने नदिने भन्ने विषयमा सुक्षम तरिकाले अध्ययन गर्नु पर्छ । जुद्धजातीय कलाशाला भवनमा प्रकाश व्यवस्थापन राम्रो देखिएको छैन । ग्यालरीहरूमा साधारण बत्तिहरू बाल्ने गरिन्छ । जस्तो कुनै पनि मूर्तिहरूलाई फोकस नगरी ग्यालरी कक्षलाई मात्र फोकस गरेको देखिन्छ । तसर्थ यसकलाशालामा प्रदर्शन गर्ने बेला प्राविधिक पक्षहरूलाई पनि ध्यान दिनु पर्ने देखिन्छ । यहाँ प्रयोग गरिएका शोकेसहरू पनि वस्तुको सम्बेदनशीलता अनुरूपका छैन ।

११. यहाँका ग्यालरीहरूमा संरक्षण तथा सम्बर्द्धनको लागि सरसफाइमा त्यति ध्यान दिएको पाइँदैन । ग्यालरीका भित्ताहरूमा धमिरा लागेको देखिन्छ भने माथिका सिलिङ्गहरू चर्केको, फुटेको देखिन्छ । भवनको बाहिर पट्टीका भित्ताहरूमा घाँस, पात, लगायत पिपलको बोट समेत उम्रेको देखिन्छ । यसले गर्दा पुरानो भवनलाई अझ जीर्ण बनाउने देखिन्छ ।

१२. जुद्धजातीय कलाशालामा नेपालका विशेष कालखण्ड र इतिहासलाई सम्बोधन गर्ने मूर्तिहरू राखिएका छन् । तसर्थ यो कलाशालामा भएका हरेक मूर्तिको वैज्ञानिक र विस्तृत विवरण तयार गरी प्रकाशन गरी प्रचार गर्न सकियो भने सङ्ग्रहालयमा आउने दर्शकको संख्या बढ्नुको साथै प्रर्दशनी व्यवस्थापनको लागि समेत सहजहुने देखिन्छ ।

१३. प्रदर्शनी व्यवस्थापन मिलाउने सन्दर्भमा ठूलो समूहको आवश्यकता पर्छ । प्रदर्शनी गर्दा सङ्ग्रहालयविद, संरक्षणविद, शिक्षाविद, सञ्चारकर्मी, नागरिक समाजको प्रतिनिधि, प्रशासक आदिको आवश्यकता पर्छ । विश्वका हरेक सङ्ग्रहालयमा प्रदर्शनी व्यवस्थापनको लागि विशेषज्ञहरूको समिति हुन्छ । तर नेपालमा कुनै पनि सङ्ग्रहालयमा प्रदर्शनी व्यवस्थापनको समिति बनेको देखिदैन । तसर्थ प्रदर्शनी व्यवस्थापनको लागि विशेषज्ञहरूको सहभागीतामा प्रदर्शनी व्यवस्थापन समिति बन्नु पर्ने हुन्छ । राष्ट्रिय सङ्ग्रहालयको यो समिति गठन गर्न सकेमा नेपालकै अगुवा सङ्ग्रहालयको रूपमा यो आउन सक्ने छ ।

# सन्दर्भ ग्रन्थ सूची

आचार्य, महेशकुमार, (२०५६), **प्रागइतिहास र पुरातत्त्वको परिचय,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

दाहाल, पेशल र सोम प्रसाद खतिवडा (२०५८), **पुरातत्वको परिचय,** काठमाडौं : एम. के पब्लिर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

................................, (२०५८), **अनुसन्धान पद्धति,** काठमाडौं : एम. के पब्लिर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

द्विवेदी, पशुपतिकुमार (२०३२), सङ्ग्रहा**लय र समाज,** काठमाडौं : राष्ट्रिय सङ्ग्रहालय ।

बज्राचार्य, धनबज्र (२०३०) **लिच्छविकालकालका अभिलेख,** कीर्तिपुर : त्रि. वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी, (२०६०) **नेपाली कला, वास्तुकला र प्रतिमालक्षण,** काठमाडौं : एसिया पब्लीकेसन ।

**हिन्दी**

गणेशन, आर, (२००२), **भारतीय सङ्ग्रहालय एवम् जनसर्म्क,** वाराणशी विश्वविद्यालय प्रकाशन, विशालाक्षी भवन ।

पुरी, वैजनाथ, (१९५८), **पुरातत्व विज्ञान,** लखनउ : प्रकाशन केन्द्र ।

शुक्ल, गिरीशचन्द्र, र विमलेशकुमार पाण्डेय, (२००२) **सङ्ग्रहालय विज्ञान,** दिल्ली : मोतीलाल बनारसीदास ।

सहाय, शिवस्वरुप, (१९९२), **सङ्ग्रहालय की ओर,** दिल्ली : मोतीलाल बनारसी दास ।

**अङ्ग्रेजी**

Amatya, Saphalya (1991), **Art and Culture and Nepal,** Jaipure : Niral Publication

Bangdel, Lain S. (1989), **Stolen Image of Nepal,** Kathamdnu : Royal Nepal Academy.

Burcitt, M. C. (1993), **The old Stone age,** New Delhi : Rupa and Co.

Dwivedi, Pashupatikumar, (1976), **Museum in Nepal,** Kadhmandu : Smt. Susila Dwivedi.

Hudson, Kenth, (1977), **Museum for the 1980s,** UNESCO.

Johnson, E. Verner and Joanne C. Hargan, (1979), **Museum Colection storage,** UNESCO.

Singh, A.P., (1987), **Conservation and Museum Techniques,** Delhi : Agam Kala Prakshan.

Slusser, Mary Shepherd, (1998), **Patan Museum Guide,** Patan : Patan Museum.

Stolow, Nathan, (1979), **Museum and Monuments,** UNESCO.

**प्रतिवेदन**

प्रिजरभेसन, कञ्जरभेसन एण्ड रेष्ट्रोरेसन अफ कल्चर प्रपर्टी सेन्टर, (२०६८), कलात्मक काष्ठकलाको रसायन संरक्षण प्रतिवेदन, काठमाडौं ।

द्विवेदी, पशुपतिकुमार (२०३७), नेपालको राष्ट्रिय सङ्ग्रहालय तथा अन्य सङ्ग्रहालयको ऐतिहासिक पृष्ठभूमी, महत्त्व र समस्याको सर्वेक्षण गर्नु पर्ने व्यवस्था सम्बन्धि प्रतिवेदन ।

नेपाल, भीमप्रसाद, (२०५८) विश्व सम्पदा महासन्धि र काठमाडौं उपत्यका विश्व सम्पदास्थल, काडमाठौं : युनेस्कोका लागि निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय ।

पी. यु. आर. डी., कन्सल्टेन्सी (२०६८), राष्ट्रिय सङ्ग्रहालय स्थित जुद्धजातीय कलाशालाको पुन : प्रदर्शन व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन, काठमाडौं ।

**शोधपत्र**

श्रेष्ठ, देवेन्द्रमान, (२०६२), **"पाटन सङ्ग्रहालय एवम् त्यहाँ सङ्ग्रहित कला वस्तुहरु",** कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि. वि. ।

डंगोल, सुवासकृष्ण, (२०६९), **"हनुमान ढोका मोहनचोकका भित्तेचित्रहरु",** कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि. वि. ।

नकर्मी, करुणा, (२०६६), **"राष्ट्रिय सङ्ग्रहालयका प्रमुख वैष्णव प्रस्तर मूर्तिहरु"**, कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि. वि. ।

पौड्याल, वीणा, (२०३५), "**राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरु"**, कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि. वि. ।

**पत्रपत्रिका**

शाह, जितेन्द्र (२०६८), **"सङ्ग्रहालयमा निःशुल्क प्रवेश", कान्तिपुर,** वर्ष १९, अङ्क २८५ ।

……………… (२०६८), "**संग्रहालयबारे एकिकृत सूचनाको अभाव", कान्तिपुर,** वर्ष, १९, अङ्क २८६, ।

………………. (२०६८) **"सङ्ग्रहालयमा बालबालिका कक्ष"**, **कान्तिपुर,** वर्ष १९, अङ्क २९४ ।

गुरुङ्ग, गणेशमान, (२०६५), **खुला आकाशे जातीय सङ्ग्रहालय र यसको महत्त्व,** नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयद्वारा प्रकाशित स्मारिका ।

राजवंशी, निरणकुमार (२०६८), **नेपालका सङ्ग्रहालयहरु,** नेपाल द्वैमासिक, सूचना विभाग ।

## परिशिष्ट 'क'

## प्रस्तुत शोधको उद्देश्यको परिपूर्तिको लागि सङ्ग्रहालयमा आउने आगन्तुकको लागि तयार पारिएको प्रश्नावली

१. यो संङ्ग्रहालयमा कति पटक आउनु भयो ?

क) एकपटक ख) दुई पटक

ग) तीन पटक घ) धेरै पटक

२. यहाँको प्रर्दशनी व्यवस्था कस्तो लाग्यो ?

क) अति राम्रो ख) राम्रो

ग) ठिकै घ) नराम्रो

३. कुन उद्देश्यले आउनु भयो ?

क) अध्ययन ख) भ्रमण

ग) मनोरञ्जन घ) समय बिताउँनु

४. यहाँको कर्मचारीबाट कस्तो सहयोग पाउनु भयो ?

क) अति सकारात्मक ख) आत्मिय

ग) नकारात्मक घ) सामान्य

५. यस सङ्ग्रहालयको सबै भन्दा बढी कुन कुराले याहाँलाई आकर्षित गर्‍यो ?

क) प्राचीन वस्तु ख) प्रदर्शनी प्रणाली

ग) कर्मचारीको व्यवहार घ) सङ्ग्रहालयको वातावरण

६. यहाँ प्रर्दशित मूर्तिहरुको सुरक्षा व्यवस्था कस्तो लाग्यो ?

क) अति राम्रो ख) राम्रो

ग) नराम्रो घ) सामान्य

७. यहाँको ग्यालरीहरुमा कृतिम प्रकाश व्यवस्थापन कस्तो लाग्यो ?

क) अति राम्रो ख) राम्रो

ग) नराम्रो घ) सामान्य

८. यहाँको ग्यालरीको प्राकृतिक प्रकाश व्यवस्थापन कस्तो लाग्यो ?

क) अति राम्रो ख) राम्रो

ग) नराम्रो घ) सामान्य

९. अन्य सङ्ग्रहालय र यहाँको सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापनमा के फरक पाउनु भयो ?

क) प्राविधिक पक्ष ख) व्यवस्थापन पक्ष

ग) वातावरणीय पक्ष ग) अन्य

१०. यहाँको प्रदर्शनी व्यवस्थापनलाई अझ राम्रो बनाउन यहाँले कस्तो सुझाव दिनु हुन्छ ?

क) अति राम्रो ख) राम्रो

ग) नराम्रो घ) सामान्य

## परिशिष्ट 'ख'

## प्रस्तुत शोधको उद्देश्यको परिपूर्तिको लागि सङ्ग्रहालयमा कार्यरत कर्मचारीको लागि तयार पारिएको प्रश्नावली

१. यस सङ्ग्रहालयमा कुन प्रयोजनको लागि पर्यटकहरु बढी आउँछन् ?

क) अध्ययन/अनुसन्धान ख) मनोरञ्जन

ग) फोटोग्राफी तथा सुटिङ् घ) अन्य

२. कुन उमेर समूहका पर्यटकहरु सङ्ग्रहालयमा आउँछन् ?

क) ५-१० ख) १०-२०

ग) २०-३० घ) ३० भन्दा माथि

३. यहाँको दृष्टिकोणमा सङ्ग्रहालय पदर्शनीमा के कस्ता समस्या छन् ?

क) आर्थिक ख) विज्ञ कर्मचारी

ग) भौतिक घ) अन्य

४. सङ्ग्रहालय प्रदर्शनी व्यवस्थापनका लागि यहाँले कस्तो सुझाव दिनु हुन्छ ?

...........................................................................................................

...........................................................................................................

५. सङ्ग्रहालय प्रदर्शनी व्यवस्थापनका लागि के कस्ता तालिमहरु उपलब्ध गराइएका छन् ?

क) अल्पकालीन ख) दीर्घकालीन

ग) औपचारिक घ) अन्य

६. यस सङ्ग्रहालयले आर्थिक व्यवस्थापनका लागि के कस्ता श्रोतहरु जुटाएको छ ।

क) चन्दा ख) सरकारी कोष

ग) गैर सरकारी संस्था घ) आन्तरिक श्रोत

७. यस सङ्ग्रहालयमा पर्यटक आगमन अवस्था कस्तो रहेको छ ?

क) उच्च ख) मध्यम

ग) सन्तोषजनक घ) सामान्य

८. सङ्ग्रहालयमा आउने पर्यटकको संख्या वृद्धिको लागि के कस्ता उपाय अपनाइएको छ ?

क) आम सञ्चार ख) सदस्यता प्रणाली

ग) गोष्ठि घ) अन्य

८. सङ्ग्रहालय प्रदर्शनको लागि कुन तहका कर्मचारी नियुक्त गरिएका छ ?

क) योग्य ख) अयोग्य

ग) पेशागत घ) अन्य

९. वस्तु सुरक्षाको लागि के कस्ता उपाय अपनाइएको छ ?

क) परम्परागत ख) आधुनिक

ग) प्राविधिक घ) अन्य

## परिशिष्ट 'ग'

## अध्ययनका क्रममा अर्न्तवार्तामा संलग्न व्यक्तिहरुको नामावली

१. भेष नारायण दाहाल (महानिर्देशक, पुरातत्त्व विभाग)

२. मन्दाकिनी श्रेष्ठ (प्रमुख, राष्ट्रिय सङ्ग्रहालय)

३. सारदा सिवाकोटी (प्रमुख, राष्ट्रिय मुद्रा सङ्ग्रहालय)


४. निरन कुमार राजवंशी (अधिकृत, राष्ट्रिय सङ्ग्रहालय)


५. माया अर्याल (अधिकृत, राष्ट्रिय सङ्ग्रहालय)


६. भेष न्यौपाने (क्रोनोलोजिस्ट)


# परिशिष्ट 'घ'


## जुद्धाजातीय कलाशाला भवनको आन्तरिक कक्ष






SITE PLAN
Total Site Area=20748.97 sq m
Administration Cum Annex museum Building
Drawn By:
Checked By:
Scale:
Date: July 2011
Sheet No:
Consultant:



JUDTHA JATIYA KALASALA
GROUND FLOOR PLAN
Department of Archaeology
LOCATION
MUSEUM ROAD, CHHAUNI - KATHMANDU
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT
Consulting Engineers and Architects
DRAWN BY
SCALE
CHECKED BY
DATE : JULY 2011
SHEET NO
1



JUDTHA JATIYA KALASALA
FIRST FLOOR PLAN
Department of Archaeology
LOCATION
MUSEUM ROAD, CHHAUNI - KATHMANDU
DRAWING TITLE :
MEASURED DRAWING
CONSULTANT
Pure Urban and Rural Development
Consultants Nepal Pvt.Ltd
Consulting Engineers and Architects
DRAWN BY :
SCALE :
CHECKED BY:
DATE: JULY 2011
SHEET NO :
2



JUDTHA JATIYA KALASALA
SECOND FLOOR PLAN
TOP FLOOR PLAN
istry of Federal Affairs Constituents Assembly
rliamentary Affairs & Culture
epartment of Archaeology
mshah Path, Kathmandu
LOCATION :
MUSEUM ROAD, CHHAUNI - KATHMANDU
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT :
Fura Urban and Rural Development
Consultants Nepal Pvt Ltd
Consulting Engineers and Architects
DRAWN BY :
SCALE :
CHECKED BY :
DATE: JULY 2011
SHEET NO :
3


JUDTHA JATIYA KALASALA
NORTH ELEVATION
Department of Archaeology
LOCATION :
MUSEUM ROAD, CHHAUNI, KATHMANDU
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT :
DRAWN BY :
CHECKED BY :
SCALE :
DATE: JULY 2011
SHEET NO :
4



JUDTHA JATIYA KALASALA
SOUTH ELEVATION
Department of Archaeology
LOCATION:
DRAWING TITLE :
MEASURED DRAWING
CONSULTANT:
DRAWN BY :
CHECKED BY:
SCALE :
SHEET NO :
5



JUDTHA JATIYA KALASALA
EAST ELEVATION
Department of Archaeology
LOCATION :
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT :
DRAWN BY :
SCALE :
CHECKED BY :
DATE: JULY 2011
SHEET NO :
6


JUDTHA JATIYA KALASALA
WEST ELEVATION
Department of Archaeology
LOCATION :
CONSULTANT :
DRAWN BY :
CHECKED BY :
SCALE :
SHEET NO :
7




JUDTHA JATIYA KALASALA
SECTION AT-Y-Y
Department of Archaeology
LOCATION :
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT :
DRAWN BY :
SCALE :
CHECKED BY :
DATE: JULY 2011
SHEET NO.:
8


JUDTHA JATIYA KALASALA
WINDOWS DETAILS OF GROUND FLOOR
1500
3060
2457
2953
1026
1407
1026
1407
Department of Archaeology
LOCATION
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT
DRAWN BY
SCALE
CHECKED BY
DATE: JULY 2011
SHEET NO
9


JUDTHA JATIYA KALASALA
2408
1516
2524
2020
681
2741
WINDOWS DETAILS OF UPPER FLOORS
Ministry of Federal Affairs Constituents Assembly
Parliamentary Affairs & Culture
Department of Archaeology
Ramshah Path, Kathmandu
LOCATION :
MUSEUM ROAD, CHHAUNI - KATHMANDU
DRAWING TITLE : MEASURED DRAWING
CONSULTANT :
Pure Urban and Rural Development
Consultants Nepal Pvt.Ltd.
Consulting Engineers and Architects
DRAWN BY :
SCALE :
CHECKED BY:
DATE: JULY,2011
SHEET NO :
10

# परिशिष्ट 'ङ'
# राष्ट्रिय सङ्ग्रहालयको सङ्गठन तालिका



## परिशिष्ट 'ङ'
## सङ्ग्रहालयमा भएका वस्तुहरुका फोटोहरु


(चित्र नं. १ जुद्धजातीय कलाशाला भवन)


(चित्र नं. २ ग्यालरी 'ए')


( चित्र नं.४ जयवर्माको मूर्ति)


( चित्र नं. ५ ग्यालरी 'ए' मा प्रर्दशन गरिएका शिव पार्वतीका मूर्तिहरु)



( चित्र नं. ६ ग्यालरी 'ए' मा प्रदर्शित सिम्रौनगढबाट ल्याइएका मूर्तिहरु)



( चित्र नं. ७ ग्यालरी 'ए' मा प्रदर्शित मूर्तिहरू)



(चित्र नं. ८ ग्यालरी 'ए' मा प्रदर्शित मूर्ति)



(चित्र नं. ९ ग्यालरी 'बि' मा प्रदर्शित मृण्मय तथा प्रस्तरका मूर्तिहरु)



(चित्र नं. १० ग्यालरी 'बि' को सिलिङ्को अवस्था)



(चित्र नं. ११ ग्यालरी 'बि' मा प्रदर्शित मृण्मयका मातृकाका मूर्तिहरु)


(चित्र नं. १२ सुरक्षा व्यवस्थाको लागि राखिएको सि. सि. टि. भी. क्यामेरा)


(चित्र नं. १३ ग्यालरी 'बि' को सिलिङ्को अवस्था)




(चित्र नं. १४ धातुकला ग्यालरीमा राख्नु पर्ने ग्यालरी लेवल नराखिएको)




(चित्र नं. १५ धातुकला ग्यालरीमा प्रदर्शित सम्बरका मूर्तिहरु)


(चित्र नं. १६ ग्यालरी 'सि' को सिलिङ्को अवस्था)



(चित्र नं. १७ ग्यालरी 'ई' मा प्रदर्शित टुँडाल जसमा लेवल को अभाव)



(चित्र नं. १८ ग्यालरी 'ई' मा प्रदर्शित मूर्तिहरु र सिलिङ्को अवस्था)



(चित्र नं. १९ ग्यालरी 'एफ' मा रहेको सिलिङ्को अवस्था)


(चित्र नं. २० ग्यालरी 'एफ' मा रहेको सिलिङ्को अवस्था)


(चित्र नं. २१ ग्यालरी 'एफ' मा प्रदर्शित पेन्टिङ्हरु)



(चित्र नं. २२ आराम स्थल)



(चित्र नं. २३ आराम स्थल)



(चित्र नं. २४ ग्यालरी 'जि' को दोस्रो तलाको भूइँको अवस्था)



(चित्र नं. २५ ग्यालरी 'जि' को सिलिङ्को अवस्था)


(चित्र नं. २६ ग्यालरी 'जि' को सिलिङ्को अवस्था)


(चित्र नं. २७ जुद्धजातीय कलाशाला भवनको माथिको भाग)



(चित्र नं. २८ जुद्धजातीय कलाशाला भवनको माथिबाट देखिएको दृष्य)



(चित्र नं. २९ जुद्धजातीय कलाशाला भवनको माथिबाट देखिएको दृष्य)



(चित्र नं. ३० जुद्धजातीय कलाशाला भवनको माथिल्लो स्थानबाट देखिने स्वयम्भुको दृश्य)



(चित्र नं. ३१ जुद्धजातीय कलाशाला भवनको माथिल्लो स्थानबाट देखिने काठमाडौंको बस्तिक दृश्य)




(चित्र नं. ३२ राष्ट्रिय सङ्ग्रहालय प्रवेशद्वारको दायाँ भागमा राखिएको नामाङ्कृत)



(चित्र नं. ३३ जुद्धजातीय कलाशाला भवनको पछाडिको बगैंचा र सुरक्षा पर्खाल)